# पहिरो सम्बन्धी प्रकाशित समाचारहरूको संकलन संग्रह प्रतिवेदन

## आ.व. २०८१/०८२





नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन तथा भू-संरक्षण विभाग**

**जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा**

बबरमहल, काठमाडौं

# पहिरो सम्बन्धी प्रकाशित समाचारहरूको संकलन संग्रह प्रतिवेदन

## आ.व. २०८१/०८२




नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वन तथा भू-संरक्षण विभाग**
**जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा**
बबरमहल, काठमाडौं

**प्रकाशकः**

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन तथा भू-संरक्षण विभाग

**जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा**

बबरमहल, काठमाडौं

**प्रकाशन मितिः** आषाढ २०८२

# मन्तव्य

नेपालको भौगोलिक बनौट, विशेष गरी पहाडी तथा हिमाली क्षेत्रहरूको भौगोलिक अस्थिरता र जलवायु परिवर्तनका प्रभावहरूले गर्दा पहिरो एक प्रमुख प्राकृतिक प्रकोपका रूपमा देखिएको छ । प्रत्येक वर्ष देशका विभिन्न भागहरूमा साना-ठूला पहिरोका घटनाहरु घटिरहन्छन्, जसले जनधनमा अपूरणीय क्षति पुऱ्याउनुका साथै विकासका पूर्वाधारहरूमा समेत गम्भीर असर पुऱ्याउँदछ ।

यस सन्दर्भमा, पहिरोबाट हुने प्रभावको वास्तविक चित्र प्रस्तुत गर्न र नीति निर्माण, जोखिम न्यूनीकरण तथा पूर्वतयारीमा सहयोग पुगोस् भन्ने उद्देश्यले राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित पहिरो सम्बन्धी सूचना र समाचारहरूको संकलन र संगालो प्रकाशनको यो प्रयास गरिएको हो । सञ्चार माध्यमहरूले प्रत्यक्ष रूपमा घटनास्थलको विवरण, क्षतिको अवस्था, समुदायको प्रतिक्रिया तथा सरकारी तथा गैरसरकारी निकायहरूको पहललाई उजागर गर्ने कार्य गर्दै आएका छन् । यिनै सूचनाहरूलाई एकीकृत, व्यवस्थित र दस्तावेजीकरण गर्ने कार्य आवश्यक भएकोले यो प्रतिवेदन तयार पारिएको हो ।

यो संगालोले वि.सं. २०८१/०८२ को अवधिभर राष्ट्रियस्तरमा प्रकाशित पहिरोसम्बन्धी समाचारहरूलाई समेट्ने प्रयास गरेको छ । संकलित सूचनाहरूले पहिरोको भौगोलिक फैलावट, क्षतिको स्वरूप, र सरकारी तथा गैरसरकारी प्रतिक्रियाको झलक दिनेछन् ।

यस कार्यमा सुझाव एवं सल्लाह प्रदान गर्नुहुने उपमहानिर्देशक धनन्जय लामिछाने तथा पहिरो व्यवस्थापन शाखा प्रमुख (उपसचिव प्रा.) राजु सापकोटा प्रति आभार प्रकट गर्दछु । समाचार संकलन, वर्गीकरण, तथ्याङ्क विश्लेषण, सम्पादन र प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने भू-संरक्षण अधिकृतहरू इन्दिरा मुलेपति, पासाङ तामाङ्ग, ईन्जिनियर जयन श्रेष्ठ लगायत प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, भविष्यमा अझ परिस्कृत र विस्तृत सामग्री प्रस्तुत गर्न विज्ञ पाठक वर्ग तथा सरोकारवालाबाट प्राप्त सुझावहरूलाई मार्गदर्शनका रूपमा ग्रहण गरिनेछ ।

यस प्रकारका दस्तावेजहरु विपद् जोखिम न्यूनीकरणका कार्यमा जानकारीमूलक स्रोतका रूपमा उपयोगी हुनेछ भन्ने अपेक्षासहित यो संगालो सार्वजनिक गरिएको छ ।

**बद्रिराज ढुङ्गाना**
महानिर्देशक

# विषय-सूचि


१. पृष्ठभूमि १

२. उद्देश्य १

३. अध्ययन विधि १

४. नतिजा एवम् छलफल २

४.१ पहिरोको भौगोलिक फैलावट २

४.१.१ कोशी प्रदेश ३

४.१.२ मधेश प्रदेश ४

४.१.३ बागमती प्रदेश ४

४.१.४ गण्डकी प्रदेश ४

४.१.५ लुम्बिनी प्रदेश ५

४.१.६ कर्णाली प्रदेश ५

४.१.७ सुदुरपश्चिम प्रदेश ६

४.२ वर्षाको अवस्था र पहिरो ६

४.२.१ वर्षाको मासिक विवरण ६

४.२.२ पहिरोको मासिक विवरण ७

४.३ पहिरोबाट भएको जनधनको क्षति ८

४.३.१ निजी घरहरू ८

४.३.२ पहिरो बाट भएको अनुमानित क्षति ९

४.४ पहिरो बाट भएको मानवीय क्षति १०

४.४.१ मृत्यु १०

४.४.२ अन्य मानवीय क्षति १०

४.५ विपदहरू बिचको तुलनात्मक मानवीय क्षति विश्लेषण ११

४.५.१ मृत्यु ११

४.५.२ अन्य मानवीय क्षति १२

५. निष्कर्ष तथा सुझाव १२

६. सन्दर्भ सामाग्रीहरू १३

प्रकाशित समाचारहरूको संग्रह १४

१. गोरखापत्र दैनिकबाट १४

२. कान्तिपुर दैनिकबाट ६१

## १. पृष्ठभूमि

नेपालमा प्रत्येक वर्ष मनसुनको समयमा व्यापक पहिरोजन्य घटनाहरु देखिन्छन्, जसले मानव जीवन, भौतिक पूर्वाधार, र वातावरणमा गम्भीर असर पार्छ । पहाडी भू-भागका कारण नेपाल प्राकृतिक रूपमा नै पहिरो जोखिमयुक्त क्षेत्र मानिन्छ, जहाँ अत्यधिक वर्षा, कमजोर माटो, भौगोलिक अस्थिरता, तथा बढ्दो मानवजनित क्रियाकलापहरूले समस्या झनै जटिल बनाएका छन् । विशेष गरी अव्यवस्थित सडक निर्माण, अव्यवस्थित बस्ती विस्तार, जथाभावी फोहर व्यवस्थापन र वन विनाशजस्ता गतिविधिहरूले पहिरोको जोखिम बढाउँदै लगेको देखिन्छ ।

विगतका वर्षहरूमा देशभरि कैयौं ठूला पहिरोहरु गएका छन्, जसले हजारौं जनधनको क्षति पुऱ्याएको छ । पहिरोका कारण मुख्य राजमार्ग अवरूद्ध हुनु, विद्युत् संरचनामा क्षति पुग्नु, तथा स्थानीय बस्तीहरु विस्थापित हुनु बारम्बार दोहोरिने समस्याहरु हुन् । हिमाली तथा पहाडी भेगमा अत्यधिक भूस्खलन हुने भए पनि पछिल्ला वर्षहरूमा चुरे क्षेत्र तथा तराई क्षेत्रमा समेत पहिरोको प्रभाव देखिन थालेको छ, जसले गर्दा यस विषयलाई थप गम्भीर रूपमा अध्ययन र व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

नेपालमा वर्षेनि बाढी-पहिरो सम्बन्धी समाचारहरु विभिन्न संचार माध्यमहरूमा प्रकाशन हुने गरेका छन् । यस्ता घटनाहरूको सही व्यवस्थापन तथा दीर्घकालीन समाधानको खोजी गर्नका लागि तथ्यपरक सूचना संकलन तथा विश्लेषण आवश्यक देखिएको छ ।

वन तथा भू-संरक्षण विभागको आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत "राष्ट्रिय पत्र पत्रिकामा प्रकाशित पहिरो सम्बन्धी सूचना तथा समाचारहरूको संकलन तथा संगालो प्रकाशन" कार्यक्रम कार्यन्वयनको सिलसिलामा यस अध्ययन प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनका लागि नेपाल सरकारको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको वेब पेज, गोरखापत्र तथा कान्तिपुर दैनिकका अनलाइन संस्करणहरु लगायत विभिन्न संचार माध्यमबाट प्राप्त तथ्याङ्कहरूको संकलन, विश्लेषण तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २. उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य पहिरो सम्बन्धी तथ्याङ्क तथा समाचारहरूको संकलन गरी विश्लेषणात्मक प्रतिवेदन तयार गर्नु हो ।

- आ.व. २०८१/०८२ मा गएका पहिरोहरूको भौगोलिक अवस्थिति अध्ययन गर्ने ।
- मासिक रूपमा पर्ने वर्षा र यसको प्रभावमा आधारित पहिरो घटनाहरूको समीक्षा गर्ने ।
- पहिरोका कारण हुने मानविय तथा भौतिक क्षतिको विवरण संकलन गरी अन्य प्राकृतिक विपद्हरूसँग तुलनात्मक अध्ययन गर्ने ।

## ३. अध्ययन विधि

### ३.१ समाचार सूचना तथा तथ्याङ्क स्रोत

यस अध्ययनका लागि प्रमुख सूचना तथा तथ्याङ्क स्रोतहरु निम्नानुसार छन्ः

- नेपालमा प्रकाशित राष्ट्रिय दैनिक पत्रपत्रिकाहरु (विशेष गरी गोरखापत्र र कान्तिपुर दैनिक) मा प्रकाशित पहिरोसम्बन्धी समाचारहरु ।
- नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको डिजास्टर पोर्टलको वेब पेज तथा वार्षिक प्रतिवेदनहरु ।
- जल तथा मौसम विज्ञान विभागबाट प्रकाशित सामाग्रीहरु ।

### ३.२ तथ्याङ्क विश्लेषण

संकलित सूचना तथा तथ्याङ्कहरूको विश्लेषण गर्न निम्नानुसारका विधिहरु अपनाइएका छन्:

- पहिरो घटनाहरूको तथ्याङ्क समूहकरण तथा वर्गीकरण ।
- तथ्याङ्कहरूको तालिकीकरण (Tabulation) ।
- ग्राफिकल प्रस्तुतीकरणका लागि पाई चार्ट (Pie Chart), बार डायग्राम (Bar Diagram), र हिस्टोग्राम (Histogram) को प्रयोग ।
- विभिन्न प्राकृतिक विपद्हरु (जस्तैः बाढी, आगलागी, भूकम्प) सँग तुलनात्मक विश्लेषण ।

यस प्रतिवेदनमा संकलित तथ्याङ्क तथा विश्लेषणबाट प्राप्त निष्कर्षहरु भविष्यमा पहिरो न्यूनीकरण तथा प्रभावकारी व्यवस्थापनका लागि नीति निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ४. नतिजा एवम् छलफल




### ४.१ पहिरोको भौगोलिक फैलावट



कुल ६१५ पहिरो घटनामध्ये सबैभन्दा बढी बागमती प्रदेश (२२५ पहिरो, ३६.५९%) र कोशी प्रदेश (२०७ पहिरो, ३३.६६%) मा देखिएको छ । यी दुई प्रदेशमा मात्र ७०% भन्दा बढी पहिरो घटना घटेका छन्, जसले यी क्षेत्रहरु विशेष रूपमा पहिरोको उच्च जोखिममा रहेको संकेत गर्छ । सुदूरपश्चिम प्रदेश (५७ पहिरो, ९.२७%) र कर्णाली प्रदेश (५४ पहिरो, ८.७८%) मा पनि उल्लेखनीय संख्यामा पहिरोहरु देखिएका छन् । यी पहाडी तथा दुर्गम क्षेत्रहरूमा वार्षिक मनसुनजन्य वर्षाका कारण पहिरोको जोखिम रहँदै आएको छ । लुम्बिनी प्रदेश (३५ पहिरो, ५.६९%) र गण्डकी प्रदेश (३६ पहिरो, ५.८५%) मा तुलनात्मक रूपमा कम पहिरो देखिएको छ । मधेश प्रदेशमा मात्र १ पहिरो (०.१६%) दर्ता भएको छ ।

| Province | Count of Landslides |
|---|---|
| Bagmati Province | 225 |
| Gandaki Province | 36 |
| Karnali Province | 54 |
| Koshi Province | 207 |
| Lumbini Province | 35 |
| Madhesh Province | 1 |
| Sudurpaschim Province | 57 |
| Grand Total | 615 |

#### ४.१.१ कोशी प्रदेश




कोशी प्रदेश मा २०८१/०८२ मा कुल २०७ पहिरो घटनाहरु अभिलेखीकरण भएका मध्ये सबैभन्दा बढी पहिरो ओखलढुंगा (३३) जिल्लामा, त्यसपछि धनकुटा (२८), खोटाङ (२७), ताप्लेजुङ (२०) र सोलुखुम्बु (२०) जिल्लामा बढी पहिरो देखिएको छ । अन्य जिल्लाहरु जस्तैः तेह्रथुम (१९), पाँचथर (१७), भोजपुर (१४), र इलाम (१२) मा पनि उल्लेखनीय रूपमा पहिरो गएका छन् । मोरङ (२), संखुवासभा (७) र उदयपुर (८) जिल्लामा भने पहिरोको घटना कम रेकर्ड भएका छन् ।

**४.१.२ मधेश प्रदेश**

मधेश प्रदेश मा २०८१/०८२ मा मात्र १ पहिरो सर्लाही जिल्लामा दर्ता भएको छ ।

**४.१.३ बागमती प्रदेश**




बागमती प्रदेश मा २०८१/०८२ मा कुल २२५ पहिरो घटना दर्ता भएका छन्, जसमा काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी ६० पहिरो गएका छन्, त्यसपछि ललितपुर (३२), काठमाडौं (३२), र सिन्धुपाल्चोक (१९) जिल्लामा बढी पहिरोको घटनाहरु दर्ता भएका छन् । अन्य जिल्लाहरूमा रसुवा (१७), धादिङ (१५), नुवाकोट (११), रामेछाप (९), मकवानपुर (८), र दोलखा (८) मा पनि पहिरो गएका छन् । भक्तपुर (७) र सिन्धुली (५) जिल्लामा पनि पहिरो देखिएका छन् । चितवन (२) मा भने पहिरो घटनाहरु न्यून रहेको छ ।

**४.१.४ गण्डकी प्रदेश**




गण्डकी प्रदेश मा २०८१/०८२ मा कुल ३६ पहिरो घटनाहरु दर्ता भएका छन्, जसमा म्याग्दी (११) जिल्लामा सबैभन्दा धेरै पहिरो गएका छन्, त्यसपछि बागलुङ (६) र तनहुँ (५) जिल्लामा पहिरो देखिएका छन् । नवलपरासी-पूर्व (३), स्याङ्जा (४) जिल्लामा पनि केही पहिरो गएका छन् । गोर्खा, कास्की, लमजुङ, प्रत्येकमा २ र पर्वत जिल्लामा भने १ पहिरो मात्र दर्ता भएका छन् ।

### ४.१.५ लुम्बिनी प्रदेश




Data Source: http://www.drrportal.gov.np/

लुम्बिनी प्रदेश मा २०८१/०८२ मा कुल ३५ पहिरो घटनाहरु दर्ता भएका छन्, जसमा रोल्पा जिल्लामा सबैभन्दा बढी १६ पहिरो गएका छन्, त्यसपछि गुल्मी (५), प्यूठान (४) र पाल्पा (४) जिल्लामा पनि बढी पहिरो देखिएका छन् । रूकुम पूर्व (३), अर्घाखाँची (१) र दाङ (२) मा पनि केही पहिरो रेकर्ड भएका छन् ।

### ४.१.६ कर्णाली प्रदेश




कर्णाली प्रदेश मा २०८१/०८२ मा कुल ५४ पहिरो घटनाहरु दर्ता भएका छन्, जसमा रूकुम पश्चिम जिल्लामा सबैभन्दा बढी १२ पहिरो गएका छन्, त्यसपछि हुम्ला (९), दैलेख (८), जाजरकोट (८), र कालिकोट (७) जिल्लामा पनि बढी पहिरो देखिएका छन् । अन्य जिल्लाहरु जस्तै सल्यान (५) र सुर्खेत (२) मा पनि पहिरो गएका छन् । मुगुमा २ र डोल्पामा भने मात्र १ पहिरो दर्ता भएका छन् ।

#### ४.१.७ सुदुरपश्चिम प्रदेश




सुदूरपश्चिम प्रदेश मा २०८१/०८२ मा कुल ५७ पहिरो घटनाहरु दर्ता भएका छन्, जसमा डोटी जिल्लामा सबैभन्दा बढी १३ पहिरो गएका छन्, त्यसपछि बाजुरा (११), बझाङ (१०), दर्चुला (१०) र बैतडी (९) जिल्लामा पनि बढी पहिरो देखिएका छन् । डडेल्धुरामा भने ३ र अछाम जिल्लामा मात्र १ पहिरो दर्ता भएको छ ।

## ४.२ वर्षाको अवस्था र पहिरो

#### ४.२.१ वर्षाको मासिक विवरण




वर्षा तथ्यांकले जुलाई, अगस्ट, र सेप्टेम्बर महिनामा सामान्य भन्दा बढी वर्षा देखाएको छ, क्रमशः ५८५ मि.मि., ४१२.६ मि.मि., र ४१३.१ मि.मि. । यिनै महिनाहरुमा पहिरोका घटनाहरु अत्यधिक रूपमा (जुलाईमा ९७, अगस्टमा १५८, सेप्टेम्बरमा २७६) देखिएका छन् । यो तथ्यले मनसुन अवधिको उच्च वर्षा र पहिरो घटनाबीचको प्रत्यक्ष सम्बन्धलाई पुष्टि गर्दछ । अन्य महिनाहरुमा वर्षा र पहिरोको संख्या दुबै तुलनात्मक रुपमा कम देखिन्छ ।



Data Source: https://www.dhm.gov.np/

**४.२.२ पहिरोको मासिक विवरण**




प्राप्त विवरण अनुसार महिनावारी रूपमा विश्लेषण गर्दा सबैभन्दा धेरै पहिरो सेप्टेम्बर महिनामा २७६ वटा र त्यसपछि अगस्ट महिनामा १५८ वटा र जुलाई महिनामा ९७ वटा रिपोर्ट भएका छन् । जुन महिनामा भने कुनै पहिरोको घटना दर्ता नभएको देखिन्छ । अन्य महिनाहरूमा पहिरोको संख्या तुलनात्मक रूपमा कम रहेका छन् । जनवरी र फेब्रुअरी महिनामा समान रूपमा ६/६, मार्चमा ८, अप्रिलमा १६, मे महिनामा २३, अक्टोबरमा १८, डिसेम्बरमा ६, र नोभेम्बर महिनामा १ वटा घटना मात्र दर्ता भएको छ । प्रस्तुत तथ्यांकले वर्षको मध्यदेखि सुरू हुने मनसुन अवधिमा पहिरोहरूको संख्या अत्यधिक रूपमा बढेको स्पष्ट देखिन्छ ।



Data Source: http://www.drrportal.gov.np/

## ४.३ पहिरोबाट भएको जनधनको क्षति

### ४.३.१ निजी घरहरू




२०८१/०८२ मा निजी घरमा भएको आंशिक र पूर्ण क्षतिको मासिक विश्लेषणले मनसुनका महिनाहरूमा पहिरोका कारण क्षतिको मात्रा अत्यधिक रहेको देखाउँछ । विशेष गरी सेप्टेम्बर महिनामा सबैभन्दा ठूलो असर देखिएको छ, जहाँ ३६०७ निजी घर आंशिक रूपमा र १८९० घर पूर्ण रूपमा क्षति भएका छन् । अगस्ट महिनामा पनि २३ घर आंशिक र २१ घर पूर्ण रूपमा क्षति भएका छन्, भने जुलाई महिनामा ११ घर आंशिक र १८ घर पूर्ण रूपमा क्षति भएका छन् । त्यस्तै मार्चमा २ घर आंशिक रूपमा क्षति भएको छ, अक्टोबर महिनामा भने २ घर आंशिक रूपमा र २ घर पूर्ण रूपमा क्षति भएका छन् । यी तथ्यांकहरूले मनसुनको समयमा पहिरो जोखिम अत्यधिक रहने देखाउँछ, विशेष गरी सेप्टेम्बर महिनामा क्षतिको परिमाण उच्च रहेको छ । यसले पहिरो रोकथाम, जोखिम न्यूनीकरण र आपतकालीन व्यवस्थापनका उपायहरूलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिन्छ ।




Data Source: http://www.drrportal.gov.np/

### ४.३.२ पहिरोबाट भएको अनुमानित क्षति







Data Source: http://www.drrportal.gov.np/

२०८१/०८२ मा पहिरोका कारण भएको अनुमानित आर्थिक क्षतिको मासिक विश्लेषण गर्दा, सेप्टेम्बर महिनामा सबैभन्दा ठूलो क्षति भएको देखिन्छ, जहाँ ४ करोड ७६ लाख ९७ हजार रूपैयाँ बराबरको आर्थिक नोक्सानी भएको छ । यसपछि अगस्ट महिनामा २ करोड ८९ लाख ९७ हजार रूपैयाँ र जुलाई महिनामा १ करोड २६ लाख १० हजार रूपैयाँ बराबरको क्षति भएको छ । अन्य महिनाहरूमा क्षति न्यून देखिएको छ, जस्तै जनवरीमा ५ लाख ५० हजार, मार्चमा २ लाख, मे मा २ लाख ३० हजार, अक्टोबरमा २१ लाख, र डिसेम्बरमा ५ लाख रूपैयाँको क्षति भएको छ । फेब्रुअरी, अप्रिल, जून, र नोभेम्बर महिनामा कुनै आर्थिक क्षति देखिएको छैन ।

## ४.४ पहिरो बाट भएको मानवीय क्षति

### ४.४.१ मृत्यु




२०८१/०८२ मा पहिरोका कारण भएका मानव मृत्युको विश्लेषण गर्दा, सेप्टेम्बर महिनामा सबैभन्दा धेरै २१२ जनाको ज्यान गएको देखिन्छ, जसमा १२५ पुरूष र ८७ महिला छन् । त्यसपछि अगस्ट महिनामा ३८ जना (१९ पुरूष, १९ महिला), जुलाई महिनामा ११ जना (५ पुरूष, ६ महिला), फेब्रुअरीमा २ जना (२ पुरूष), अक्टोबरमा २ जना (१ पुरूष, १ महिला), र डिसेम्बरमा १० जना (६ पुरूष, ४ महिला) को मृत्यु भएको छ । जनवरी, मार्च, र नोभेम्बर महिनामा भने कुनै मृत्यु दर्ता भएको छैन ।

यो तथ्यांकले स्पष्ट रूपमा देखाउँछ कि मनसुनको समयमा पहिरो अत्यधिक घातक बन्ने गरेको छ, विशेष गरी सेप्टेम्बर महिनामा सबैभन्दा धेरै जनधनको क्षति भएको छ । यसले पहिरो जोखिम न्यूनीकरण, आपतकालीन उद्धार, र पूर्वतयारी रणनीतिलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिन्छ ।

### ४.४.२ अन्य मानवीय क्षति





Data Source: http://www.drrportal.gov.np/

२०८१/०८२ मा पहिरोका कारण हराएका व्यक्ति, घाइते तथा प्रभावित परिवारहरूको विश्लेषण गर्दा, सेप्टेम्बर महिनामा सबैभन्दा ठूलो असर परेको रिपोर्टले देखाउँछ । यस महिनामा १० जना हराएको, १५८ जना घाइते भएको, र ५३९७ परिवार प्रभावित भएको तथ्यांक रहेको छ । त्यस्तै, अगस्ट महिनामा ३ जना हराएको, ४५ जना घाइते भएको र २७३ परिवार प्रभावित भएको रिपोर्ट छ । जुलाईमा १३ जना घाइते भएको र १७८ परिवार प्रभावित भएको तथ्यांकले देखाउँछ ।

## ४.५ विपदहरू बिचको तुलनात्मक मानवीय क्षति विश्लेषण

### ४.५.१ मृत्यु



Data Source: http://www.drrportal.gov.np/

उपलब्ध तथ्यांक अनुसार, विभिन्न प्राकृतिक विपत्तिहरूले मृत्युदरमा महत्वपूर्ण प्रभाव पारेको देखिन्छ । पहिरो सबैभन्दा घातक प्रकोप रहेको तथ्यांकले देखाउँछ, जसमा १५८ जना पुरूष र ११७ जना महिला गरी कुल २७५ जनाको ज्यान गएको छ । बाढीको प्रभावले ४० जना पुरूष र २६ जना महिला गरी कुल ६६ जनाको मृत्यु भएको रिपोर्ट छ । आगलागीका कारण कुल ३२ जनाको मृत्यु भएको तथ्यांकले देखाउँछ ।

#### ४.५.२ अन्य मानवीय क्षति




उपलब्ध तथ्यांक अनुसार, पहिरो सबैभन्दा धेरै प्रभावित गर्ने प्राकृतिक विपत्ति रहेको देखिन्छ । तथ्यांकले देखाए अनुसार, पहिरोका कारण १३ जना हराएको, २२७ जना घाइते भएको, र ५९११ परिवार प्रभावित भएको रिपोर्ट छ । बाढीका कारण १६ जना हराएको, ३३ जना घाइते भएको, र १४९५ परिवार प्रभावित भएको तथ्यांकमा उल्लेख छ । आगलागीका घटनामा भने ४८९ जना घाइते भएको र ४०२४ परिवार प्रभावित भएको रिपोर्ट छ ।

# ५. निष्कर्ष तथा सुझाव

## निष्कर्ष

१. प्राकृतिक विपत्तिहरु विशेष गरी पहिरो, बाढी, आगलागी, र भारी वर्षाले नेपालमा ठूलो प्रभाव पारेका छन् ।

२. पहिरो सबैभन्दा घातक विपत्ति देखिएको छ, जसले जनधनमा उच्च क्षति पुऱ्याएको छ ।

३. प्रदेशगत रुपमा हेर्दा, पहाडी र हिमाली क्षेत्रहरुमा विपत्तिको घटना बढी देखिएको छ ।

४. महिनागत रुपमा वर्षायाम (साउन, भदौ, असोज) मा विपत्तिको जोखिम उच्च हुने देखिन्छ ।

५. विपत्तिले स्थानीय समुदायको जनजीवन, संरचना, र आर्थिक स्रोतमा दीर्घकालीन नकारात्मक असर पुऱ्याएको छ ।

६. विपद् व्यवस्थापन प्रणालीलाई अझ प्रभावकारी बनाउन रणनीतिक योजना आवश्यक देखिन्छ ।

## सुझाव

१. विपत्ति पूर्वानुमान गर्न आधुनिक प्रविधि र पूर्वसूचना प्रणालीलाई सुधार गर्नुपर्छ ।

२. जोखिम न्यूनीकरणका लागि भू-संरक्षण र जलाधार व्यवस्थापन प्रविधि तथा पूर्वाधार सुधार आवश्यक छ ।

३. आपतकालीन उद्धार तथा राहत प्रणालीलाई छरितो र प्रभावकारी बनाउन थप समन्वय आवश्यक छ ।

४. स्थानीय बासिन्दाहरुलाई विपत्ति व्यवस्थापन सम्बन्धी तालिम र सचेतना कार्यक्रमहरु प्रदान गर्नुपर्छ ।

५. स्थानीय सरकार, समुदाय, र सरोकारवाला निकायहरु बीच समन्वय गरी कार्यान्वयन प्रभावकारी बनाउनुपर्छ ।

# ६. सन्दर्भ सामाग्रीहरू

https://ekantipur.com/

https://gorkhapatraonline.com/

http://www.drrportal.gov.np/

https://www.dhm.gov.np/climate-services/climate%20reports/monthly-reports

# प्रकाशित समाचारहरूको संग्रह

## १. गोरखापत्र दैनिकबाट

### पहिरोले बुद्धसिंह मार्ग दुई दिनदेखि अवरुद्ध

गोरखापत्र अनलाइन

२४ असार २०८१, सोमबार

दमौली (तनहुँ), असार २४ गते । पृथ्वीराजमार्गको वैकल्पिक सडकको रूपमा विकास गर्न लागिएको बुद्धसिंह मार्ग पहिरोका कारण दुई दिनदेखि अवरूद्ध भएको छ । तनहुँको सदरमुकाम दमौलीबाट चितवनको घुमाउने निस्कन मिल्ने बुद्धसिंह मार्ग दुई दिनदेखि पहिरोले अवरूद्ध हुँदा सर्वसाधारणलाई आवतजावतमा समस्या भएको हो ।

बुद्धसिंह मार्ग अन्तर्गत व्यास, बन्दीपुरका विभिन्न खण्डमा ठूलाठूला ढुङ्गा खसेर अवरूद्ध भएको स्थानीयवासी सिद्धान्त थापा मगरले बताउनुभयो । उहाँले भन्नुभयो, "शुक्रबारदेखि परेको वर्षाका कारण झरेको पहिरोले यो मार्ग पूर्णरूपमा अवरूद्ध छ । मोटरसाइकल समेत चलाउन मिल्ने अवस्था छैन । सर्वसाधारणले सास्ती भोग्नुपरेको छ ।" केही ठाउँमा ठूला ढुङ्गा खसेका छन् भने कतिपय ठाउँमा विद्युतको पोल ढलेर बाटो अवरूद्ध भएको उहाँको भनाइ छ ।



जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई उक्त मार्ग खुलाउन अनुरोध गरिएको मगरले बताउनुभयो । उहाँले भन्नुभयो, "यो बाटो बन्द हुँदा हिँडडुल गर्न समस्या भयो, कोही बिरामी हुँदा एम्बुलेन्स समेत जान सक्ने अवस्था छैन ।" सम्बन्धित निकायबाट पहिरो हटाएर बाटो खुलाउने आश्वासन पाएको उहाँको भनाइ छ ।

गण्डकी प्रदेशको गौरवको आयोजनाको रूपमा रहेको बुद्धसिंह मार्गले तनहुँको सदरमुकाम दमौली र चितवनको घुमाउने जोड्छ । उक्त सडक हुँदै बन्दीपुर, देवघाट र आँबुखैरेनी गाउँपालिका केही वडाका हजारौँ नागरिक दैनिक आवतजावत गर्ने गर्छन् ।

गण्डकी प्रदेशलाई चितवन र तराईका अन्य जिल्लासँग जोड्ने सबैभन्दा छोटो दूरीको वैकल्पिक सडकको रूपमा उक्त सडकलाई लिने गरिएको छ । प्रदेश सरकारले उक्त सडकको दमौलीबाट व्यास नगरपालिका-१३ को सोढेसम्म दश किलोमिटर कालो पत्रको तयारी गरेको छ ।

उक्त मार्ग अन्तर्गत मुग्लिन-नारायणगढ सडकसँग जोड्ने चितवनको घुमाउनेमा पक्कीपुल निर्माणाधीन अवस्थामा छ । सो पुलको सम्पन्न पश्चात् बाटो छोटिने पूर्वाधार विकास कार्यालयले जनाएको छ । पुल निर्माणपछि सो सडक हुँदै यात्रा गर्दा हाल सञ्चालनमा रहेको पृथ्वीराजमार्गको मुग्लिन हुँदै नारायणगढ जानुभन्दा करिब २५ किलोमिटर छोटो पर्दछ ।

#### ग्रामीण सडक अवरूद्ध

केही दिनदेखि परेको अविरल वर्षाका कारण पहिराले अवरूद्ध तनहुँका ग्रामीण सडक अवरूद्ध भएका छन् । पहिरोका कारण शुक्लागण्डकी नगरपालिका-११ कालीकोट सडकखण्ड अवरूद्ध भएको छ । यस्तै सोही वडाको राइपुर साँखे सडक पहिराका कारण अवरूद्ध भएको छ ।

घिरिङ गाउँपालिकास्थित विभिन्न ठाउँमा पहिराले सडक अवरूद्ध बनाएको छ । उक्त ठाउँको गाउँपालिकाका जनप्रतिनिधिले स्थलगत अवलोकन गरेका छन् । भीमाद नगरपालिका-२ हुँदै जाने विभिन्न सडक पहिराका कारण अवरूद्ध भएको वडाध्यक्ष

दिनेशकुमार थापाले जानकारी दिनुभयो । उहाँका अनुसार यो वडा हुँदै जाने भीमकाली सडक, मिर्दी सडक, किहुँ सडक, उत्तर दक्षिण सडक, बिरूवा सडक, खुदेपानी, धरमपानी हुँदै बडहरभञ्ज्याङ सडक तथा भित्री सडक वर्षाका कारण अवरूद्ध भएका छन् । रासस

## दुई दिनमा पन्ध्र जनाको मृत्यु

चाँदनी हमाल
२४ असार २०८१, सोमबार

काठमाडौँ, असार २४ गते । अविरल वर्षाका कारण देशको पूर्वदेखि सुदूरपश्चिम भेगसम्म बाढीपहिरो र डुबानले जनजीवन अत्यधिक प्रभावित बनेको छ । लगातारको वर्षाले मध्यपहाडी भेगमा पहिरोले ठुलो जनधनको क्षति गरेको छ । त्यस्तै वर्षापछिको बाढीले पनि मानिसको ज्यान लिएको छ ।

बाढीपहिरोमा परी आइतबार थप छ जनाको मृत्यु पुष्टि भएको छ । यो सँगै शनिबार र आइतबार गरेर १५ जनाको मृत्यु भएको नेपाल प्रहरीका प्रवक्ता ज्ञानबहादुर कार्कीले जानकारी दिनुभयो । बाढीपहिरोमा परेर थप दुई जना अझै बेपत्ता छन् । अन्य १८ जना घाइते भएका छन् । दुई दिनमा पहिराले मात्र नौ जनाको ज्यान लिएको छ । अन्य छ जना बाढीले बगाएर ज्यान गएको कार्कीले बताउनुभयो ।



दुई दिनको विपतमा भएको जिउधनको क्षति जोड्दा मनसुन अवधिमा ज्यान जानेको संख्या ७३ पुगेको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ । बाढीपहिरोले मात्र ४३ जना र चट्याङले १९ जनाको ज्यान लिएको प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले जानकारी दिनुभयो । अन्य सर्पदंश, जनावर आक्रमण र आगलागीले ज्यान लिएको तथ्याङ्कसमेत गरी ७३ पुगेको हो ।

यस अवधिमा अन्य १३५ जना घाइते भएका छन् भने पाँच जना बेपत्ता छन् । यस अवधिमा अनुमानित २३ करोड रूपियाँभन्दा बढीको आर्थिक क्षति भइसकेको छ । एक हजार ४४८ घरपरिवार प्रत्यक्ष प्रभावित बन्न पुगेका छन् ।

### तीन वटै सुरक्षा निकाय उद्धारमा

वर्षा निरन्तर रहेकाले उद्धार र राहतमा कठिनाइ भए पनि नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको उद्धार टोलीले बाढीपहिरो र डुबानमा परेका आमनागरिकलाई सुरक्षित स्थानमा सार्न दिनरात नभनी काम गरिरहेको छ ।

बाढीपहिरोले कोशीदेखि सुदूरपश्चिमसम्म सबै प्रदेशकै जनजीवन सकसमा पारेकाले सहज बनाउन नेपाली सेना अहोरात्र खटिएको नेपाली सेनाका सूचना अधिकारी गौरवकुमार केसीले जानकारी दिनुभयो । उहाँका अनुसार मौसमजन्य कठिनाइ भए पनि स्थानीय सकारसँगको समन्वयमा उद्धारसँगै बाटो मर्मतसम्भार, तटबन्ध मर्मत, डुबान कटान खुलाउने काममा सैन्य टोली देशव्यापी रूपमा परिचालन गरिएको छ । आपत्मा परेकालाई सेनाको हेलिकोप्टरमार्फत ताप्लेजुङ र कालीकोटमा उद्धार गरिएको जानकारी उहाँले दिनुभयो ।

नेपाल प्रहरीका प्रवक्ता ज्ञानेन्द्र कार्कीले भन्नुभयो, "पर्वत, स्याङ्जा, गुल्मी, दोलखा, ओखलढुङ्गामा पहिरो गएको छ, बढीजसो गण्डकी प्रदेशमा पहिरो गएको देखिएको छ ।" ज्यान जोखिममा राखेर सुरक्षा निकायले काम गरिरहेको छ । त्यस्तै अब्बल गोताखोर रहेको सशस्त्र प्रहरीको टोली बाढी र डुबान क्षेत्रमा बढी खटिएको छ । दाङ, नवलपरासी, चितवन, काठमाडौँ

लगायतका स्थानमा डुबान र बाढीमा परेकालाई उद्धार गर्न सशस्त्र प्रहरी खटिएको जनाएको छ ।

ठुलासाना नदीको बहाव उच्च हुँदा तराईका बस्ती डुबानमा परेका छन् । कैयौँ आफ्नो थातथलो छाडेर अन्यत्र विस्थापित हुन पुगेका छन् । राहत तथा उद्धारका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले एकीकृत रूपमा काम गरिरहेको जानकारी प्राधिकरणका प्रमुख अनिल पोखरेलले दिनुभयो ।

लगातारको वर्षाले पहाड तथा तराई सबैतिरको जमिन गलेको हुनाले सहजै बाढीपहिरो जाने क्रम जारी रहेकाले अझै जनधनको क्षतिको जोखिम बढेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

देशका विभिन्न स्थानका अधिकांश सडकमार्ग पहिरोका कारण अवरूद्ध बनेका छन् । केही स्थानका सडक बाढीले बगाएर अवरूद्ध बनेको छ । आइतबार पनि झन्डै ४५ भन्दा बढी स्थानका सडक बाढीपहिराले अवरूद्ध पारेको छ ।

## वर्षा कम हुने

मनसुन न्यूनचापीय रेखा नेपालबाट दक्षिणतिर सर्दै गएकाले सोमबारदेखि नेपालमा वर्षा कम हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

तर, अझै केही दिन कोशी र गण्डकी प्रदेशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा र थोरै स्थानमा भारी वर्षाको सम्भावना कायमै रहेको महाशाखाले स्पष्ट पारेको छ । मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका केही स्थानमा पनि हल्कादेखि मध्यम वर्षा कायमै छ ।

वर्षा कम हुने भए पन जमिन भिजिसकेकाले थोरै वर्षाले पनि भूक्षय, पहिरो तथा गेग्ग्रान बहावको जोखिम कायमै रहेकाले सतर्कता अपनाउन अनुरोध गरेको छ । खण्डित वर्षाले खहरेखोलाहरूमा आकस्मिक बहाव रहने र ठुला नदीको जलसतह केही दिन थोरै मत्थर भए पनि सतर्कता आवश्यक रहेको जनाइएको छ ।

# कोशी ब्यारेज पुलमा दाउरा सङ्कलन गर्ने एक बालक बेपत्ता

गोरखापत्र अनलाइन
२४ असार २०८१, सोमबार
जयकृष्ण यादव
इनरूवा, असार २४ गते



सप्तकोशी नदीको कोशी ब्यारेज पुलमा दाउरा सङ्कलन गर्ने क्रममा आइतबार राती एक बालक बेपत्ता भएका छन् । कोशी ब्यारेज पुलमा भालासहित दाउरा सङ्कलन गर्ने क्रममा दाउरासँगै पुलबाट खसेर एक बालक बेपता भएका हुन् ।

स्थानीयवासी देवराज यादवको अनुसार कोशी ब्यारेज पुलमा दाउरा सङ्कलन गर्ने भारतीय १६ वर्षीय बालक रूपेश सदा बेपत्ता हुनुभएको छ ।

सदाको शव हालसम्म फेला नपरेको प्रहरीले जनाएको छ । सुनसरीका प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीले कोशीको सप्तरी खण्डको पुलमा घटना भएको जानकारी दिनुहुँदै थप विवरण आउन बाँकी रहेको जानकारी दिनुभयो ।

# डुबानमा परेका ५० जनालाई सुरक्षित स्थानमा सारियो

गोरखापत्र अनलाइन
२४ असार २०८१, सोमबार

कैलाली, असार २४ गते । लगातार वर्षाका कारण कैलाली र कञ्चनपुरका विभिन्न ठाउँमा डुबानमा परे काहरूलाई सशस्त्र प्रहरीले सुरक्षित स्थानमा सारेको छ ।



लगातार वर्षाका कारण कैलाली र कञ्चनपुरका विभिन्न ठाउँमा डुवानमा परेकाहरूलाई सुरक्षित स्थानमा सारिँदै । तस्बिर सशस्त्र प्रहरी

सशस्त्र प्रहरी नायब उपरीक्षक एवम् सहायक प्रवक्ता शैलेन्द्र थापाले कञ्चनपुरको दोधारा चाँदनी नगर पालिका-३ पूर्णागिरीघाट इलाकामा डुबानमा परेका घरपरिवारका करिब ५० जनालाई सुरक्षित स्थानमा सारिएको जानकारी दिनुभयो । उहाँका अनुसार उनीहरूलाई सशस्त्र प्रहरी बल नेपाल फरवार्ड बेस बडुवाटोलबाट खटिएको सुरक्षा फौजले सोमबार सुरक्षित स्थानमा सारेको हो ।



त्यसैगरी सोही जिल्लाको वेदकोट नगरपालिका-७ स्थित सुडा खोलामा पानीको बहाव बढी डुबानमा परेका तीन घरपरिवारलाई नं. ३५ गण कञ्चनपुरले सुरक्षित स्थानमा सारेको छ ।

त्यस्तै कञ्चनपुर जिल्लाकै भिमदत्त नगरपालिका वडा नं.-११ ब्रमिनी र वडा नं.-१२ ऐरीगाउँ इलाकामा भुजेल खोलामा पानीको बहाव बढी डुबानमा परेका २० घर परिवारलाई प्रस्तावित सीमा सुरक्षा गुल्म गड्डाचौकीले सुरक्षित स्थानमा सारेको छ ।



यसैगरी कैलाली जिल्लाको कैलारी गाउँपालिका-५ मनिकापुर इलाकामा कटैनी नदीमा पानीको बहाव बढ्न गई बस्तीमा पस्दा डुबानमा परेका २५ घर परिवारलाई सुरक्षित स्थानमा सारेको सहायक प्रवक्ता थापाले बताउनुभयो । डुवानमा परेकाहरूको उद्धारका लागि सशस्त्र प्रहरी बल नेपाल नं. ३४ गण कैलाली, प्रस्तावित सीमा सुरक्षा गुल्म खोनपुर र बिओपी छोटिपलियाको सुरक्षा फौज खटिएको थियो ।

सहायक प्रवक्ता थापाका अनुसार जिल्लाको धनगढी उपमहानगरपालिका-१५ कनरी गाउँमा खुटिया नदीमा पानीको बहाव बढेर बस्तीमा पस्दा डुबानमा परेका ६ घरपरिवारलाई सामानसहित बिओपी फूलबारीको सुरक्षा फौजले सुरक्षित स्थानमा सारेको छ ।

सशस्त्र प्रहरी बल नेपालले देशभर विपद् प्रतिकार्यका लागि मनसुन अवधिभर २४ सै घण्टा परिचालन हुने गरी पाँच सय ४६ एकाइमा सात हजार चार सय ५५ जनाको जनशक्ति आवश्यक उपकरणसहित तयारी हालतमा राखेको छ । त्यस्तै मनसुन अवधिभर सशस्त्र प्रहरीका एक सय १० जना गोताखोर र विपद् उद्धार तालिम प्राप्त जनशक्तिलाई सशस्त्र प्रहरी बल नेपालको कार्यालयहरूमा रहेका एक सय २० वटा मोटरबोट तथा र्‍याफ्ट बोटसहित सातै वटा प्रदेशका बाहिनी मुख्यालयहरू तथा उपत्यकास्थित नं. २० विपद् उद्धार गण सिनामंगल तथा देशभरका विपद् व्यवस्थापन बेसहरूमा तयारी हालतमा राखिएको छ ।

बाढीपहिरो तथा डुबानमा परेकाहरूलाई तत्काल उद्धारका लागि सशस्त्र प्रहरी बल नेपालको टोल फ्रि नं. ११९४ मा खबर गर्न सकिनेछ ।

## मुस्ताङका सबै नाका बन्द, पाँच जनाको मृत्यु



गोरखापत्र अनलाइन
२४ असार २०८१, सोमबार
अमृतप्रसाद पौडेल

म्याग्दी, असार २४ गते । लगातारको वर्षापछि आएको पहिरोले सडक अवरूद्ध हुँदा हिमालपारिको जिल्ला मुस्ताङका सबै नाका बन्द भएका छन् । मुस्ताङका लागि पोखरा-जोमसोम हवाई र बेनी-जोमसोम सडकमार्फत जोडिने भए पनि दुवै मार्ग बन्द हुँदा मुस्ताङ जिल्ला नाकाबन्द जस्तै भएको छ ।

बेनी-जोमसोम-कोरला कालीगण्डकी कोरिडोरमा रघुगङ्गा गाउँपालिका-२, बैसरीमा सडकमाथिबाट आएको पहिरोले गर्दा सडक अवरूद्ध भएको छ । बिहीबारदेखि नै पहिरो झर्न थालेपछि शुक्रबार फाट्टफुट्ट सवारी चलेको भए पनि शनिबार बिहानै देखि भने पूरै बन्द भएको छ । रघुगङ्गा गाउँपालिका-३, राखुका युवा झलक शर्माका अनुसार बेनी-जोमसोम सडक यात्रा झन् जोखिमपूर्ण बन्दै गएको छ । धेरै ठाउँमा पहिरो झरिरहेको हुँदा यात्रा गर्न निकै कष्टकर र जोखिम पनि भएकाले यो समय अत्यावश्यक बाहेक यात्रा नगर्न पनि जिल्लास्थित प्रशासन कार्यालयले आग्रह गरेको छ ।

वर्षा बढेसँगै असार १५ देखि जोमसोम-पोखरा हवाई उडान पनि बन्द भएकाले जटिल प्रकारका बिरामी भएको खण्डमा उपचारका लागि लैजानसमेत समस्या हुन सक्ने मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तको भनाइ छ । जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेयका अनुसार जोमसोम-बेनी सडकको मार्फा खोलामा बाढी आउँदा पटक पटक अवरूद्ध हुने गरेको छ । जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी प्रहरी निरीक्षक राजन रायमाझीका अनुसार बेनी-जोमसोम सडकखण्डको म्याग्दीतर्फ रघुगङ्गा गाउँपालिका-२, तल्लो बैसरी र माथिल्लो बैसरीमा सडक अवरूद्ध भएको छ ।

त्यसै गरी भुरूङ तातोपानीमा अवरूद्ध सडक अहिले खुलेको भए पनि बैसरीमा अवरोध तत्काल हटाउन नसकिने देखिएकाले बेनी-जोमसोम सिधा यातायात हुन सक्ने अवस्था भने छैन । त्यसै गरी पश्चिम म्याग्दी जोड्ने बेनी-दरबाङ सडकखण्डको बेनी नगरपालिका-४, फापरखेतको घुमाउने भिरमा पूर्ण रूपमा सडक अवरूद्ध रहेको प्रहरीले जनाएको छ । त्यस्तै मालिका गाउँपालिका-४, बाङ्गेभिरमा पनि सडक अवरूद्ध भएको छ ।

त्यसै गरी स्याङ्जा समाचारदाताका अनुसार पहिरोले बेपत्ता दुई जना मृत अवस्थामा भेटिएका छन् । शनिबार दिउँसो ३ बजे भिरकाट-५, ज्यामिरेकी ७३ वर्षीय खेमकुमारी मल्ल मृत अवस्थामा भेटिनुभएको हो । त्यसै गरी लामागाउँमा पहिरोले पुरिएका ६६ वर्षीय माधव शर्मा मरासिनी पनि मृत भेटिनुभएको छ । बुटवल पोखरा सिद्धार्थ राजमार्गको गल्याङ नगर पालिका-११, तुल्सीभन्ज्याङमा राजमार्ग भाँसिएको छ । दुई ठाउँमा सडक भासिँदा सवारीसाधन बाटैमा रोकिँदा यात्रु अलपत्र परेका छन् । प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले अविरल वर्षासँगै ५० मिटर लम्बाइ र तीन मिटर चौडाइ सडक भासिएको बताउनुभयो । अवरूद्ध सडकलाई एकतर्फी भए पनि खोल्ने प्रयास भइरहेको बताउनुभयो ।

## पहिरोमा परी दुई जनाको मृत्यु

पर्वत समाचारदाताका अनुसार बस्तीभन्दा माथिको पाखाबाट आएको पहिरोले घरगोठ पुरिँदा पर्वतको फलेवास नगरपालिका-१, कार्कीनेटामा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कार्कीनेटाका ४० वर्षीय झलक शर्मा र स्याङ्जा आँधीखोला गाउँपालिका-३, पाखीबोटका ३२ वर्षीय तुलसीराम पौडेल रहेका छन् । झलक शर्मा स्थानीय बासिन्दा रहेका र तुलसीराम आफन्तकोमा आएको बेला पहिरोमा परेको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख खुमलाल भुसालले बताउनुभयो ।

गोठमा भैँसी र बाख्रा पहिरोले पुरिन लागेको भन्दै अन्यत्र लैजाने क्रममा ती दुई जना पहिरोमा परेका थिए जिल्ला प्रहरी कार्यालय पर्वतबाट प्रहरी निरीक्षक भुवन बरामको नेतृत्वमा १२ जनाको टोली घटनास्थल पुगेको थियो । यसैबिच अविरल वर्षाका कारण अवरूद्ध भएको मध्यपहाडी लोकमार्ग अन्तर्गत कुस्मा ७ र ८ को बिचमा पर्ने तमादी खोलामा आएको बाढीले अवरूद्ध सडक सुचारू भएको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ ।


बाढीबाट प्रभावितलाई सुरक्षित स्थानमा सार्दै प्रहरी

तनहुँ समाचारदाताका अनुसार तनहुँको शुक्लागण्डकी-७, काउरेमा पहिरोले घरलाई पुर्दा तीन जनाको मृत्यु भएपछि पूरै गाउँ शोकमा डुबेको छ । स्थानीय हिरा नेपालीको घर पहिरोले पुरिँदा नेपालीसहित उहाँको छिमेकी ३७ वर्षकी अनिशा बाँस्तोला र ६५ वर्षका श्याम अधिकारीको मृत्यु भएपछि गाउँ शोकमा डुबेको हो । उक्त पहिरोमा परी चार जना घाइते भएका छन् । अविरल वर्षापछि पहिरो खस्ने खतरा बढेपछि हिरा नेपालीको घरको सामान सार्न गएका बेला छिमेकी बास्तोला र अधिकारीसमेत पहिरोमा परी बेपत्ता भएको मा सुरक्षाकर्मी र स्थानीयको सहयोगमा खोजतलासी गर्दा शव फेला पारिएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो ।

यस घटनाले सिङ्गो नगरपालिका शोकमा डुबेको शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले बताउनुभयो । नगर पालिकाको तर्फबाट घाइते सबैको उपचार तथा किरियाखर्च दिइने पण्डितले बताउनुभयो । घर बनाउनुपर्ने आफन्त तथा स्थानीयको भनाइ रहेकाले त्यसका लागि पनि कार्यपालिकामा छलफल चलाइने उहाँले जानकारी दिनुभयो । त्यस्तै तनहुँमा शनिबार पहिरोमा परी चार जनाको मृत्यु भएको थियो । ऋषिङ गाउँपालिकाको झापुटार तनहुँ जलविद्युत् आयोजनामा काम गर्ने वर्ष ५० को स्थानीय कृष्ण पुलामीमगरको पहिरो आउँदा ढुङ्गाले लागेर मृत्यु भएको थियो भने लमजुङको सुन्दरबजार नगरपालिका-२ का ५१ वर्षका सोमलाल श्रेष्ठ घाइते हुनुभएको छ । जिल्ला प्रशासन कार्यालयले भारी वर्षा भइरहेकाले नदी तटीय र पहिरो जोखिम क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले वर्षाले गर्दा हुन सक्ने क्षति न्यूनीकरणका लागि सबैलाई आग्रह गर्नुभएको छ ।

## निरन्तर वर्षापछि आएको बाढी ।

गोरखापत्र अनलाइन

२४ असार २०८१, सोमबार

भावना जोशी

अत्तरिया, असार २४ गते । शुक्रबारदेखि निरन्तर परिरहेको वर्षासँगै आएको बाढी र डुबानले कैलालीको १ सय ३६ परिवार विस्थापित भएका छन् । विस्थापित परिवारका ५ सय ९१ जनालाई सुरक्षित स्थानमा सारिएको छ ।

शुक्रबारदेखिको वर्षापछि आएको बाढी बस्तीमा पसेपछिका बाढी तथा डुबानबाट प्रभावित परिवारलाई सुरक्षित स्थानमा सारिएको हो । कैलालीको खुटिया, कान्द्रा, लगायतका नदीले सतह पार गरेपछि आसपास क्षेत्रमा बसोबास गर्ने परिवारलाई सुरक्षित स्थानमा सारिएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता कविन्द्रसिङ बोहराले जानकारी दिनुभयो ।

उहाँहरूलाई सामुदायिक विद्यालय, सामुदायिक भवन र थारू भल्मन्साको घरमा राखिएको समेत उहाँले जानकारी दिनुभयो । बाढी तथा डुबानबाट कैलालीको पूर्वी भूभाग बढी प्रभावित भएको छ । कान्द्रा र काँडा नदीका कारण भजनी नगरपालिका र जोशीपुर गाउँपालिका क्षेत्र डुबानमा परेका छन् ।

भजनी नगरपालिकाका वडा ५ र ७, जोशीपुर गाउँपालिकाका वडा ३ र ८ तथा टीकापुर नगरपालिकाको वडा ६ बाढी र डुबानका कारण प्रभावित भएका छन् । धनगढी उपमहानगरपालिका वडा १८ र १९ तथा गौरीगंगा नगरपालिकाका केही वडा समेत डुबानमा परेका छन् ।

ती ठाउँमा पनि रातिदेखि नै उद्धारको काम जारी राखेको बोहराले बताउनुभयो । आइतबार साँझदेखि वर्षा हुनेक्रम बढेपछि राति प्रभावितको संख्या समेत बढेको छ । विभिन्न ठाउँमा सडक भासिएका छन् । कैलाली र कञ्चनपुर जोड्ने सडकमा कल्भर्ट भत्किँदा आवागमन ठप्प भएको छ ।

## पहिरोले डुम्रे-बेँसीसहर सडक अवरुद्ध

गोरखापत्र अनलाइन
२५ असार २०८१, मङ्गलबार
लमजुङ, असार २५ गते । वर्षाले पहिरो जाँदा डुम्रे- बेँसीसहर सडक अवरूद्ध भएको छ । सो सडकअन्तर्गत बेँसीसहर नगरपालिका- १ दलालमा आज बिहान पहिरो खस्दा सडक अवरूद्ध भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयका प्रहरी निरीक्षक थानेश्वर चपाईँका अनुसार सो स्थानमा पटकपटक पहिराले सडक अवरूद्ध बनाउँदै आएको छ । सडक अवरूद्ध भएपछि यात्रु अलपत्र परेका छन् । लमजुङ-तनहुँ जिल्ला जोड्ने मुख्य यस सडक हुँदै बेँसीसहरबाट काठमाडौँ, पोखरा, चितवन, भैरहवालगायत स्थानमा जाने र सो स्थानबाट बेँसीसहर र मनाङ आउने यात्रुलाई बर्खायाममा बर्सेनि समस्या हुँदै आएको छ । रासस

## पहिरोले अरनिको राजमार्ग अवरुद्ध

गोरखापत्र अनलाइन
२५ असार २०८१, मङ्गलबार
काभ्रेपलाञ्चोक, असार २५ गते । वर्षाका कारण पहिरो जाँदा अरनिको राजमार्गअन्तर्गत काभ्रेको पाँचखालस्थित ५० किलो भन्ने स्थानमा गए रातिदेखि सडक अवरूद्ध भएको छ । सडक माथिबाट लगातार पहिरो खसिरहेकाले पन्छाउन असहज भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो ।




पाँचखाल नगरपालिका-८ स्थित उक्त सडकमा पहिरो खसेर करिब एक सय ५० मिटर सडक अवरूद्ध भएको हो । गए राति ९ बजेदेखि सडक अवरूद्ध हुँदा दुवैतर्फ सवारी रोकिएका छन् । साना सवारीलाई वैकल्पिक बाटोबाट पठाइएको प्रहरीले जनाएको छ । प्रवक्ता श्रेष्ठका अनुसार पहिरो खस्न केही कम भएकाले आज बिहानदेखि मेसिनद्वारा पहिरो पन्छाउन थालिने छ ।

# बस्ती जलमग्न, डुबान क्षेत्रमा जानसक्ने अवस्था छैन

गोरखापत्र अनलाइन
२५ असार २०८१, मङ्गलबार

टीकापुर (कैलाली), असार २५ गते । लगातारको वर्षापछि आएको बाढीले जिल्लाका भजनी नगरपालिकामा तीन सय १३ र टीकापुर नगरपालिकामा एक सय ७४ परिवार विस्थापित भएका छन् । विस्थापित भएकाहरु हुलाकी सडक, उच्च भवन, सामुदायिक भवन, विद्यालय तथा आफन्तका घरमा आश्रय लिइरहेका छन् ।



भजनी नगरपालिका बाढीले सबैभन्दा बढी प्रभावित भएको छ । भजनीका तीन सय १३ परिवार विस्थापित भएका छन् भने चार हजार आठ सय ४८ परिवार बाढीले प्रभावित भएका विपद् व्यवस्थापन शाखा प्रमुख विष्णु न्यौपानेले जानकारी दिनुभयो । "विस्थापितहरु खाद्यान्न आफ्नै घरबाट ल्याएर खाने गरेका छन्, पालिकाले यति धेरै नागरिकलाई व्यवस्थापन गर्न सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "पालिकाले एक हजार आठ सय बोतल पानी वितरण गरेको छ ।"

बाढीले भजनीमा अधिकांश सडकलाई क्षति पुऱ्याएका छन् । भजनीमा खेतीयोग्य जमिन ७५ प्रतिशत डुबानमा परेको प्रमुख न्यौपानेले बताउनुभयो । जलसतह नघटेकाले डुबानमा परेका घरमा के-कति क्षति भयो भन्ने विवरण आउन नसकेको नगरप्रमुख केवल चौधरीले जानकारी दिनुभयो । "भजनी तहसनहस भएको छ, मानिस विस्थापित भएको मात्र होइन", उहाँले भन्नुभयो, "खेतीपाती, पशुपालन तथा अन्य व्यवसायमा समेत क्षति भएको छ । मानिसका घर डुबानमा परेपछि सरसामान सबै भिजेका छन् ।"

नगरप्रमुख चौधरी पालिकाले यस्तो विपत्तिमा एक्लैले धान्न नसक्ने भएकाले सङ्घीय सरकारले नै विपद्मा परेका नागरिकका हितमा काम गर्नुपर्ने बताउनु भयो । भजनीमा विस्थापितहरु हुलाकी सडकमा पाल टाँगेर बसिरहेका छन् । बर्खाको समयमा माथिबाट वर्षा भइरहेको, तल लामखुट्टे, कीरा फट्याङ्गाको जोखिम रहेकाले सडकमा बसेकाहरूको अवस्था नाजुक रहेको स्थानीय कृष्ण धमालाले बताउनु भयो । "खाद्यान्न, लुगाकपडा, वस्तुभाउ पनि सडकमा छन्, वस्तुभाउ र मानिसको बसाइ सँगै खुला आकाशमा कस्तो होला ?", उहाँ भन्नुहुन्छ, "मानिस विस्थापित भएर पनि बस्ने ठाउँ छैन, अझ आफैँ खानाको जोहो गर्न कठिन भएको छ । त्यसैमाथि सडक सहारा भएको छ ।"

यस्तै लगातारको वर्षापछि आएको बाढीले कैलालीको टीकापुर नगरपालिकाको वडा नं ६ बढी प्रभावित भएको छ । वडा नं ६ मा बस्तीमा मोहना नदीको बाढी पसेपछि डुबानमा परेको हो । त्यहाँ विद्यालय र बस्तीमा पानी पसेको छ । टीकापुरमा बाढीले एक सय ७४ परिवार विस्थापित भएका छन् । टीकापुरमा भगवानपुरका २०, प्रेनीका ५०, नारायणपुरका ९, मिलनपुरका ३५, भर्तापुरका ४५, सुन्दरपुरका १२ र बाघमाराका तीन परिवार विस्थापित भएका विपद् व्यवस्थापन शाखा प्रमुख निर्मला चौधरीले जानकारी दिनुभयो । "मोहनाको पानी बस्तीमा पसेपछि वडा नं ६ मा ठूलो क्षति भएको छ, हामीले प्रहरीको सहायतामा ट्युबमा सरसामान र मानिसलाई उद्धार गर्यौं, पूर्वतयारीमा काम गरिरहेकाले समयमै उद्धार सम्भव भयो", उहाँले भन्नुभयो, "अहिले पनि बस्ती जलमग्न छ । डुबान क्षेत्रमा जानसक्ने अवस्था छैन ।"

टीकापुरको वडा नं ५ मा रानी जमरा सिँचाइ आयोजनाले निर्माण गरेको ड्याम, दौलतपुरमा रहेको तटबन्ध, वडा नं ६ को भर्तापुरमा पुल नजिक बाँधेको ड्याम भत्कने जोखिम रहेकाले तत्काल मर्मत गर्ने, मर्मतका लागि सिँचाइ आयोजनाको सहयोग लिने विपद् व्यवस्थापन समितिको बैठकले निर्णय गरेको छ । वडा नं ४ मा सिँचाइ आयोजनाले बनाएको इन्टेक साँघुरो बनाएकाले कहिल्यै बाढी नपसेको बाघमारामा पनि डुबान भएको वडाध्यक्ष लालवीर चौधरीले बताउनुभयो ।

डुबान भएका बेला धेरै सडक काटेर पानी निकास गरेकाले बिग्रिएका सडक मर्मत तत्काल गर्ने नगरपालिकाले निर्णय गरेको छ । त्यस्तै जोशीपुर गाउँपालिकाका सबै वडामा पानी पसेको छ । सबै वडामा पानी पसे पनि वडा नं ३ का पाँच परिवारमात्र विस्थापित भएका छन् । रासस

## ताप्लेजुङमा पहिरोले पुरिएर एकै परिवारका चारको मृत्यु



खेजेनिमको तिङ्दु टोलमा गए राति गएको पहिरो । तस्बिर सौजन्य : भूपेन्द्र चौलागाई

चन्द्र पन्दाक
३२ जेठ २०८१, शुक्रबार
ताप्लेजुङ, जेठ ३२ गते । ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिकामा बिहीबार राति पहिरोले पुरिएर एकै परिवारका चार जनाको मृत्यु भएको छ । निरन्तरको वर्षासँगै घर माथिदेखि झरेको पहिरोले पुरिएर फक्ताङ्लुङ गाउँपालिका-२ खेजेनिम तिङ्दुमा एकै परिवारका चार जनाको मृत्यु भएको हो ।

पहिरोले पुरिएर ७० वर्षीय रामबहादुर साम्रा लिम्बू, उहाँका कान्छी श्रीमती ५० वर्षीया जसमाया लिम्बू र १० वर्षीया जुम्ल्याहा छोरीहरु गङ्गा र जमुनाको मृत्यु भएको छ । मृत्यु हुनेहरु फक्ताङ्लुङ गाउँपालिकाका उपाध्यक्ष रवीन साम्रा (विकास) का बाबु, कान्छी आमा र बहिनीहरु हुनुहुन्छ ।

जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक कमलकुमार लुङगेलीका अनुसार घरभन्दा करिब दुई सय मिटर माथिदेखि झरेको पहिरोले घर बगाउँदा लिम्बू दम्पती र छोरीहरुको घटनास्थलमै मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयबाट लुङगेलीकै नेतृत्वमा प्रहरी टोली घटनास्थलतर्फ गएको छ भने सिँवा प्रहरी चौकीबाट शुक्रवार बिहानै प्रहरी घटनास्थल पुगेर पहिरोबाट शव निकाल्नेलगायत उद्धारको काम गरिरहेको बताइएको छ । पहिरोले पुऱ्याएको अन्य क्षतिको विवरण आउनलाई समय लाग्ने प्रहरी निरीक्षक लुङगेलीले जानकारी दिनुभयो ।

खेजेनिमका वडाध्यक्ष भूपेन्द्र चौलागाईका अनुसार पहिरोले बगाएर लिम्बूले पालेका दर्जनौं पशु चौपायासमेत मरेका छन् । खेजेनिमकै गढी डाँडा टोलका योगेन साम्रा लिम्बूको घर पनि पहिरोले क्षतिग्रस्त बनाएको वडाध्यक्ष चौलागाईले जानकारी दिनुभयो । गए राति करिब १२ बजेतिर माथिदेखि आएको पहिरोले साम्राको घरलाई क्षति गरेको चौलागाईले बताउनुभयो ।

उहाँका अनुसार घर माथिदेखि पहिरो आएपछि साम्रासहित उहाँका परिवारका अन्य सदस्यले भागेर ज्यान बचाउन सफल भएका छन् । भाग्ने क्रममा साम्रा र उहाँका एक छोरी घाइते हुनुभएको छ । घाइते बाबु छोरीको स्थानीय स्वास्थ्य चौकीमा उपचार भइरहेको पनि उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार घटनास्थलमा बिहानदेखि जनप्रतिनिधि, प्रहरी र स्थानीयले उद्धारको काम गरिरहेको छ ।

# उदयपुरमा पहिरोले पुरिएर घाइते भएका एक जनाको मृत्यु

गोरखापत्र अनलाइन
२५ असार २०८१, मङ्गलबार

उदयपुर, असार २५ गते । उदपुरको त्रियुगा नगर पालिका-१५ स्थित रानिवासमा पहिरोमा पुरिएका दुईमध्ये एक जनाको मृत्यु भएको छ ।


पहिरोमा परेकाको उद्धारमा सक्रिय सशस्त्र प्रहरी र स्थानीय ।

मंगलबार बिहान चार वटा घर पहिरोले पुरिँदा घाइते भएका ४० वर्षीया हिरामाया मगर र ८ वर्षीया रूपकला मगरलाई उद्धार गरी उपचारको लागि स्वास्थ्य चौकी खाबुँमा लगिएको थियो । उपचारको क्रममा रूपकलाको मृत्यु भएको सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

पहिरोमा परेकालाई सशस्त्र प्रहरी बल नेपाल नम्बर ५ गण उदयपुर र नेपाल प्रहरीको संयुक्त टोलीले उद्धार गरेको थियो । पहिरोका कारण जोखिमयुक्त रहेका १० घरपरिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।

त्यसैगरी त्रियुगा नगरपालिका-१० गाइघाटस्थित साउनेमा अवरूद्ध भएको सडक मंगलबार सञ्चालनमा आएको छ । सशस्त्र प्रहरी गण उदयपुरबाट खटिएको सुरक्षा फौजले पहिरोले अवरूद्ध सडक खुलाएको हो ।

# विपत् व्यवस्थापनमा स्थानीय सरकार

जीवन भण्डारी
२३ असार २०८१, आइतबार

विपत् व्यवस्थापनमा स्थानीय तहको भूमिका प्रभावकारी हुन्छ । कुनै पनि घटना हुनेबित्तिकै घटनास्थल पुगी विपत् व्यवस्थापन गर्न पहल थाल्ने काम पनि स्थानीय सरकारको हो । कानुनी रूपमै स्थानीय तहलाई जिम्मेवारी प्रदान गरिएको हुन्छ । त्यो जिम्मेवारी पूरा भएनभएको बारे खबरदारी गर्ने काम नागरिकको हो ।




सङ्घीय संसद्ले बनाएको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपत् व्यवस्थापनका लागि दर्जनभन्दा बढी संरचनाको व्यवस्था गरिएको छ । तीमध्ये धेरै संरचनाले पूर्णता पाएका छैनन् । पूर्णता पाएका संरचनाले पनि प्रभावकारी काम गर्न सकेका छैनन् ।

**स्थानीय विपत् व्यवस्थापन समिति** : हरेक स्थानीय तहमा विपत् व्यवस्थापन समिति गठन गर्नुपर्ने कानुनी व्यवस्था छ । लगभग सबै स्थानीय सरकारले विपत् व्यवस्थापन समिति गठन गरेको गाउँपालिका राष्ट्रिय महासङ्घले जनाएको छ । अधिकांश समिति नाम मात्रका भएको महासङ्घको टिप्पणी छ । गाउँपालिकामा अध्यक्षले र नगरपालिकामा नगर प्रमुखले स्थानीय विपत् व्यवस्थापन समितिको नेतृत्व गर्छन् । यस समितिले सङ्घ, प्रदेश र जिल्ला स्तरीय विपत् व्यवस्थापन संरचनाको

नीति, योजना र कार्यक्रम अनुरूप आफ्नो अनुकूल हुने गरी विपत् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्छ । त्यसै गरी स्थानीय सरकारलाई विपत् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न सिफारिस गर्ने कार्य पनि यही समितिले गर्छ । सरकारी, निजी एवं गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपत् व्यवस्थापनसम्बन्धी कार्य गराउने जिम्मेवारी पनि स्थानीय विपत् व्यवस्थापन समितिकै हो । यो समितिले स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपत् व्यवस्थापनका लागि प्रशिक्षण दिलाउने काम पनि गर्छ ।

विपत्का धेरै घटना भौतिक संरचनासँग सिधै जोडिने भएकाले गाउँपालिका वा नगरपालिकाभित्रका भौतिक संरचना निर्माण गर्दा भवनसंहिता, निर्देशिका, मापदण्ड आदि बनाउँदै कार्यान्वयन गराउने जिम्मेवारी यही समितिलाई दिइएको छ । विपत् व्यवस्थापनका लागि सबैभन्दा बढी गर्नुपर्ने काम भनेकै आमनागरिकलाई यस बारेमा सुसूचित गराउनु हो । नागरिक सचेत भए भने क्षति काम हुन्छ । नागरिकलाई विपत्प्रति सचेत गराउनु, पूर्वतयारी अवस्थामा राख्नु विपत् व्यवस्थापन समितिको जिम्मेवारी हो ।

**विपत् पूर्वतयारी तथा प्रतिकार्य समितिः** हरेक गाउँपालिका वा नगरपालिकामा विपत् व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्य गर्न छुट्टै संरचना बनाउनु पर्ने कानुनी व्यवस्था छ । व्यवस्था अनुसार समिति गठन भए पनि त्यसले तदारूकता नदेखाएको अधिकांश स्थानीय बासिन्दाको गुनासो छ । विपत् आउनुअघि नै गर्नुपर्ने तयारीबारे सबैलाई सजग गराउनु पर्छ । पूर्वतयारी र स्रोतसाधनको पर्याप्त व्यवस्था गर्न सकियो भने विपत्बाट हुने क्षति न्यून गर्न सकिन्छ । नेपालमा पूर्व तयारीकै काम पर्याप्त नभएकाले प्रतिकार्य प्रभावकारी नहुँदा जनधनको क्षति हुने गर्छ । स्रोतसाधनको व्यवस्थापनदेखि स्थानीय आवश्यकता र अवस्था अनुसारको निर्णय र निर्देशन दिने काम प्रतिकार्य समितिको हो ।

**पूर्वअभ्यासः** विपत् पूर्वतयारी तथा प्रतिकार्य समितिले बेला बेलामा बैठक गर्ने, समुदाय वा वडास्तरमा छलफल कार्यक्रम आयो जना गर्ने, सम्भावित विपत् र त्यतिबेला अपनाउनु पर्ने उपायको बारेमा पहिले नै जानकारी गराउने लगायतका कार्य गर्नु पर्छ । विपत् आइलाग्यो भने पानी, बिजुली, टेन्ट, खाद्य पदार्थ आदिको व्यवस्था कसरी गर्ने ? ती सामान कहाँ राख्ने ? के कसरी वितरण गर्ने ? वितरणको आधार के हुने ? लगायतका धेरै विषयमा पहिले नै सबैलाई जानकारी गराउन सके प्रतिकार्य प्रभावकारी हुन्छ ।

त्यसै गरी कुन विपत्का बेला के कस्ता उपाय अपनाउनु पर्छ भनेर नमुना अभ्यास पनि गराउनु आवश्यक छ । अधिकांश समुदायमा यस्तो नमुना अभ्यास गराएको पाइँदैन । नेपालमा यसलाई खासै महत्त्व नदिइँदा साना विपत्बाट पनि ठुला क्षति बेहोर्नु परेको छ ।

**उद्धार तथा राहतको व्यवस्थाः** स्थानीय सरकारले स्थानीय स्तरमा उद्धार तथा राहतको व्यवस्था गर्नु अर्को अति महत्त्वपूर्ण जिम्मेवारी हो । कुनै पनि विपत्मा सबैभन्दा पहिला गर्ने कार्य नै उद्धार हो । पहिलो उद्धारकर्ता भनेकै स्थानीय तह हुनु पर्छ । त्यसका लागि पूर्वतयारी गर्ने, परिचालन गर्ने र तत्काल निर्णय गर्नेसम्मका काममा स्थानीय सरकारले नेतृत्वदायी भूमिका खेल्नु पर्छ । उद्धारका लागि स्थानीय स्रोतसाधन र जनशक्ति परिचालन स्थानीय सरकारले जत्तिको कसैले पनि गर्न सक्दैन । स्थानीय सरकार उद्धारका लागि प्रभावकारी रूपमा परिचालित भएको ठाउँमा क्षति कम भएको र प्रभावकारी परिचालित नभएको ठाउँमा बढी क्षति भएको अनुभवले बताएको छ । उद्धारपछि पीडितलाई पहिलो राहत उपलब्ध गराउने जिम्मेवारी पनि स्थानीय सरकारकै काँधमा छ । थप राहत पछि अन्य निकायबाट आउँदै गर्ला तर प्राथमिक राहतको सेवा स्थानीय सरकारबाट नै उपलब्ध गराइनु पर्छ ।

**अनुगमनः** विपत् व्यवस्थापनका लागि सबैलाई परिचालन गर्ने जिम्मेवारीसँगै उनीहरूको अनुगमन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारलाई छ । विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा अनुगमनको जिम्मेवारी समेत स्थानीय सरकारले गर्नुपर्ने भनेर स्पष्टसँग तोकिएको छ । ऐनमा विपत् व्यवस्थापनका बेला सार्वजनिक संस्थान तथा व्यावसायिक प्रतिष्ठानले गर्नुपर्ने जिम्मेवारीका बारेमा पनि उल्लेख गरिएको छ । त्यो जिम्मेवारी ती संस्थान तथा प्रतिष्ठानले निर्वाह गरेका छन् कि छैनन् भन्ने अनुगमन भने स्थानीय सरकारले गर्नु पर्छ । त्यसबाहेक उद्धार तथा राहतका लागि भइरहेका कामको समग्रमा अनुगमन गर्ने, दुरूपयोग हुन नदिने, न्यायोचित वितरण गर्नेलगायतका जिम्मेवारी पनि स्थानीय सरकारको हो ।

पूर्वसूचना प्रणालीको विकास र सञ्चालनः विपत् व्यवस्थापनका लागि सबैभन्दा प्रभावकारी उपाय भनेकै पूर्वसूचना हो । कुनै पनि विपत्का बारेमा पूर्वसूचना पाउन सकियो भने क्षति न्यूनीकरण गर्न धेरै सघाउ पुग्छ । बाढी, पहिरो, वर्षा, आगलागीलगायतका जुनसुकै विपत्का घटना हुनुअघि वा हुनेवित्तिकै प्रभावित क्षेत्रका नागरिकलाई जानकारी दिलाउन सकियो भने उनीहरु त्यसबाट जोगिन सक्छन् । त्यसका लागि स्थानीय सञ्चार माध्यमको प्रयोगसँगै विभिन्न सूचना प्रविधिको पनि विकास र सञ्चालन गर्न सकिन्छ । पछिल्लो समय विश्वमै नयाँ प्रयोगको रूपमा लोकप्रिय पनि हुँदै गएको क्रिस्टा एप अनुकरणीय हुन सक्छ । क्रिस्टा एपमा स्थानीय सरकारले सम्भावित विपत्बाट प्रभावितलाई एप डाउनलोड गर्न लगाउँछ । कुनै पनि विपत् हुने वित्तिकै वा हुनुपूर्व एपमा चेतावनीमूलक विषेश सूचना आउँछन् । अनि प्रभावित नागरिक र उद्धारकर्ताका बिचमा सूचना आदानप्रदान चाँडो र यथार्थपरक बनाउन सकिन्छ । धादिङका केही पालिकाले केही वर्ष पहिले गरेको यसको प्रयोग प्रभावकारी भएपछि अहिले अन्य पालिकामा पनि विस्तार गरिएको छ ।

**आपत्कालीन कार्य सञ्चालन केन्द्रः** स्थानीय सरकारले स्थानीयस्तरमा कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्छ । कुनै पनि विपत् आयो भने कहाँबाट उद्धार तथा राहतका काम गर्नु प्रभावकारी र उपयुक्त हुन्छ भन्ने यकिन गरी आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गर्नु पर्छ । त्यस केन्द्रमा उद्धार तथा राहतका सामग्रीको व्यवस्थापन गर्नुका साथै राहत तथा उद्धारका काम त्यहींबाट सञ्चालन गर्नु पर्छ ।

**दस्ताबेजको सुरक्षाः** विपत्का घटनाका कारण स्थानीय महत्त्वपूर्ण कागजपत्र तथा विभिन्न दस्ताबेज हराउने, नष्ट हुने हुन सक्छ । त्यस्तो हुन नदिनका लागि तत्कालै त्यसको सुरक्षाका लागि स्थानीय सरकारका अधिकारीले तदारूकता देखाउनु पर्छ । स्थानीय दस्ताबेज स्थानीय सरकारका महत्त्वपूर्ण सम्पत्ति भएकाले त्यसलाई जोगाउनु स्थानीय सरकारको मुख्य जिम्मेवारी हो ।

**पीडितको पहिचान प्रमाणीकरण :** विपत्पछि पीडितलाई दिइने राहत र सेवा सुविधा वितरणका लागि निश्चित मापदण्ड र पहिचान निर्धारण गर्नु पर्छ । त्यसका लागि गैरपीडितले पनि राहत र सेवा सुविधाका लागि दाबी गर्ने प्रवृत्ति देखिन्छ । वास्तविक पीडितलाई राहत र सेवा सुविधा उपलब्ध गराउनका लागि उनीहरूको पहिचान गर्ने महत्त्वपूर्ण जिम्मेवारी स्थानीय सरकार को हो । त्यसो गर्न सकिएन भने बाहिरी वा अन्य निकायबाट यो यथार्थपरक हुन सक्दैन । पाउनु पर्नेले नपाउने र नपाउनु पर्नेले पाउने अवस्था सिर्जना हुन सक्छ ।

स्थानीय सरकारले आफ्नो जिम्मेवारीलाई पूर्ण र प्रभावकारी रूपमा पालना गर्न हरसम्भव प्रयत्न गरिरहनु पर्छ । स्थानीय सरकारलाई जिम्मेवारी बनाउने काम नागरिककै हो ।

## कास्कीमा बाढीपहिरोमा परेर ११ को मृत्यु, चार जना घाइते

गोरखापत्र अनलाइन
२८ असार २०८१, शुक्रबार
रमेश पौडेल



कास्कीमा बाढी पहिरो पीडितलाई उद्धार गर्दै प्रहरी । तस्बिर नेपाल प्रहरी

पोखरा, असार २८ गते । लगातार परेको अविरल वर्षाका कारण गए राती कास्कीमा आएको बाढीपहिरोले ११ जनाको मृत्यु भएको छ भने ४ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक मोहन कुमार थापाका अनुसार पहिरोले पुरिँदा पोखरा महानगरपालिका वडा नं १९ पुरनचौरमा ७ जनाको मृत्यु भएको छ भने २ जना घाइते भएका छन् । मृतकहरूमा वर्ष ४७ का कुलबहादुर परियार, उनकी ४३ वर्षीय श्रीमती मनकुमारी, आमा ८५ वर्षकी

लक्षिमा, छोरीहरु १५ वर्षकी प्रसना, २० वर्षकी प्रभा र वर्ष २५ का ज्वाइँ अस्मित परियार रहेका छन् । सो घटना देखेपछि ४६ वर्षीया राधिका परियारको हर्ट अट्याक भई मृत्यु भएको प्रहरी उपरीक्षक थापाले जानकारी दिनुभयो । सो घटनामा मृत्यु भएका सबै जनाको शव पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याइएको छ भने घाइते भएका पवन र कुमार परियारको पनि सो ही अस्पतालमा उपचार भइरहेको छ ।

त्यसै गरी कास्कीकै मादी ११ तल्लो साप्लेमा हुमबहादुर गुरूङको घरमा पहिरो आउँदा ८० वर्षीय माइती गुरूङको मृत्यु भएको छ भने हुमबहादुर घाइते भएका छन् । त्यसै गरी पोखरा महानगरपालिका वडा नं ३० र ३२ को सिमानामा रहेको चैनपुरमा आरती ओझाको घरमा बाढी पस्दा छोरीहरु १८ वर्षकी अस्मिता, ११ वर्षकी अनुष्का र उनका भतिज ९ वर्षीय पुष्प सुवेदीको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । सो घटनामा घाइते ४० वर्षीय आरती ओझालाई उद्धार गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि भर्ना गरिएको छ ।

कास्कीमा बाढी पहिरो आए पछि उद्धार र राहतका लागि प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको नेतृत्वमा उद्धार टोली कास्कीको मादीमा पुगेको उद्धारमा खटिनुभएका प्रहरी उपरीक्षक थापाले जानकारी दिनुभयो । मृतकहरूको शव पोस्टमार्टम गरी आफन्तको जिम्मा लगाइने उहाँले बताउनुभयो ।

## सिमलताल पहिरो : पाँच जनाको शव भेटियो

गोरखापत्र अनलाइन
३० असार २०८१, आइतबार



चितवन, असार ३० गते । गत शुक्रबार बिहान पहिरोले बगाएर त्रिशूलीमा बेपत्ता भएका दुईवटा बसका यात्रुमध्ये पाँच जनाको शव फेला परेको छ । भेटिएका शवमध्ये तीन जनाको परिचय खुलेको छ ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार माडी नगरपालिका-१ का २२ वर्षीय विकास परियार, सर्लाही बरहथवा नगरपालिका-३ का १९ वर्षीय र मितकुशर माझी र भारतको बिहार सीतामणि बर्गिनिया जमुहवाका २८ वर्षीय ऋषिपल साहको शव भेटिएको हो । भेटिएका मध्ये दुई जनाको परिचय खुल्न बाँकी छ ।

काठमाडौँबाट गौरतर्फ गइरहेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको बस र वीरगन्जबाट काठमाडौँतर्फ गइरहेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको बस भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिरो खस्दा शनिबार बिहान दुवै बस त्रिशूलीमा बगेका थिए । गौरतर्फ गइरहेको बसमा ३८ जना र काठमाडौँतर्फ गइरहेको बसमा सवार २७ जना बेपत्ता भएका थिए । रासस

# दुई जना बालकको मृत्यु

गोरखापत्र अनलाइन
३० असार २०८१, आइतबार
अविनाश चौधरी



धनगढी, असार ३० गते । कैलालीमा पहिरोमा परेर एक बालकको मृत्यु भएको छ । जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रका अनुसार चुरे गाउँपालिका -६ का १३ वर्षीय सन्तोष नेपालीको ज्यान गएको हो ।

हिजो बाख्रा चराउन गएको बेला माथिबाट खसेको पहिरोमा परी बालक गम्भीर घाइते भएका थिए । आफन्तले धनगढीस्थित सेती प्रादेशिक अस्पताल उपचारका लागि ल्याए पनि सन्तोषको उपचारको क्रममा ज्यान गएको केन्द्रले जानकारी दिएको छ ।

पहाडी भू-भाग ओगटेको चुरे र मोहन्याल गाउँपालिकामा पहिरोको जोखिम बढी छ ।

यसैबिच, टीकापुर नगरपालिका -१ एकतानगर मुक्त कमैया शिविरका ११ वर्षीय बालक आरनेल चौधरीको पोखरीमा डुबेर ज्यान गएको छ ।

आकाशे पानीबाट जम्मा भएको पानीमा पौडी खेल्नेक्रममा डुबेर अचेत बालकलाई उपचारको लागि टीकापुर अस्पताल लैजाँदा चिकित्सकले मृत घोषणा गरेको जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रले जनाएको छ ।

# बाढीले इन्द्रावती तेस्रो जलविद्युत् आयोजनामा क्षति

गोरखापत्र अनलाइन
३१ असार २०८१, सोमबार



सिन्धुपाल्चोक, असार ३१ गते । याङ्री तथा इन्द्रावती नदीमा गए राति आएको बाढीले इन्द्रावती तेस्रो जलविद्युत् आयोजनालाई क्षति पुर्‍याएको छ । सात दशमलव ५ मेगावाट क्षमताको आयोजनाको पाँचपोखरीको तिपेनीमा रहेको ड्याम बालुवाले भरिएको, 'सवस्टेसन' र पावर हाउसमा क्षति पुर्‍याएको पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासी लामाले जानकारी दिनुभयो ।

जिल्लाको क्षेत्र नम्बर २ का अधिकांश भागमा विद्युत् सेवा अवरूद्ध भएको छ । साथै खाल्डेखोलादेखि तिपेनीसम्म सडकसमेत अवरूद्ध भएको छ । यस क्षेत्रमा जाने वैकल्पिक सडक नहुँदा अत्यावश्यक यातायातका साधनसमेत चल्न नपाउँदा बिरामीसमेत मारमा परेका उहाँले बताउनुभयो । त्यस्तै चिन्डे जतन जोड्ने र भोलुङ्गे पुल र याङ्री पुल पनि बाढीले बगाएको स्थानीय ग्याल्बो साम्देनले बताउनुभयो । याङ्री तथा इन्द्रावती नदी तटीय क्षेत्रको खेतीयोग्य जमिन बगाएको छ । चिनियाँपुल, माफीरूम्टी, तिपेनी, खस्रे बालुवा र खाल्डेखोलाजस्ता बस्ती बजार र अस्पताल पनि जोखिममा रहेको बताइएको छ ।

मेलम्ची, इन्द्रावती तथा पाँचपोखरी जोड्ने मेलम्चीमा गत वर्ष मात्रै बनेको 'बेलिबृज' पनि जोखिममा परेको छ । त्यस्तै मेलम्चीमा नवनिर्मित बसपार्क, खेलमैदान र निर्माणाधीन कभर्डहल समेत बाढीको जोखिममा बताइएको छ । यसैगरी अरनिको राजमार्गअन्तर्गत बाह्रबिसे नगरपालिका ३ र ५ जोडिने खाग्दल खोलामा रहेको 'बेलिबृज' बाढीले बगाएको छ । रासस

## बाढीले पुल बगाएपछि तातोपानी-बाह्रबिसे यातायात ठप्प

गोरखापत्र अनलाइन
३१ असार २०८१, सोमबार
चित्र मिजार



बाढीले बगाएको खाग्दल बेलिब्रिज । तस्बिरः चित्र मिजार

सिन्धुपाल्चोक, असार ३१ गते । गएरातीको बाढीले बाह्रबिसे नगरपालिका-३ स्थित खाग्दल खोलाको बेलिबिज्र बगाएको छ । बेलिबिज्र बगाएपछि तातोपानी-बाह्रबिसे सडक खण्ड पूर्ण रूपमा बन्द भएको छ ।

यस्तै मेलम्ची बाढी उर्लेपछि मेलम्ची-तिपेनी-भोताङ सडक खण्डहर बनेको छ । मेलम्ची बजारस्थित बेलिबिज्र बाढीले बगाउने अवस्थामा रहेको छ । त्यसकारण उक्त सडक खण्ड पूर्ण रूपमा अवरूद्ध भएको छ ।

गए राती इन्द्रावती खोलाको भीषण बाढीले चिण्डेजतन झोलुङ्गे पुल बाढीले बगाएको छ । त्यस्तै पाँच पोखरी झोलुङ्गे पुल बगाएको छ । दुवै झोलुङ्गे पुल बगाएपछि पूर्ण रूपमा आउजाउ बन्द भएको छ ।

## पोखराको झिझिर्कामा ५ घर विस्थापित, २६ घर जोखिममा

गोरखापत्र अनलाइन
३० असार २०८१, आइतबार
रमेश पौडेल



पोखरा महानगरपालिका वडा २५, हेम्जाको झिर्झिकामा माथिबाट आएको पहिरो व्यवस्थापनको प्रयास गर्दै स्थानीय ।

पोखरा, असार ३० गते । पोखरा महानगरपालिका वडा नं. २५, हेम्जाको झिझिर्का फलामे खेतमा आएको पहिरोले ५ घर विस्थापित भएका छन् भने २६ घर पहिरोको उच्च जोखिममा छन् । अविरल वर्षाका कारण निरन्तर गएको पहिरोले झण्डै ५० रोपनी जग्गा पुरिसकेको छ ।

गण्डकी प्रदेशसभाका सदस्य गणेशमान गुरूङका अनुसार पहिरोले झण्डै चारसय रोपनी खेतमा असर गरेको छ । उहाँका अनुसार स्थानीय एकदत्त अधिकारी, छविलाल अधिकारी, कपिलप्रसाद अधिकारी, वासुदेव अधिकारी, शिवदत्त अधिकारीको घर परिवार विस्थापित भएको छ ।

समयमै पहिरो नियन्त्रण गर्न सकिएन भने पोखरामा आउने मर्दीखोलाको पानी बन्द हुने सम्भावना छ । सो पहिरो मुहान नजिक भएकाले अहिले गेग्रान थुपारेको छ । अहिले पोखरेलीले धमिलो पानी खान बाध्य छन् । मुहान बगायो भने त्यही पानी नपाउने अवस्था आउनसक्ने कांग्रेस नेता मनोज गुरूङले बताउनुभयो । समयमा सम्बन्धित निकायबाट आवश्यक कदम चाल्नुपर्ने उहाँको भनाइ छ ।

कमेरो र बलौटेसहितको माटो भएकाले वातावरण तथा भूगर्भविद्को टोलीले अनुगमन गरी रोकथामको उपाय गर्नुपर्ने सांसद गुरूङले बताउनुभयो । स्थानीय ऋषि गौतमले विगत चार-पाँच वर्ष अघि पनि पहिरोमा एक जनाको मृत्यु भएको छ । तत्कालका लागि पोखरा महानगरपालिकाले २५ वटा तारजालीको व्यवस्था गरे पनि जाली भर्न नसकिएको उहाँको भनाइ छ ।

यता, पोखरा महानगरपालिका प्रवक्तासमेत रहनुभएका पोखरा २५ का वडाध्यक्ष मोतिलाल तिम्सिनाले पहिरो नियन्त्रणका लागि महानगर मात्र नभइ सबै पक्ष मिलेर दीर्घकालीन योजना अनुरूप अगाडि बढ्नुपर्ने बताउनुभयो । हेम्जादेखि बेलबोट, धिताल, धम्पुस हुँदै निर्माण गरिएको सडकबाट बर्खाको समय पानी एकीकृत भएर उक्त स्थानमा आउँदा असर परेको स्थानीयको भनाइ छ ।

## खोलाले बगाउँदा दुईको मृत्यु




गोरखापत्र अनलाइन
३१ असार २०८१, सोमबार
अमरराज नहर्की
तनहुँ, असार ३१ गते । खोलाले बगाउँदा तनहुँमा दुईको मृत्यु भएको छ । व्यास नगरपालिका-५ साँगे निवासी २० वर्षीय शिशिर कुमालको आइतबार साँझ घर नजिकैको साँगे खोलाले बगाउँदा मृत्यु भएको हो भने भानु नगरपालिका-६ लेङगाबारीका ३१ वर्षीय निमबहादुर मश्राङ्गीको चुँदीखोलाले बगाउँदा मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायव उपरीक्षक दीपककुमार रायका अनुसार बगाएर बेपत्ता हुनु भएका कुमालको घरदेखि करिब एक किलोमिटर टाढा रहेको साँगे खोलामा डुबेको अवस्थामा स्थानीयले देखेपछि तत्काल उद्धार गरी दमौली अस्पतालमा पुर्याउँदा मृत्यु भैसकेको थियो ।

चुँदी खोलामा नुहाउने क्रममा शनिवार दिउँसो बेपत्ता भएका मश्राङ्गी आइतबार भानु नगरपालिका-५ पञ्च नगर स्थित चुँदी खोला किनारमा मृत अवस्थामा फेला परेको थियो । दुवै घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको छ ।

# रूकुम पश्चिम अपडेटः पुरिएका तीन बालिकाको शव निकालियो, बेपत्ताको खोजी हुँदै

गोरखापत्र अनलाइन
१ साउन २०८१, मङ्गलबार
राजु लामिछाने
रूकुम पश्चिम, साउन १ गते । रूकुम पश्चिममा गए राती आएको बाढीले घर बगाउँदा मृत्यु भएका तीन बालिकाको शव निकालिएको छ ।



बाढीले घर क्षति गरेको आठबिसकोट १२ को झिन्चौर क्षेत्र । तस्बिरः राजु लामिछाने

आठबिसकोट नगरपालिका वडा नम्बर १२ को झिन्चौर बगरमा तातोपानी र झिन्चौर खोलाको बाढीले घर बगाउँदा घरमै पुरिएर मृत्यु भएका तिन बालिकाको शव निकालिएको हो । नगर प्रमुख रबी केसीका अनुसार बाढीले घर बगाउँदा पुरिएर मृत्यु भएका १० वर्षीया हितमाया पुन, आठ वर्षीया धनसा पुन र चार वर्षीया मनीषा सार्कीको शव निकालिएको हो ।

बाढीले घर बगाउँदा बेपत्ता हुनुभएका स्थानीय ४० वर्षीया डिल्लीबहादुर बुढाथोकीको खोजी कार्य भइरहेको नगरप्रमुख केसीले जनाउनुभयो । उहाँ बसेको घरमै परिएको हुनसक्ने आशङ्का गरिएको छ । लेदोसहितको बाढीले घर पुरिएको छ । डोजर लगाएर लेदो हटाउने तयारी भइरहेको छ ।

घटनामा परेर घाइते भएका सात जनाको भने आठबिसकोटस्थित नगर अस्पतालमा उपचार भइरहेको छ । स्थानीय १२ वर्षीया विनय सार्की, २२ वर्षीया मनीषा पुन, २९ वर्षीया जनक खत्री, ६ वर्षिया मनसरी पुन, चार वर्षीया मेक्सन पुन, २८ वर्षीया धनमाया पुन र ६५ वर्षीया कल्पना कामी घाइते हुनुभएको छ ।

आठबिसकोटको वडा नम्बर १०, ११ हुँदै आउने गिजागार खोलामा आएको बाढीले घर बगाउँदा उक्त घटना भएको बताइएको छ । बाढीले अन्य स्थानका घर र घट्ट बगाएको छ । घटनाको पूर्ण विवरण सङ्कलन हुँदै गरेको नगरप्रमुख केसीले बताउनुभयो ।

# पहिरो रोक्न योजना

गोरखापत्र अनलाइन
१ साउन २०८१, मङ्गलबार
मनसुनी वर्षा सुरू भएसँगै पहाडी क्षेत्रमा बर्सेनि पहिरोको जोखिम हुने गरेको छ । भिरालो जमिनमा घर हुनेहरु लगातार र ठुलो पानी परेपछि रातभर सुत्न सक्ने स्थिति हुँदैन । कतिबेला माथिबाट पहिरो खस्ने हो वा तलबाट पहिरोले तान्ने हो भन्ने चिन्तामा रहनेमा मुलुकको कुल जनसंख्याको ३० प्रतिशतभन्दा बढी देखिएको छ । पहिरोकै कारण खोलानालामा एकाएक बाढी आएर तटीय क्षेत्रमा पुऱ्याउने क्षतिसमेत उत्तिकै छ । विसं २०७८ मा सिन्धुपाल्चोकको मेलम्चीमा आएको बाढी र जुरे क्षेत्रको पहिरोले गरेको क्षति अकल्पनीय थियो । यस्तै खालका अन्य घटना पनि मुलुकमा हुँदै आएका छन् । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार १० वर्षयता मुलुकभर करिब तीन हजार वटा पहिरो गएका छन् र ती पहिरोमा परेर एक हजार तीन सयभन्दा बढीले ज्यान गुमाएका छन् । यसै गरी सोही अवधिमा भएका एक हजार पाँच सयभन्दा बढी बाढीका घटनामा परेर करिब आठ सय जनाको ज्यान गएको तथ्याङ्कले देखाएको छ ।

पहिरोकै कारण बाढीको जोखिम हुने गरेको विभिन्न घटनाले पुष्टि गरेका छन् । सडकमा गुडिरहेका सवारीसाधन पहिरोमा परेर भएको जनधनको क्षतिसमेत उत्तिकै छ । गत शुक्रबार मात्रै दुई वटा रात्रि बस पहिरोमा परेर त्रिशूली नदीमा खस्दा ६१ जना बेपत्ता भएपछि सडक यात्रातर्फको जोखिमसमेत उच्च देखिएको छ । बेपत्ता यात्रुमध्ये हालसम्म केहीको मात्र शव फेला परे को छ । नारायणगढ-मुग्लिङ सडकखण्डको जोगीमारा र कृष्णभिरको पहिरोले निकै ठुलो क्षति पुऱ्याएको स्मरणीय छ । पहिरो

रोकथामका लागि अनेक कार्य हुँदै आएका पनि छन् । कतिसम्म भने पहिरो रोकथामका लागि साहित्यकारले कृष्णभिरमा गएर कविता वाचन गर्ने जस्ता हास्यास्पद कार्यक्रम पनि गरिए । अहिले यी दुवै पहिरो रोकिएका भए पनि नयाँ ठाउँमा पहिरो गएर ठुलो क्षति भएको हो । हाल बाढीको भन्दा पहिरोको जोखिम धेरै देखिएको छ । अकल्पनीय ठाउँमा पनि पहिरो गएर क्षति पुगेको छ । केही वर्षयता गाउँमा पुगेको डोजरे विकासका कारण पहिरोको जोखिम झनै वृद्धि भएको स्थानीयको भनाइ छ । भौगोलिक अवस्थाको जोखिम ख्याल नगरी अनियन्त्रित ढङ्गले डोजर चलाएर निर्माण गरिएका ग्रामीण सडकका कारण पहिरो जाने क्रममा दोब्बर वृद्धि देखिएको हो ।

नारायणगढ-मुग्लिङ सडकको पहाडको अवस्था र पहिरोको स्थितिबारे अहिलेसम्म कुनै किसिमको अध्ययन नै नभएको भूगर्भविद् डा. रञ्जनकुमार दाहालको भनाइ गम्भीर छ । माथिल्लो क्षेत्रका पहाडको अवस्थितिबारे भौगर्भिक तथा वातावरणीय अध्ययन गरेर पहिरोको जोखिम नियन्त्रण कार्य तत्काल थाल्नुपर्ने उहाँको सुझाव सम्बन्धित क्षेत्रले मनन गर्न आवश्यक छ । जिल्ला ट्राफिक प्रहरीका अनुसार तीन वर्षयता मात्रै यो सडकखण्डमा ७६ पटक पहिरो खसेर ३२६ घण्टा त सडक नै अवरूद्ध भएको छ भने दर्जनौँ सवारीसाधन पुरिनुका साथै त्रिशूली नदीमा खसेका छन् । सबैभन्दा ठुलो हृदयविदारक घटना गत शुक्रबारकै हो । गुडिरहेका बसलाई पहिरोले बगाएर भएको यति ठुलो क्षतिप्रति राज्य संयन्त्र गम्भीर हुन आवश्यक छ ।

नारायणगढ-मुग्लिङ सडकखण्डमा पटक पटक पुनर्निर्माण कार्य भएको छ । यसक्रममा सडकको ३१ स्थानमा पहिरोको जोखिम ज्यादा भएकोबारे भारतीय कम्पनी इन्टरकन्टिनेन्टल कन्सल्टेन्ट एन्ड टेक्नोक्रेट (आइसिटी) ले अध्ययन गरेर जोखिम क्षेत्र पहिचानसहित नियन्त्रणका लागि नारायणगढ-मुग्लिङ सडक आयोजनालाई प्रतिवेदन दिएको विदित हुन्छ । सोही प्राविधिक सुझावका आधारमा आयोजनाले १४ करोड रूपियाँको लागतमा २५ स्थानको पहिरो नियन्त्रणको काम गरेको जानकारी दिएको छ । पछिल्लो समयमा नयाँ नयाँ ठाउँमा पहिरो गएको छ । सडक पुनर्निर्माणका क्रममा डोजर चलाउँदा, विस्फोटक पदार्थको प्रयोग गर्दिँदा थर्किएर खलबलिएको माथिल्लो क्षेत्र पानीले गलेपछि पहिरो जाने गरेको विज्ञको भनाइ छ । अर्कोतर्फ जथाभाबी गरिएको जग्गा प्लटिङले पनि थप समस्या निम्त्याएको देखिएको हो । पहिरो नियन्त्रणका लागि दीर्घकालीन समाधान खोज्न ढिला भइसकेको छ । रूखबिरूवा रोपेर पहिरो नियन्त्रण गरिने प्रविधि 'बायोइन्जिनियरिङ' लाई जोड दिनुपर्ने विज्ञको सुझाव मननीय छ ।

चट्टान खोपेर जाली प्रविधिबाट र कङ्क्रिटको पर्खाल लगाएर पनि केही हदसम्म पहिरो नियन्त्रण गर्न सकिने वातावरणविद्‌को सुझाव रहेको छ । मनसुनी दुष्प्रभावको क्षति रोकथाम गर्न, न्यूनीकरण गर्न तथा योजनाबद्ध ढङ्गले प्रतिकार्यमा जुट्नुपर्ने त छँदै छ, पहिरो नियन्त्रणका सम्बन्धमा पनि तत्काल कार्ययोजना अगाडि बढाउन अपरिहार्य देखिन्छ ।

## फापरखेतको पहिरोले यातायात अवरूद्ध

गोरखापत्र अनलाइन
४ साउन २०८१, शुक्रबार
ठाकुरप्रसाद आचार्य

म्याग्दी (बेनी), साउन ४ गते । म्याग्दीको पश्चिम भेगलाई सडक सञ्जालसँग जोड्ने बेनी-दरबाङ सडक अन्तर्गत बेनी नगरपालिका -४, र मङ्गला गाउँपालिका-२, को सिमानामा पर्ने फापरखेतमा पहिरो गएको छ ।


सडक अवरूद्ध बनेपछि पश्चिम भेगमा खाद्यन्न अभाव हुनथालेको छ । तस्विरः ठाकुरप्रसाद आचार्य

सडक माथिबाट झरेको पहिरोका कारण एकसातादेखि यातायात अवरूद्ध भएको छ । सिधा यातायात अवरूद्ध भएपछि मंगला, मालिका र धवलागिरी गाउँपालिकाका सर्वसाधरणहरूले सास्ती भोग्नुपरेको छ ।

## बेनी-दरबाङ सडकखण्डको पहिरो




गोरखापत्र अनलाइन
४ साउन २०८१, शुक्रबार
म्याग्दी,साउन ४ गते । म्याग्दीको बेनी-दरबाङ सडकखण्ड अन्तर्गत बेनी नगरपालिका ४ र मङ्गला गाउँपालिका २ को सिमानामा पर्ने फापर खेतको पहिरो । यो पहिरोका कारण पश्चिम म्याग्दीको सिधा यातायात सेवा एक सातादेखि अवरूद्ध भएको छ । तस्बिरः रासस

## बाढीले विद्यालय भवनमा क्षति

गोरखापत्र अनलाइन
९ साउन २०८१, बुधबार



पर्वत, साउन ९ गते । जिल्लाको पैयुँ गाउँपालिका-५ को बानीडाँडा प्राथमिक विद्यालयमा बाढी पसेको छ । विद्यालय नजिकको टिउरीखोलाको लेदोसहितको बाढीले विद्यालयका कोठा गेग्रानले पुरिएका छन्भने अन्य भौतिक संरचनामा क्षति भएको छ ।

पैयुँ गाउँपालिका-५ का वडाअध्यक्ष निर्भिक नारायण भुर्तेलका अनुसार विद्यालय स्थानान्तरण गर्नुपर्ने अवस्था छ । "खोला नियन्त्रणका लागि तत्काल पूर्वाधार निर्माण नगरे विद्यालय नै स्थानान्तरण गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो । भारी वर्षा हुँदा बाढीको जोखिम बढ्ने उहाँले बताउनुभयो । बाढीबाट भएको क्षतिको गाउँपालिकाका अध्यक्ष तोरण मल्ल, उपाध्यक्ष यामकुमारी रानासहितका जनप्रतिनिधिले स्थलगत अवलोकन गर्नुभएको छ ।

यसैबीच, बाढीका कारण पैयुँ -५ को पियाखेतका दर्जनौँ परिवारको घरगोठमा पनि क्षति पुऱ्याएको छ भने सयौँ रोपनी खेतबारी बगरमा परिणत भएको छ । पैयुँ गाउँपालिका-६ सरौँखोलामा रहेको लक्ष्मीभवन प्राविमा पनि क्षति भएको छ । रासस

# पहिरोमा पुरिएका दुईको हेलिकोप्टरबाट उद्धार



गोरखापत्र अनलाइन
१३ साउन २०८१, आइतबार
गुणबहादुर रोका

सुलीकोट, साउन १३ गते । उत्तरी गोरखाको धार्चे गाउँपालिका-५ सिङलास्थित रेसेगाउँमा गएको पहिरोमा परी गम्भिर घाइते भएका २ जनालाई हेलिकप्टरबाट उद्धार गरिएको छ । आइतबा बिहान ३ बजे गएको पहिरोमा परी एकै घरका ३ जना सहित थप १ जनाको खोजी कार्य भइरहेको छ भने २ जना घाइतेलाई स्थानीयले उद्धार गरी हेलिकोप्टरमार्फत काठमाडौंको टिचिङ अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय गोरखका प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार आइतबार बिहान १०:३० बजे कैलाश एयरको हेलिकप्टरमार्फत धार्चे गाउँपालिका-५ का कृषि फर्मका कामदार ३५ वर्षीय दिलिप गुरूङ र सोहि ठाउँका २७ वर्षीय खमबहादुर गुरूङलाई उपचारको लागि काठमाडौं पठाइएको उहाँले बताउनुभयो ।

पहिरो गएको ठाउँमा नेपाली सेना, नेपाली प्रहरी र स्थानीयहरू पुगेर घटनास्थलमा खोजी कार्य भइरहेको गोरखाका प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिनुभयो ।

पहिरोले एक घरका ३ जना सहित ४ जनालाई बेपत्ता बनाएको छ । बेपत्ता हुनेहरूमा धार्चे गाउँपालिका-५ रेसेगाउँमा बस्ने ३७ वर्षीय जीतबहादुर गुरूङ, जीतबहादुर गुरूङकी श्रीमती ३५ वर्षीय कान्छी गुरूङ, जीतबहादुर गुरूङका बुबा ६० वर्षीय सुलाल कान्छा गुरूङ र सोही ठाउँ बस्ने कामदार ३३ वर्षीय रमेश गुरूङ, वतन नखुलेका सोही फार्ममा ट्याक्टर चालकको रूपमा काम गर्ने २४ वर्षीय रमेश परियार बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

# गोरखामा पहिरोमा परी एकै घरका ३ जना सहित ४ बेपत्ता, दुई घाइते

गोरखापत्र अनलाइन
१३ साउन २०८१, आइतबार
गुणबहादुर रोका

सुलीकोट, साउन १३ गते । उत्तरी गोरखाको धार्चे गाउँपालिका - ५ सिङला स्थित रेसेगाउँमा एकै घरका ३ जना सहित पहिरोमा पुरिएर ४ जना बेपत्ता भएका छन् । रेसेगाउँमा कृषि फार्म र नजिकै रहेको घरमा पहिरोमा पुरिएर ४ जना बेपत्ता भएका छन् भने दुई जना घाइते भएका हुन् ।

पहिरोले एक घर र गोठ बगाउँदा धार्चे गाउँपालिका - ५ रेसेगाउँमा बस्ने ३७ वर्षीय जीतबहादुर गुरूङ, जीतबहादुर गुरूङको श्रीमती ३५ वर्षीया कान्छी गुरूङ, जीतबहादुर गुरूङको बुबा ६० वर्षीय सुलाल कान्छा गुरूङ र सोहि ठाउँ बस्ने कामदार ३३ वर्षीय रमेश गुरूङ, बतन नखुलेका सोही फार्ममा ट्याक्टर चालकको रूपमा काम गर्ने २४ वर्षीय रमेश परियार बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार पहिरोमा पुरिएर घाइते भएका सोही ठाउँका ३५ वर्षीय दिलीप गुरूङ र फार्ममा कामदारको रूपमा काम गर्दै आउनुभएका खमबहादुर गुरूङलाई सामान्य चोटपटक लागेको उहाँले बताउनुभयो ।

प्रहरी चौकी माछी खोलाबाट गएको प्रहरी टोली र लाप्राकबाट गएको प्रहरी टोलीले उद्धार कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ ।

## अवरूद्ध सडक खुलाउँदै



गोरखापत्र अनलाइन
१४ साउन २०८१, सोमबार
रूकुम, साउन १४ गते । मध्य पहाडी लोकमार्ग अन्तरगत रूकुम पूर्वको सिस्ने गाउँपालिका-६ र ानीकोटमा खसेको पहिरोले अवरूद्ध भएको सडक डो जरको सहायताले खुलाउँदै । तस्बिरः रासस

## धार्चे पहिरो : बेपत्ताको खोजी जारी



गोरखापत्र अनलाइन
१४ साउन २०८१, सोमबार
गोरखा, साउन १४ गते । उत्तरी गोरखाको धार्चे गाउँपालिका-५ सिङ्लास्थित रेसेमा आइतबार पहिरोमा परी बेपत्ता भएकाहरूको आज बिहानैदेखि खोजी सुरू गरिएको छ । भीषण पहिरोमा परेर बेपत्ता भएका पाँचजनाको आइतबार दिनभर खोजी गरिए पनि फेला पार्न नसकिएपछि आज बिहानैदेखि खोजी गर्न थालिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

बेपत्ता भएकाको खोजीका लागि नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल र स्थानीयवासी जुटेको उहाँले बताउनुभयो । "पहिरोले घर तथा कृषि फार्म धेरै पुरिएकाले बेपत्ता भएकाको अवस्था पत्ता लगाउन कठिन भइरहेको छ", उहाँले भन्नुभयो, "हिजो दिनभर खोजी गर्दा केही पत्ता लागेन, आज फेरि बिहानैबाट खोजीकार्य थालेका छौँ ।"

बेपत्ताको खोजीका लागि 'जेसिवी मेसिन'को प्रयोग गरिएको उहाँले बताउनुभयो । आइतबार राति डाँडाबाट खसेको लेदोसहितको पहिरोले स्थानीय जीतबहादुर गुरूङको कृषि फार्म र एक घर बगाउँदा उहाँसहित ३५ वर्षीया कान्छी गुरूङ, ६० वर्षीय सुलाल कान्छा गुरूङ, ३३ वर्षीय रमेश गुरूङ र २४ वर्षीय रमेश परियार बेपत्ता भएका थिए ।

डाँडाबाट खसेको पहिरो बुढीगण्डकी नदीसम्म पुगेकाले बेपत्ता भएकाहरूलाई नदीको बगाएको हुनसक्ने अनुमान गरिएको छ । प्रहरीले आजदेखि बुढीगण्डकी नदी किनार आसपासका क्षेत्रमा पनि बेपत्ताको खोजी थालेको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताउनुभयो । रासस

# काठमाडौंमा बाढीः ३६ जनाको उद्धार

गोरखापत्र अनलाइन
१६ साउन २०८१, बुधबार



काठमाडौँ, साउन १६ गते । भारी वर्षासँगै काठमाडौँका नदी–खोलाको बाढीबाट यहाँको जनजीवन प्रभावित भएको छ । नेपाल प्रहरीका प्रवक्ता दानबहादुर कार्कीका अनुसार काठमाडौँबाट १२ र ललितपुरबाट २४ जनाको उद्धार गरिएको छ ।

काठमाडौँको कुलेश्वर र बल्खु क्षेत्रबाट ११ जना तथा नयाँ बसपार्क क्षेत्रबाट एकजनाको उद्धार गरिएको हो । काठमाडौँको बल्खु, तरकारी बजार, बाफल, धोबिखोला करिडोर, सुन्दरीघाट क्षेत्रमा डुबान भएको थियो । काठमाडौँको फुटुङको नागपोखरीमा पहिरो खस्दा एक घरमा क्षति भएको छ । नयाँ बसपार्क, मितेरी पुल क्षेत्र पनि डुबानमा परेको छ ।

ललितपुरको युएन पार्क क्षेत्रबाट डुबान प्रभावित दुई, सुन्दरीघाटबाट आठ, बालकुमारी पुलमुनिबाट एक, महालक्ष्मी नगरपालिका–८ चागाथलीबाट ७ र महालक्ष्मी नगरपालिका राममन्दिरबाट छजनाको उद्धार गरिएको छ । रासस

# वर्षाले रूख ढल्दा घरमा क्षति

गोरखापत्र अनलाइन
१६ साउन २०८१, बुधबार
अविनाश चौधरी धनगढी,



रूख ढलेर क्षतिग्रस्त भएको घर । तस्विर सहयोगः जिया चौधरी

कैलालीको कैलारी गाउँपालिका–७ स्थित छटकपुर वसन्तामा अविरल वर्षाका कारण रूख ढलेर घरमा क्षति भएको छ । सालको रूख ढलेर स्थानीय सन्तराम चौधरीको घरमा पूर्ण रूपमा क्षति भएको हो ।

मङ्गलबार रातीबाट परेको अविरल वर्षाले गर्दा सालको रूख घरमा ढलेको स्थानीय जीया चौधरीले जानकारी दिनुभयो ।

रूख ढल्दा घरमा भएको अन्नपात नोक्सान भए पनि मानवीय क्षति हुनबाट जोगिएको जनाइएको छ । जिल्लाको पूर्वी दक्षिणी क्षेत्रमा बुधबार बिहानबाट ठुलो वर्षा भइरहेको स्थानीयले जानकारी दिएका छन् ।

# गोरखामा एक घर बगायो, ११ घर उच्च जोखिममा




गोरखापत्र अनलाइन
१७ साउन २०८१, बिहिबार
गुणबहादुर रोका
सुलीकोट, साउन १७ गते । बुधवार राती आएको भीषण वर्षाले एक घर बगाएको छ भने ११ घर उच्च जोखिममा परेको छ । धार्चे गाउँपालिका - ५ सिङ्लास्थित पुरन गाउँमा घर माथिबाट आएको लेदो सहितको बाढी र पहिरोले तेज बहादुर गुरूङको घर बगाएको छ भने सिङ्ला बस्ती नै उच्च जोखिमामा परेको हो ।

धार्चे गाउँपालिका - ५ सिङ्लास्थित पुरन गाउँका तेज बहादुर गुरूङको घरमा भएका खाद्यान्न, लत्ताकपडा र केही नगद रकम पहिरोमा पुरिएर लाखौँ रूपैयाँको क्षति भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

त्यस्तै पहिरोमा परी लक्ष्मण गुरूङ, खुमबहादुर गुरूङ, इन्द्रबहादुर गुरूङ, मानबहादुर गुरूङ र सुन्दारम गुरूङलगायत ११ घरमा लेदोसहितको पहिरोले पुरिएर उच्च जोखिममा परेको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरूङले जानकारी दिनुभयो ।

उहाँका अनुसार स्थानीय बासिन्दाहरु जोखिम मोलेर त्यस ठाउँमा बस्न बाध्य भएका छन् । आकाशका बादल लाग्नसाथ पहिरोले घर र मान्छे नै पुर्ने हो कि भन्ने डरले स्थानीयहरु खुला चौर र सुरक्षित ठाउँ तर्फ लाग्ने गरेको उहाँले बताउनुभयो ।

रूकांङ डाँडाको आसपासबाट झरेको पहिरोका कारण सिङलाको पुरङ गाउँमा पूर्ण रूपमा क्षति पु र्याएको स्थानीय राज गोरखाकालीले जानकारी दिनुभयो । १ घर पहिरोमा पुरिएको छ भने अन्य ११ घर पहिरोको उच्च जोखिममा छन् ।

पहिरो परेका ३ जना घाइते भएकाहरूलाई तत्कालै स्थानीयहरूले उद्धार गरी बाँच्न सफल भएको स्थानीयहरूको भनाइ छ । २०७२ सालको भूकम्प पछि रूकाङ डाँडाको पुरङ गाउँको सिरानमा भूकम्पले जमिन चिरा चिरा परेकाले पनि पानी पर्नेबित्तिकै स्थानीयहरु त्रसित हुने गरेका छन् ।

पानी पर्नेबित्तिकै घरमाथिबाट आएको पहिरो गाउँ बस्तीतिर छिर्ने गरेकाले बाढी पहिरो नियन्त्रण गरी जोखिम कम गराउन स्थानीय सरकारको बजेटले पहिरो नियन्त्रण नहुने भएकाले पनि प्रदेश सरकार सङ्घीय सरकारबाट बजेट व्यवस्थापनका लागि माग गरिएको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरूङले बताउनुभयो ।

एक घर बगाए पनि पहिरो जान सक्ने भन्दै गाउँका स्थानीयहरु सुरक्षित ठाउँमा गएर बसेकाले पनि मानवीय क्षति नभएको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरूङको भनाइ छ ।

# पहिरो खस्दा पृथ्वी राजमार्ग अवरुद्ध

गोरखापत्र अनलाइन
२१ साउन २०८१, सोमबार

धादिङ, साउन २१ गते । पृथ्वी राजमार्ग अन्तर्गत धादिङको गजुरी नजिकै बाङ्गेमा सडक माथिबाट पहिरो खस्दा राजमार्ग अवरूद्ध भएको छ । गजुरी नजिकै बाङ्गेमा सुख्खा पहिरो खसेको हो ।

पहिरोले १५ यात्रु सवार सो माइक्रोबसका सात जना घाइते भएका छन् ।

पहिरोमा परेको माइक्रोबसका यात्रुलाई उद्धार गरी उपचारका लागि गजुरी अस्पताल पठाइएको छ । सुख्खा पहिरो खसिरहेकोले राजमार्ग अवरूद्ध बने पछि राजधानी काठमाडौँ जाने आउने सवारीसाधन रोकिएका छन् ।



पहिरोले क्षति भएको माइक्रोबस ।

# गरिबीमाथि विपत्को मार



समावेशी खालको भूउपयोग योजना जसले सीमान्तकृत समुदायले बेहोर्नु परेका जोखिमलाई सचेतना, पूर्वतयारी र निर्णय प्रक्रियामा सहभागिताका माध्यमले सम्बोधन गर्न सकिन्छ, अवलम्बन गरिनु पर्छ । विपत् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दा सीमान्तकृतको आवाज सुनिनु आवश्यक छ ।



नेत्र सुवेदी 'प्रयास'

२२ साउन २०८१, मङ्गलबार
नेत्र सुवेदी 'प्रयास'

सन् २०२४ को मनसुन प्रारम्भ भएपश्चात् जुलाई १७ सम्ममा ज्यान नै लिने खालका ३८ वटा घातक पहिरो गएका र १३५ जनाको मृत्यु भयो । कतिपय पूर्वाधार र कृषि तथा पशुजन्य उत्पादनमा क्षति पुगेको छ । यो वर्षको मनसुन अक्टोबरको सुरूवातसम्म रहने भनिएको हुँदा अझ पनि पहिरो जाने र त्यसबाट प्रभावित हुने सम्भावना बाँकी नै छ । जोखिमयुक्त स्थानमा भारी वर्षा हुनासाथ मानिसहरू आफू बसोबास गरेको स्थानबाट सुरक्षित र फराकिलो स्थानमा शरण लिन जानुपर्ने बाध्यता छ ।

पहिरो जानुमा भूकम्प, वन फँडानी जस्ता कारणले जमिनमुनि रहेको चट्टानको अवस्थामा परिवर्तन आई भूसंरचना नै कमजोर हुन जानु वा जमिनको वहन क्षमता र भूगर्भको पर्याप्त अध्ययनबिना नै पूर्वाधार बन्नु जस्ता कारण रहेको देखिन्छ । यति मात्र

होइन, पहिरोका कारण र प्रभाव सम्बन्धमा अनभिज्ञ रहेका स्थानीय बासिन्दा र वातावरणीय ह्रासप्रति अनदेखा प्रकट गर्ने निर्णय निर्माताको पनि कम भूमिका हुँदैन पहिरोजन्य विपत् हुनुमा । पछिल्ला वर्षमा खास गरी बादल फुट्न गई हुने भारी वर्षाका कारणले मनसुनको समयमा पहिरो जाने गरेको छ । यति मात्र होइन, माटो वा चट्टानको उत्खनन हुनु र भूकम्प जानु पनि पहिरोजन्य विपत्का लागि सहयोगी बनेको देखिन्छ ।

अध्ययनले देखाए अनुसार भूकम्पपश्चात् खुकुलो भएको भूगर्भका कारण पनि पहिरोजन्य विपत्का घटना बढ्ने सम्भावना बढेर जान्छ । वर्षाको मात्रामा आएको अन्तर, असमान र विविध भूगोल, साबिकमा रहेका जङ्गल र हरियालीको नाश हुनु जस्ता कारणले पहिरो आउने क्रम बढेको छ । इसिमोडले गरेको अध्ययनको निष्कर्षमा के भेटियो भने दलित समुदाय पहिरोले ज्यादा प्रभावित हुनेमा पर्छन् । जग्गा र अन्य स्रोतमा सीमित पहुँच रहेकै कारण उनीहरु पहिरोको असरमा पर्ने सम्भावना बढी हुन्छ । त्यसै गरी अक्सफाम र युएनडिपीले निकालेको निष्कर्षले समेत जातीय विभेदका कारण नेपालका सीमान्तकृत समुदायमा पहिरोको असर बढाएको देखाएको छ ।

पहाडी भूभागमा निर्माण भइरहेका पक्की वा कच्ची सडकका कारण पानीको निकास व्यवस्थापन बिथोलिन गएको छ । पानी परेका बेला भेलले जम्मा गर्ने ठोस चिजको बहाव अर्थात् डेब्रिजले गर्दा खोला थुनिने र वेगका साथ वहन पुगी जलविद्युत्का संरचना, पुल, सडकलगायत मानव बस्तीमा समेत ठुलो क्षति पुग्ने गरेको छ । पहिरोका कारण ज्यान गुमाउनेको विवरण विश्लेषण गर्दा अधिकांश व्यक्ति दलित र विपन्न वर्गका रहेको पाइन्छ । अर्थात् भनौँ दुःखी नेपालीको बस्तीमा पहिरोले पीर थपेको छ ।

**पहिरोको बढ्दो प्रवृत्ति**

दी जर्नल अफ इन्भाइरोमेन्ट एन्ड अर्थ साइन्समा प्रकाशित केसी, शर्मा र दाहालसमेतले गरेको अध्ययनमा सन् २०११ देखि सन् २०२० सम्म गएका पहिरोको भौगोलिक वितरण र घटित भएको समयरेखाको अध्ययन गरिएको थियो । जसमा नेपालमा पहिरो जाने क्रम अर्थात् प्रतिएक हजार वर्गकिलोमिटरमा जाने पहिरोको सत्ख्या जसलाई पहिरोको घनत्व पनि भन्ने गरिन्छ, यसको मान सन् २०११ मा ०.८५ रहेकोमा सन् २०२० मा बढेर ३.३४ पुगेको छ । अध्ययनले के पनि देखाएको छ भने सन् २०१५ मा गएको विनाशकारी भूकम्पपश्चात् पहिरोको घनत्व झन् बढेर गएको छ । हुन त जलवायु परिवर्तनको परिणामस्वरूप वर्षाको प्रवृत्तिमा हेरफेर भएको र खास गरी वर्षा भएका बखत त्यसको सघनता बढेको देखिन्छ । खास गरी पहाडी भूभागमा इन्जिनियरिङ अध्ययनबिना मापदण्डविपरीत बनेका बग्रेल्ती सडक पनि पहिरो जस्ता विपत्जन्य घटना बढाउने कारण भएका छन् ।

**विपत् र गरिबी**

गरिबी र विपत्जन्य घटनाबिच दोहोरो सम्बन्ध देखिन्छ । अर्थात् गरिबीले विपत्को असरलाई बढाउँछ भने विपत्जन्य घटनाबाट कुनै पनि सीमान्तकृत परिवारको गरिबी थप बढेर जान्छ ।

विसं २०७१ अर्थात् सन् २०१५ मा गएको भूकम्पपश्चात्को अवस्थामा नेपालको कुल जनसत्याको स्थान हेरी २.५ प्रतिशत देखि ३.५ प्रतिशत जनसत्या गरिबीको रेखामुनि पुग्न बाध्य भएको विश्लेषण सार्वजनिक भएको थियो । अन्य सानातिना विपत्का घटना विश्लेषण गरेर प्रतिवेदन त आउँदैन तापनि ती घटनाले घरपरिवारको आर्थिक, सामाजिक जगलाई भने नराम्ररी हल्लाएको हुन्छ । नेपालको सन्दर्भमा अधिकांश गरिब घरपरिवारको गुजारा कृषिजन्य कार्यबाटै हुने गर्छ । जब बाढीपहिरो, खडेरी जस्ता विपत् आइपर्छन् तब वर्षभरि खानुपर्ने बालीनाली क्षणभरमै सत्यनाश हुन्छ ।

सन् २०११ मा जेनेभामा भएको विपत् जोखिम न्यूनीकरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा केयर इन्टरनेसनलका महासचिव रोबर्ट ग्लासरले आफ्नो अभिव्यक्तिमा भनेको कुरा हृदयस्पर्शी छन् । उहाँका अनुसार गरिब घरपरिवार विपत्मा पर्दा उनीहरूले गुजाराका लागि अक्सर प्रयोग गर्ने सम्पत्ति वा आधार गुमाउन पुग्छन् । यति मात्र पनि होइन, उनीहरूसँग रहेको सीमित स्रोत, शिक्षा तथा स्वास्थ्यमा रहने कमजोर पहुँचका कारण पटक पटक विपत्मा पर्ने जोखिम बढी हुन्छ ।

कतिपय विपत्जन्य घटना हुनुमा मानिससँग जोडिएका कारण हुने बताइएको छ । भूकम्प आउनुमा मानिस प्रत्यक्ष जिम्मेवार हुँदैन तर भूकम्प आउने क्रममा के गर्न हुने के गर्न नहुने भनेर अलमलिने त मानिस नै हो । त्यस्तै विभिन्न संरचना बनाउने तथा थरिथरिका सामान थुपार्ने पनि मानिस नै हो । यसो गर्दा जोखिम बढ्ने पनि मानिसलाई नै हो । विपत्को बढ्दो प्रभावका लागि मानव स्वयम् जिम्मेवार हुने भनेर विपत् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयले नै स्वीकार गरेको

छ । खास गरी जङ्गल जथाभावी फडानी गर्ने, अव्यवस्थित सहरीकरण र अपर्याप्त तथा न्यून गुणस्तरको पूर्वाधार जस्ता मानवीय क्रियाकलाप सम्बद्ध कारणले बाढीपहिरो, भूकम्प जस्ता विपत्जन्य घटनाको असर ज्यादा हुने गरेको छिपेको छैन ।

**विपत्को अर्थसामाजिक आयाम**

प्राकृतिक विपत् र गरिबीबिचको सम्बन्ध विषयक खोजमूलक आलेखमा पिआर अवस्थीले नेपालमा केही वर्षका बिचमा भएका विपत्का घटनामा आधारित विश्लेषणबाट निकालेको निष्कर्ष अनुसार घरपरिवारको आम्दानीको अवस्था कमजोर हुनेबित्तिकै सम्भावित विपत्जन्य जोखिमसँग मुकाबिला गर्ने क्षमता कम हुन्छ । फलस्वरूप विपत्ले ल्याउने असर गहिरो हुने गर्छ र गरिबीको गहिराइ झनै बढ्छ । विश्व बैङ्कले गरेको एक अध्ययन अनुसार गरिब घरपरिवार अक्सर अप्ठेरो जग्गामा बसोबास गरेका र प्रयोगमा रहेका घर पनि कमजोर अवस्थामा रहेका हुन्छन् । गरिबले खाने खानामा पोषणको अवस्था कमजोर हुने, आधारभूत आवश्यकताका वस्तुको उपलब्धता न्यून हुने हुँदा विपत्जन्य घटनासँग जुध्ने क्षमता सीमित हुन्छ । विपत्जन्य घटनाको असर धनी र गरिबमा फरक अनुपातमा पर्ने गरेको छ ।

गरिबीको रेखाभन्दा थोरै माथि भएका पनि विपत्पश्चात पुनः गरिबीको चक्रमा पर्न बाध्य हुन्छन् । त्यसो त गरिबसँग स्रोतसाधन नै सीमित हुने र जसबाट सुरक्षित घरबास, सफा पिउने पानी र स्वास्थ्य सुरक्षाको अवस्था नै कमजोर हुनाले विपत्का बखत लड्ने क्षमता कम हुन्छ । त्यस्तै जरूरी हुँदा सहयोग पाउने सम्भावना पनि कमै हुन्छ । सरकारले लागु गरेका बिमाको स्किमले यस्ता घटनालाई पूर्ण रूपमा सम्बोधन नगर्ने हुँदा विपत्का घटनापश्चात् वित्तीय रूपमा उनीहरु निकै कमजोर हुन पुग्छन् । घटनापश्चात् सुरक्षित स्थानमा जानका लागि पनि एक त आफूसँग भएका सामान लिएर यातायातसम्मको पहुँच नहुन सक्छ भने अर्कोतिर झट्ट सहारा दिने व्यक्ति वा संस्थाको पनि अभाव हुन सक्छ । भएको जीविकाको स्रोत आंशिक वा पूर्ण रूपमा नष्ट भएपछि गरिब झन् गरिब हुन्छन् । यसबाट स्थानीय अर्थतन्त्र थप कमजोर हुने र समुदायको समुत्थान क्षमता पनि कमजोर भएर जान्छ ।

विपत् आफैँमा प्राकृतिक हो र यो अवश्यम्भावी हो भन्ने विषयलाई खण्डन गर्न आवश्यक छ । किनकि सबै जसो विपत्को असर कम वा बढी हुनुमा मानवीय भूमिका हुन्छ । विपत् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयका अनुसार मानवीय क्रियाकलाप संलग्न हुने वन फँडानी र जथाभाबी विकास निर्माण पनि विपत् घटना बढाउने कारण हुन् । अव्यवस्थित सहरीकरण, अपर्याप्त पूर्वाधारका कारण बाढी, आँधी, पहिरो, भूकम्पबाट हुने नोक्सानी अधिक हुन जान्छ । खोलाको प्रभाव क्षेत्रमा घर बनाउनु, पहाडी पाखामा डोजर प्रयोग गरेर सडक बनाउनु, पानी बग्ने निकास रोक्नु जस्ता क्रियाकलाप केही समयको अन्तरालमा घातक हुन पुग्छन् । त्यसो त विपत्ले सबै समुदायलाई समान ढङ्गले असर गर्ने हुँदैन । सामाजिक जोखिमका रहेका गरिबी, असमानता र सीमान्तीकरणको प्रभावस्वरूप विपत्बाट जोगिन वा जुध्नका लागि हुनुपर्ने समुत्थान क्षमतामा अन्तर पर्छ । यसबाहेक जलवायु परिवर्तनले पनि विपत्जन्य जोखिम बढाएको छ । के कुरा बुझ्नु जरूरी छ भने जसरी मानवीय क्रियाकलापकै कारण विपत् जोखिम बढेको छ, प्रकृतिमा असन्तुलन देखा परेको छ, त्यसरी नै मानवीय व्यवहार र कार्यमा देखाइने सावधानी र प्रकृतिको संरक्षणलाई अर्थतन्त्र र विकासको एक महत्वपूर्ण सर्त मान्न सकियो भने विपत् जोखिम घट्ने छ । त्यसो हुन सके विपत्को मुख्य कारण पहिचान भई उपयुक्त रणनीतिको प्रयोगबाट विपत् व्यवस्थापन सरल हुन जान्छ ।

**समाधान के त ?**

समुदायको जोखिम वहन क्षमता अर्थात् समुत्थानशीलता बढाउन तथा विपत् घटनापश्चात् पहिलेको अवस्थामा फर्कनका लागि पनि गरिबीको सम्बोधन अपरिहार्य छ । यसका लागि खास गरी हाल प्रयोगमा रहेका पूर्वाधारको गुणस्तर बढाउने, सामाजिक सुरक्षाका स्किमलाई बृहत् बनाउँदै लैजाने, विकासमा दिगोपन ल्याउने उपाय अवलम्बन गर्ने र शिक्षा तथा स्वास्थ्य सुविधामा पिँधमा रहेका वर्गको पहुँच बढाउन सकेमा कतिपय अप्ठेरा समाधान हुने देखिन्छ ।

समावेशी खालको भूउपयोग योजना जसले सीमान्तकृत समुदायले बेहोर्नु परेका जोखिमलाई सचेतना, पूर्वतयारी र निर्णय प्रक्रियामा सहभागिताका माध्यमले सम्बोधन गर्न सकिन्छ, अवलम्बन गरिनु पर्छ । विपत् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दा सीमान्तकृतको आवाज सुनिनु आवश्यक छ । गरिब घरपरिवारको विपत्सँग मुकाबिला गर्ने सक्षमता बढाउन बिमाको स्किममा विपत् घटनालाई समेट्नुका साथै जोखिमको विश्लेषणसहितको प्रकृतिमैत्री विपत् व्यवस्थापन रणनीति अपनाउनु आवश्यक छ ।

## बाढीपहिरो र आगलागी पीडितले अस्थायी आवास बनाउन ५० हजार पाउने

२२ साउन, काठमाडौं । सरकारले प्राकृतिक विपतमा घर गुमाएकाहरूलाई अस्थायी आवास बनाउन ५० हजार रूपैयाँ दिने निर्णय गरेको छ ।




विपद् व्यवस्थापन कार्यकारी समितिको सोमबारको बैठकले बाढी, पहिरो र आगलागीमा घर गुमाएकाहरूलाई अस्थायी आवास बनाउन ५० हजार रूपैयाँ दिने निर्णय गरेको हो ।

यसअघि भूकम्पबाट घर गुमाएकाहरूलाई मात्र अस्थायी आवासका लागि राहत रकम दिने निर्णय सरकारले गरेको थियो । तर, सोमबारको कार्यकारी समितिको बैठकले बाढी, पहिरो र आगलागीबाट घर गुमाएकाहरूलाई पनि अस्थायी आवास बनाउन ५० हजार रूपैयाँ दिने कार्यविधि स्वीकृत गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिए ।

विपत व्यवस्थापन कार्यकारी समितिको २१ वैशाख २०८१ मा बसेको २२ औं कार्यकारी समितिको बैठकले विपतबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि २०८१ अर्थ मन्त्रालयको सहमति प्राप्त गरी स्वीकृत गर्ने निर्णय गरेको थियो । तर अर्थ मन्त्रालयबाट राय प्राप्त नहुँदा त्यो स्वीकृत हुन सकेको थिएन ।

हालै मात्र अर्थले सहमति दिएपछि सोमबारको कार्यकारी समितिको बैठकले बाढी, पहिरो र आगलागीमा घर गुमाएकाहरूलाई दुई किस्तामा ५० हजार रूपैयाँ दिने निर्णय गरेको प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले जानकारी दिए ।

## बागलुङ बडिगाड पहिरो : उद्धारका लागि घटनास्थल पुग्यो हेलिकोप्टर

गोरखापत्र अनलाइन
२३ साउन २०८१, बुधबार
ठाकुरप्रसाद आचार्य

बागलुङ, साउन २३ गते । मङ्गलबार बिहान बागलुङको बडिगाड गाउँपालिका १० आरूपाटामा गएको पहिरो मा परेर घाइते भएकाहरूको उद्धारका लागि करिब २१ घण्टापछि हेलिकोप्टर घटनास्थल नजिक अवतरण गरिएको छ । मङ्गलबार बिहान पहिरोमा परेर वडा नम्बर १० मा ६ र ९ मा दुईजनाको मृत्यु भएको थियो ।

दुईजना चिकित्सक र केही प्रहरीसहित नेपाली सेनाको हेलिकोप्टर बडिगाडतर्फ गएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदीले जानकारी दिनुभयो ।



पहिरोमा परी घाइतेको उपचार गरिँदै । तस्बिर : ठाकुरप्रसाद आचार्य

मङ्गलबार खराब मौसमका कारण हेलिकोप्टर अवतरण हुन नसकेपछि फर्किएको थियो । पहिरोका कारण सडक अवरूद्ध हुँदा घाइतेहरूलाई अस्पतालसम्म लैजान कठिन भएको थियो ।

बुधबार बिहान हेलिकोप्टर ९ नम्बर वडाको जनता आधारभूत विद्यालय नजिक अवतरण भएको वडाध्यक्ष विरेन्द्रकुमार बुढामगरले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हेलीकप्टर ९ नम्बर वडामा अवतरण भएको छ । हेलिकोप्टरबाट गम्भीर घाइतेहरूलाई काठमाडौँ लैजाने तयारी छ ।"

स्थानीयवासीहरूले उपचारका लागि घाइतेहरूलाई बुर्तिबाङस्थित अस्पतालमा पुऱ्याइसकेको उहाँले जानकारी दिनुभयो । पहिरोमा परेर बेपत्ता भएका चारजनाको खोजी कार्य विहानैदेखि थालिएको वडाध्यक्ष बुढामगरले बताउनुभयो । उहाँका अनुसार १० जना घाइते भएकामा केहीलाई उद्धार गरेर उपचारका लागि बुर्तिबाङ पठाइएको छ ।

पहिरोमा परेर गम्भिर घाइते हुनुभएका आरूपाटाका ७८ वर्षीय जोगबहादुर बुढाको समयमै उपचार नपाउँदा मङ्गलबार साँझ मृत्यु भएको वडाध्यक्ष बुढामगरले जानकारी दिनुभयो । पहिरोमा परेर बेपत्ता भएकाहरूको प्रहरी र स्थानीयवासीहरूले बिहानैदेखि खोजी कार्य थालेका छन् ।

सोमबार रातीदेखि परेको अविरल वर्षाका कारण मङ्गलबार बिहान ११:३० बजेको समयमा मृतक जोगबहादुरको घरमाथिको पाखो बाट खसेको पहिरोले घर र गोठ पुरिएको थियो । पहिरोका कारण करिब ५० घरधुरी विस्थापित भएको वडाध्यक्ष बुढामगरले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पहिरोका कारण वडामा करिब ५० घरधुरी विस्थापित भएका छन् । विस्थापितहरूलाई बस्ने, खाने र पानीको समेत अभाव भएको छ ।"

## पहिरो गएपछि वराहक्षेत्र मन्दिर जाने सडक अवरुद्ध

गोरखापत्र अनलाइन
२३ साउन २०८१, बुधबार
बाबुराम कार्की

वराहक्षेत्र, साउन २३ गते । वराहक्षेत्र मन्दिर जाने सडकमा बुधबार बिहान पहिरो गएपछि बाटो अवरूद्ध भएको छ । १७ नम्बर भिरबाट पहिरो गएपछि बाटो अवरूद्ध भएको हो ।

वराहक्षेत्र नगरको वडा नम्बर १ क्षेत्रमा रहेको १७ नम्बर भिरबाट पहिरो खसेर सडक अवरूद्ध भएको वराहक्षेत्र वडा नम्बर १ का जनप्रतिनिधि कुमार भट्टराइले जानकारी दिनुभयो ।



चतरा वराहक्षेत्र सडक खण्डको १७ नम्बर भिरबाट सडकमा खसेको पहिरो ।
तस्बिर : बाबुराम कार्की

बुधबार वराह भगवानको उत्पत्ति भएको दिनको अवसरमा वराहक्षेत्र मन्दिरमा वराह भगवानको विशेष पूजा अर्चना गर्न आउने भक्तजनहरू पहिरोले बाटो अवरूद्ध भएपछि फर्किएका छन् ।

मङ्गलबार राती वर्षा भएपछि १७ नम्बर भिरबाट पहिरो खस्दा सडक अवरूद्ध बनेको हो । सडकलाई पन्छाउने काम सुरू भइरहेको जनाइएको । १५ मिटर सडकमा पहिरो खस्दा आवतजावत बन्द भएको छ । बाटोई खुलाउन सडक डिभिजन कार्यालय विराटनगरले पहिरो पन्छाउने काम गरिरहेको सडक डिभिजन विराटनगरकी इन्जिनीयर शीतल पराजुलीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "उक्त सडकमा आज बिहानै पहिरो गएको छ । डोजर लगाएर पहिरो हटाउने काम गरिरहेका छौं ।"

आजै दिउँसोसम्म पहिरो हटाइसकिने बताइएको छ । कलिलो चुरे पहाड भएकाले सामान्य पानी पर्दा पनि पहिरो जाने गरेको बताइन्छ । वर्षा लागेसँगै उक्त चतरा वराहक्षेत्र सडक खण्डमा १२ पटक पहिरो गइसकेको छ ।

## पहिरो पन्छाउने क्रममा ढुङ्गा लागेर लोडर चालक घाइते

गोरखापत्र अनलाइन
२३ साउन २०८१, बुधबार
शालिग्राम नेपाल



चितवन, साउन २३ गते । पहिरो पन्छाउने क्रममा माथिबाट आएको पहिरोले लाग्दा लोडर चालक घाइते भएका छन् ।

चितवनको इच्छाकामना गाउँपालिका-४ नाग्दी खोलामा ढुङ्गासहित खसेको पहिरो हटाउने क्रममा माथिबाट ढुङ्गा माटो खस्दा लोडरका चालक गल्छी गाउँपालिका ६ बस्ने ४६ वर्षीय लिलाधर अधिकारी घाइते हुनुभएको हो ।

पृथ्वी राजमार्गमा नाग्दी खोलमा बिहान करिब ७:४० बजे गएको पहिरो हटाउने क्रममा ९:३० बजेको समयमा माथिबाट आएको ढुङ्गाले लागेर अधिकारी घाइते हुनुभएको चितवन प्रहरीले जानकारी दिएको छ ।

उहाँको देब्रे हातमा चोट लागेको छ । घाइते अधिकारीको भरतपुर असपतालमा उपचार भइराखेको छ । ठुलो सुख्खा पहिरो खसेकाले पन्छाउन केही समय लाग्ने प्रहरीले जानकारी दिएको छ । अहिले एक वटा स्काभेटर र एक वटा लोडरले पहिरो पन्छाउने काम गरिहेका छन् ।

## पहिरोले कर्णाली राजमार्ग अवरूद्ध

गोरखापत्र अनलाइन
२३ साउन २०८१, बुधबार
प्रेमराज सिम्खडा



गगने खोला र एस मोडमा आएको पहिरोले सडक अवरूद्ध हुँदा हुल्मै रोकिएका यातायातका साधन । तस्विरः प्रेमराज सिम्खडा

कालीकोट, साउन २३ गते । हिजोदेखि लगातार परेको अविरल वर्षाका कारण पहिरो जाँदा कर्णाली राजमार्ग अवरूद्ध भएको छ । कालीकोटको शुभकालिका गाउँपालिका -१ गगनलेखोला र एसमोडमा पहिरो जाँदा राजमार्ग अवरूद्ध भएको हो ।

पहिरोका कारण कर्णाली राजमार्गमा चल्ने सवारी साधन बिचबाटोमा अलपत्र परेका छन । ट्रक, बसलगायत साना सवारी साधन बिचबाटोमा रोकिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख प्रहरी नायव उपरीक्षक अर्जुन केसीले अवरूद्ध राजमार्ग

खुलाउन बुधबार बिहान ६ बजेदेखि स्काभेटरसहित प्रहरी टोली खटिएको बताउनुभयो ।

प्रमुख केसीले जिल्ला ट्राफिक प्रहरी प्रमुख टोपबहादुर महतराले पहिरो हटाउन खटिएको टोलीसँग निरन्तर सम्पर्क रहेको भन्दै जतिसक्दो छिटो सडक खुलाउने प्रयास भइरहेको जानकारी दिनुभयो ।

गोगने खोलाको माथिबाट पहिरो आउँदा सडक अवरूद्ध भएपछि अहिले राजमार्ग ठप्प छ । कालीकोटबाट सुर्खेत जाने यातायातका साधनलाई प्रहरीले हुल्मबजारमा रोकेको छ । दैलेख प्रहरीले राकम कर्णालीमै यातायातका साधन रोकेको छ । यात्रुलाई खान बस्न समस्या नहुने भनी बजार क्षेत्रमै यात्रुलाई रोकेको प्रहरीको भनाइ छ । गगने खोला, एस मोड र हुल्मबजार क्षेत्रमा पानी पर्नासाथ पहिरो खस्ने गरेको छ ।

## पहिरो पीडितलाई खानेपानी र विद्युतको समस्या

गोरखापत्र अनलाइन
२७ साउन २०८१, आइतबार
ठाकुरप्रसाद आचार्य

बागलुङ, साउन २७ गते । पहिरोले प्रभावित बागलुङको बडिगाड गाउँपालिका ९ र १० का विभिन्न बस्तीमा विद्युत् सेवा र पिउने पानीको समस्या भएको छ । गत मङ्गलबार आएको पहिरोका कारण लघु जलविद्युत् आयोजना र खानेपानी योजनामा क्षति पुगेका कारण सर्वसाधारणको दैनिकी निकै कष्टकर बनेको हो ।


पहिरोले क्षति पुगेको बडिगाडको आरूपाटा बस्ती र पुल । तस्बिर : गोरखापत्र

पहिरोका कारण यहाँका धेरै बस्ती जोखिममा परेका छन् । दर्लिङखोला लघु जलविद्युत् आयोजनाको मुहान र कुलोमा पहिरोले क्षति पुऱ्याएपछि वडा नम्बर ९ र १० का करिब एक हजार दुईसय घरधुरीमा विद्युत् आपूर्ति बन्द भएको वडाध्यक्ष वीरेन्द्रकुमार बुढामगरले बताउनुभयो ।

विद्युत आपूर्ति बन्द हुँदा सर्वसाधारणको दैनिकी कष्टकर भएको छ । पहिरोबाट विस्थापित ५० घरधुरीलाई सार्वजनिक स्थल र विद्यालयमा लगेर राखिएको छ । पहिरोपीडितलाई पिउने पानी, दैनिक उपभोग्य वस्तु र विद्युतको समस्या भएको उहाँले बताउनुभयो । खानेपानी योजनाको मुहान र ट्याङ्की पहिरोले बगाउँदा ६५ घरधुरीमा पानीको आपूर्ति बन्द भएको छ ।

"पहिरोले लघु जलविद्युत् आयोजनाको मुहान र कुलो बगाएको छ । तत्काल मर्मत सम्भार गर्ने अवस्था छैन," वडाध्यक्ष बुढामगरले भन्नुभयो, "पहिरोले धेरै क्षति पुऱ्याएकाले लघु जलविद्युत् आयोजना मर्मत गरेर पुनःसञ्चालन गर्ने सम्भावना देखिएको छैन । गाउँनै अन्धकार भएको छ । स्कुल पढ्ने बालबालिका र वृद्धवृद्धाहरू धेरै प्रभावित भएका छन् । केन्द्रिय लाइन विस्तारको विकल्प छैन । विद्युत आपूर्ति नहुँदा सर्वसाधारणको दैनिकी निकै कष्टकर बनेको छ ।"

यसैगरी अविरल वर्षाका कारण सडक अवरूद्ध हुँदा गाउँमा दैनिक उपभोग्य वस्तुको अभाव हुन थालेको छ । पहिरोका कारण भिमगिठे-दर्लिङ सडक र बुर्तिबाङ हुँदै आरूपाटा जाने सडक पूर्ण रूपमा बन्द भएको छ । पहिरोले धेरै ठाउँहरूमा सडक क्षतविक्षत बनाएको छ वडाध्यक्ष बुढामगरले भन्नुभयो, "सडक अवरूद्ध हुँदा गाउँमा दैनिक उपभोग्य वस्तुहरूको अभाव हुन थालेको छ । आवतजावतमा समस्या भएको छ । गाउँका पसलहरूमा भण्डारण गरिएको खाद्यान्न सकिन थालेको छ । चारदेखि पाँच घण्टा मानिसले बोकेर खाद्यन्न ल्याउनुपर्ने अवस्था सिर्जना भएको छ ।"

वडाध्यक्ष बुढामगरका अनुसार गत सोमबार राती परेको अविरल वर्षाका कारण वडा नम्बर ९ को नयाँ बस्ती र १० को आरूपाटा, पात्ले, क्लावभिङ, खोर, सल्लेन धारालगायत बस्तीहरू पहिरोको जोखिममा परेका छन् । सबैभन्दा उच्च जोखिममा पात्ले गाउँ परेको उहाँको भनाइ छ ।

गाउँपालिकाले प्रारम्भिक चरणको राहत वितरण गरेपनि त्यो अपुग भएको पहिरो पीडतहरूले बताएकाछन् । पालिकाले खाद्यान्न र त्रिपाल, बत्तीलगायत अति आवश्यक सामग्री उपलब्ध गराएको र थप राहतका लागि प्रदेश र संघ सरकार समक्ष अनुरोध गरिएको गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले बताउनुभयो ।



"पहिरोका कारण वडा नम्बर १० मा मानविय क्षति ठूलो भयो यसबाट पालिका दुःखी छ । वडा नम्बर ९ का विभिन्न वस्तीहरू पहिरोको उच्च जोखिममा छन्," पालिका अध्यक्ष अधिकारीले भन्नुभयो, "हाम्रो पालिकामा महाविपद नै आइलाग्यो । यसको सामाना गर्ने क्षमता पालिकासँग मात्र रहेन । सङ्घ, प्रदेश र सम्बन्धित सबै निकायसँग हामीले सहयोगको अपिल गरेका छौं ।" पहिरो पीडितहरूलाई स्थानीय सरकारको अनुभूति दिलाउने गरी कुनै कसर बाँकी नराखी उद्धार, घाइतेको उपचार, राहत वितरण र अन्य सहयोगमा पालिका जुटेको उहाँले बताउनुभयो ।

स्थानीय लघुजलविद्युत तत्काल बनाउन सक्ने अवस्था नभएकाले केन्द्रीय विद्युत् लाइनलाई छिटो विस्तार गर्न विद्युत प्राधिकरणसँग छलफल भएको उहाँको भनाइ छ । पहिरोले धेरै स्थानमा सडकको जगनै बगाएकाले पालिकाले मात्र मर्मत सम्भार गर्न सम्भव नभएकाले संघ र प्रदेश सरकारको सहयोग आवश्यक पर्ने उहाँले बताउनुभयो । अवरूद्ध सडक खुलाउन करिब दुईतीन करोड रूपियाँ बजेट लाग्ने अनुमान गरेका छौं उहाँले भन्नुभयो, "यति धेरै बजेट पालिकाले व्यवस्था गर्न नसक्ने भएकाले माथिल्लो निकायमा माग गरेका छौं ।"

पहिरो पीडितहरूलाई राहत र जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित स्थलमा राख्ने विषयमा जनप्रतिनिधिहरू, राजनीतिक दलका नेताहरू, जिल्ला प्रशासनलगायत सरोकारवालासँग पालिकाले नियमित छलफल गरिराखेको उहाँले बताउनुभयो । क्षतिको विवरण सङ्कलन र घाइतेको उपचार लगायतका विषयमा पालिकाले पहिरो प्रभावित बस्तीहरूमा टोली खटाएको उहाँको भनाइ छ । पहिरोमा परेर ११ जनाको मृत्यु भएको थियो भने एकजनाको अवस्था अझै अज्ञात छ ।

## पहिरोको जोखिममा जिल्ला सदरमुकाम

गोरखापत्र अनलाइन
२८ साउन २०८१, सोमबार
प्रेमराज सिम्खडा
कालीकोट, साउन २८ गते । कालीकोट जिल्ला सदरमुकाम मान्म बजार पहिरोको उच्च जोखिममा रहेको छ । बर्सातको समयमा जमिन भासिने क्रम भइरहेको छ । सदरमुकाम मान्म तीनतिरको पहिरोको जोखिममा पर्दै आएको छ । मान्म बजारको पूर्व, पश्चिम र उत्तरी क्षेत्रमा पहिरो झर्ने गरेको छ ।

नेपाली सेनाको क्याम्प रहेको आरूपाटादेखिको जमिनमा चिरा परेको एक दशक भइसकेको छ भने गत वर्षदेखि थप जमिन भासिँदै गएको छ । बजारको उत्तरपट्टिको नावगैरको बस्ती पनि उस्तै जोखिममा छ । पश्चिमतर्फको कृषि विकास कार्यालय आसपासको जमिन बर्सातमा मात्र होइन, हिउँदको समयमा पानी परेका बेला भासिने गरेको छ । कृषि विकास कार्यालयको नयाँ भवनको आँगन भासिँदै गर्दा जमिनको सतह उचोनिचो भइसकेको छ । कार्यालय प्रमुख भरतबहादुर बस्नेतले भिरालो जमिनले बिस्तारै पुरानो अवस्था छोडिरहेको र जोखिमका कारणले त्रासकै बिचमा कार्यालयमा बस्नु परेको बताउनुभयो ।

आँगन भासिँदै गर्दा चिरा परेको ठाउँमा सिमेन्टको मसाला लगाउने र पुर्ने काम भइरहेको उहाँले बताउनुभयो । कार्यालय भवन

र जमिनको भाग अलग हुँदै गएको छ । उत्तरपट्टिको लेखा शाखा रहेको भवन चर्किएको छ तर पनि बस्नुपर्ने बाध्यता भएको कार्यालयका कर्मचारीको भनाइ छ ।



पहिरोको उच्च जोखिममा रहेको कालीकोट सदरमुकाम जिरो प्वाइन्ट क्षेत्र ।

बजारको सबैभन्दा जोखिम जिरो प्वाइन्ट बजार रहेको छ । स्थानीय व्यापारी लक्ष्मणप्रसाद अधिकारीका अनुसार केही वर्ष पहिले भूगर्भविद्को टोलीले समेत कुनै पनि बेला पहिरो जान सक्ने भन्दै नेपाली सेनालाई समेत अर्को ठाउँमा बस्न सुझाव दिएको थियो । एक पटक सेनाले पनि जमिनको खोजी गरेको थियो तर उपयुक्त जमिन नपाएकाले सेना आरूपाटामै बसिरहेको छ । नेपाली सेनाले आफ्नो आवास क्षेत्र पनि सारेको अधिकारीको भनाइ छ । जिल्ला विपत् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले पनि आरूपाटास्थित नेपाली सेना बसिरहेको जमिन निकै जोखिममा रहेको पुष्टि गर्नुभयो । जिल्ला विपत् पूर्वतयारी तथा प्रतिकार्य योजनामा २०८१ सालमा कालीकोट सदरमुकाम मान्मको पूर्वी क्षेत्र उच्च जोखिममा रहेको उल्लेख छ ।

## पहिरो पीडितलाई अस्थायी बसोबासको व्यवस्था

गोरखापत्र अनलाइन
२८ साउन २०८१, सोमबार




गाईघाट (उदयपुर) साउन २८ गते । जिल्लाको त्रियुगा नगरपालिका-१५ खाँबुस्थित तोरीबारीमा गत असार २४ गते गएको पहिरोबाट पीडित बनेका १५ घर परिवारलाई नगरपालिकाले अस्थायी बसोबासको तयारी सुरू गरेको छ । नगरपालिकाले सोही वडाको हुबास क्षेत्रमा नगरपालिका तथा केही व्यक्तिका नाममा रहेको जग्गा भाडामा लिएर अस्थायी टहरा निर्माण गर्न लागेको जनाइएको छ ।

नगरपालिकाबाट बाँससहित टहरा निर्माण र पाल तथा टिन उपलब्ध गराएर अस्थायी टहरा निर्माणको तयारी भइरहेको हो । उहाँका अनुसार पहिरो पीडितलाई अहिलेसम्म नगरपालिका-१५ को खाँबु तथा रानीवास विद्यालयमा राखिएकोमा विद्यालय सञ्चालन भएकाले अन्यत्र सार्न लागिएको हो । पहिरोमा परी एकको मृत्यु र अन्य दुई जना घाइते भएका थिए । रासस

## अविरल वर्षाले सिद्धार्थ राजमार्ग अवरूद्ध

गोरखापत्र अनलाइन
५ भदौ २०८१, बुधबार
राधाकृष्ण डुम्रे



सिद्धार्थ राजमार्गअन्तर्गत वालिङमा गएको पहिरोले अवरूद्ध भएको राजमार्ग ।
तस्बिर : राधाकृष्ण डुम्रे

वालिङ, भदौ ५ गते । अविरल वर्षाले सिद्धार्थ राजमार्ग अवरूद्ध भएको छ । स्याङ्जा सडक खण्डअन्तर्गत वालिङ नगरपालिका-८ मा पहिरोका कारण राजमार्ग अवरूद्ध भएको हो ।

बिहानैबाट अवरूद्ध भएको राजमार्ग सूचारू गराउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी उमेशलाल श्रेष्ठले जानकारी दिनुभयो । बिहानैबाट सडक अवरूद्ध हुँदा सवारी साधान बाटोमा नै रोकिएका छन् ।

यसअघि मङ्गलबार साँझ गल्याङमा सडकमा रूख ढलेर अवरूद्ध भएको सडक दुई तर्फ सूचारू भइसकेको श्रेष्ठको भनाइ छ ।

यसैबिच अविरल वर्षाका कारण जिल्लाका प्राय सवै ग्रामीण सडकहरू अवरूद्ध भएको प्रहरीले जनाएको छ ।

## पहिरोका कारण राष्ट्रिय राजमार्गका विभिन्न खण्ड अवरूद्ध

फाइल तस्बिर
गोरखापत्र अनलाइन
४ भदौ २०८१, मङ्गलबार



काठमाडौँ, भदौ ४ गते । राष्ट्रिय राजमार्गका विभिन्न स्थानमा पहिरो जाँदा सवारीसाधन आवतजावतमा समस्या उत्पन्न भएको छ । सडक विभागले आज सार्वजनिक गरेको तथ्याङ्क अनुसार मुलुकभर पहिराका कारण राष्ट्रिय राजमार्गका सात वटा खण्ड अवरूद्ध भएका छन् भने दुई सय ४४ सडक खण्ड एकतर्फी रूपमा मात्रै सञ्चालनमा छन् ।

मदनभण्डारी राजमार्गको प्युठानस्थित एनएच जिरो नाइन सडकखण्ड पूर्ण रूपमा अवरूद्ध भएको छ । प्युठानस्थित गर्जेनीमा भालुवाङ-लिवाङ-रोल्पा-माडीचौर-दारबोट खण्ड पूर्ण रूपमा अवरूद्ध भएको छ । मोरङको चतरा-मुलघाट-माझीटार-अमापु डाँडा-गणेशचोक राजमार्गस्थित चतरा पुलदेखि वराहक्षेत्र जाने सडक खण्ड पनि पूर्ण रूपमा अवरूद्ध हुँदा सवारी साधन आवतजावतमा समस्या परेको छ ।

यसैगरी सुर्खेत तल्लो ढुङ्गेश्वर-सातखब्बा-दुल्लु-पिपलकोट-खुलालु-मन्मा-नग्मा-जुम्ला राजमार्गको कालीकोटस्थित गाल्जे खण्ड पनि पूर्ण रूपमा नै अवरूद्ध भएको छ । पुष्पलाल मध्यपहाडी लोकमार्गको पाँचथरस्थित यलम्बर सडकखण्ड पूर्ण अवरूद्ध भएको छ । यसैगरी तानसेन-रिडी-कोरला राजमार्गको गुल्मीस्थित अच्चेश्वर गुफा नजिकको सडकखण्ड र राप्ती राजमार्गको सल्यानस्थित चोरखोला सडकखण्ड समेत पूर्ण रूपमा अवरूद्ध भएको सडक विभागको तथ्याङ्क रहेको छ ।

भूगर्भविद डा.सुवोध ढकालले वर्षाका कारण माटो गलिसकेकाले हल्का वर्षा हुँदासमेत पहिरोको जोखिम बढी हुने भएकाले सतर्कता अपनाउनुपर्नेमा जोड दिनुभएको छ । "अविरल वर्षाका कारण माटो गलाएको छ । अहिले त थोरै पानी पर्नासाथ पहिरो जान थालेको छ", उहाँले भन्नुभयो, "त्यसैले अत्यावश्यक काममा मात्रै हिँडडुल अनुरोध छ ।" रासस

## पहिरोले गोठ पुरिँदा एकको मृत्यु

गोरखापत्र अनलाइन
४ भदौ २०८१, मङ्गलबार
राधा नेपाली



सन्धिखर्क, भदौ ४ गते । अर्घाखाँचीको शितगंगा नगर पालिकाको भङ्लामा पहिरोले गोठ पुरिँदा एकजनाको मृत्यु भएको छ ।

मङ्गलबार बिहान परेको अविरल वर्षाका कारण शितगंगा नगरपालिका वडा नम्बर-१३, सिमलपानीको भङ्लामा गोठमाथिबाट खसेको पहिरोले पुरिँदा ३५ वर्षीय विष्णु थापाको मृत्यु भएको इलाका प्रहरी कार्यालय ठाडाले जनाएको छ ।

पहिरो खस्न थालेपछि पशुचौपाया फुकाउन गोठमा पसेका थापालाई पहिरोले च्याप्दा घटनास्थलमै मृत्यु भएको हो ।

गोठमा थापासँगै एक भैंसीको पाडो र दुई बाख्रा समेत च्यापिएका घटनास्थलबाट वडा नम्बर १३ का सचिव रामु आचार्यले जानकारी दिनुभयो ।

## अस्थायी टहरा पुरिँदा एकै घरका तीन जनाको मृत्यु

गोरखापत्र अनलाइन
३ भदौ २०८१, सोमबार
सहदेव बस्नेत



जाजरकोट, भदौ ३ गते । जाजरकोटमा अविरल वर्षापछि आएको पहिरोले अस्थायी टहरा पुरिँदा एकै घरका तीन जनाको मृत्यु भएको छ ।

आइतबार राति जिल्लाको नलगाड नगरपालिका-२ माझगाउँमा आएको पहिरोले लालबहादुर परियारको अस्थायी टहरा पुरिँदा तीन जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

जिल्ला प्रहरी कार्यालयका डिएसपी पुरूषोत्तम पाण्डेले मृत्यु हुनेहरूमा ४२ वर्षीय लालबहादुर परियार, ३४ वर्षीया मनीषा परियार र २ वर्षीय शिभम परियार रहेको बताउनुभयो । मृत्यु तीन जना एकै परिवारका सदस्य रहेका छन् ।

घटनाको खबर पाउने बित्तिकै इलाका प्रहरी कार्यालय दिल्लीबाट प्रहरी घटना स्थलतर्फ गएर सबै मृतकको शव निकालेको डिएसपी पाण्डेले जानकारी दिनुभयो ।

## बझाङमा पहिरोले घर पुरिँदा एकै परिवारका चार जनाको मृत्यु, ६ जनाको जीवितै उद्धार

गोरखापत्र अनलाइन
३ भदौ २०८१, सोमबार
शैलेन्द्र रोकाया




बझाङ, भदौ ३ गते । बझाङको विकट बुङ्गल नगर पालिका वडा-१० स्थित टुमेडामा एक घरमाथिबाट पहिरो जाँदा चार जनाको मृत्यु भएको छ । गाउँमा एक्लै रहेको स्थानीय बिरा धामीको घर माथिबाट पहिरो खस्दा बिरा धामी की श्रीमती वर्ष ५५ की काली धामी , बुहारी वर्ष २५ की गोल्की धामी र नातिनीहरु वर्ष ६ की आकृति धामी र वर्ष ३ की लक्ष्मी धामीको पहिरोमा च्यापिएर मृत्यु भएको छ ।

राति सुती रहेको समयमामा घरको माथिबाट पहिरो आउँदा घरमा रहेका अन्य ६ जनालाई स्थानीयहरूले उद्धार गरेर बाच्न सफल भएको भएको प्रहरी नायब उपरीक्षक युवराज भण्डारीले जानकारी दिनुभयो ।

९ जना सदस्य रहेको उक्त घरमाथि राति १ बजे खसेको पहिरोले घर क्षतबिच्छेद बनाएको र तत्काल गाउँलेको प्रयासले ५ जनाको जीवितै उद्धार गरिएको स्थानीय भरत महराले भन्नुभयो, "गाउँबाट दुई किलोमिटर एक्लै घर भएकाले अन्य गाउँका मानिसले समेत घटनाको बारेमा ढिलो थाहा पायौ । घटनाको बारेमा जानकारी पाउना साथ प्रहरीलाई खबर गरेका थियौ । राति भारी वर्षा र अन्य घटनाको समेत जोखिमको सम्भावना भएकाले प्रहरी टोली समेत बिहान मात्र आई पुगेको थियो" । भिरालो जमिन र जोखिमपूर्ण बसाई भएकाका कारण यो दुर्घटना निम्तिएको समेत स्थानीयको भनाई छ ।

स्थानीयहरु रातभर लागे पनि उद्धारमा कठिनाइ भइरहेको थियो । बिराका छोरा उज्ज्वल धामी भने भागेर बाँच्न सफल भएका थिए । उनले स्थानीयलाई गुहारेकाले बिरा धामी, बिराकी छोरी कमला धामी, नाति र एक बुहारीको जीवितै उद्धार गरिएको थियो । घटनास्थल तर्फ प्रहरी नायव उपरीक्षक भण्डारी सहितको टोली समेत गएको छ ।

## पृथ्वी राजमार्ग अवरोध कायमै

गोरखापत्र अनलाइन
६ भदौ २०८१, बिहिबार
अमरराज नहर्की

तनहुँ, भदौ ६ गते । पृथ्वीराज मार्गको दमौली-डुम्रे खण्डको अवरोध तत्काल नहट्ने भएको छ । अविरल वर्षाले गर्दा तनहुँको व्यास नगरपालिका-१२ घाँसी कुवा बुधवार खसेको पहिरो हटाउन समय लाग्ने भएकोले वैकल्पिक दुई वटा मार्गको प्रयोग गर्न प्रहरीले आग्रह गरेको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक दीपककुमार रायद्वारा बिहीबार जारी विज्ञप्तिमा वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ । विज्ञप्तिमा पहिरो गई सडक पूर्ण रूपमा अवरूद्ध भएकोले वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको हो । साना तथा मझौला सवारी साधनको लागि दमौली-घाँसी कुवा मार्ग अन्तर्गत ताल घरे, दरै पँधेरा

हुँदै घाँसी कुवा, घाँसी कुवा हुँदै दमौलीको लागि घाँसी कुवा, पोल्याङ, रानीगाउँहुँदै ताल घरे प्रयोग गर्न आग्रह गरिएको छ ।

हेभि सवारी साधनको लागि वैकल्पिक मार्गको रूपमा डुम्रे-वेशीशहर लमजुङ खण्ड सडक हुँदै पोखरा जाने मार्ग प्रयोग गर्न आग्रह गरिएको छ । बुधवार घाँसी कुवामा ठुलो पहिरो खसेको र खस्ने क्रम जारी रहेकोले अवरोध हटाउने काम सुरू गर्न नसकिएको तर बिहीबार बिहानबाट दुवै तिरबाट पहिरो पन्छाउने काम भइरहेको प्रनाउ रायले जानकारी दिनुभयो । पहिरोमा मानवीय क्षति भएको र नभएको बारेमा यकिन भई नसकेको कसैले पनि हराएको पनि खबर नगरेको रायले बताउनुभयो ।



व्यास नगरपालिका-१२ घाँसी कुवामा खसेको पहिरो । तस्बिरः अमरराज नहर्की

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले घाँसीकुमा ठुलो पहिरो गएकोले हटाउन दुई दिन लाग्ने देखिएको जानकारी दिनुभयो । पहिरोको स्थलगत निरीक्षण गर्नु भएका नगर प्रमुख न्यौपाने ले भन्नुभयो पाँच सय मिटर माथिबाट ठुलो पहिरो खसेकोले तत्काल पहिरो हटाउन नसक्ने अवस्थामा रहेको बताउनुभयो । नगरप्रमुख न्यौपानेले भन्नुभयो, पूर्ण रूपमा पहिरो पन्छाउन दुई दिन लाग्ने देखिएको छ ।' घाँसी कुवाको पहिरोमा परि सोममाया गुरूङको बन्दै गरेको घरमा क्षति पुगेको प्रनाउ रायले जानकारी दिनुभयो । पहिरोले बिजुलीको पोलमा क्षति पुगेकोले सो क्षेत्रमा विद्युत् सेवा अवरूद्ध भएको प्रहरीले जनाएको छ ।

पहिरो खसेपछि यस राजमार्गमा यात्रा गर्नेले सास्ती भोग्नु परेको छ । पहिरो हटाउने काम मुग्लिङ-पोखरा सडक विस्तार आयो जनाले गरिरहेको प्रहरीले जनाएको छ ।

## गल्छी-रसुवागढी सडक अवरुद्ध

गोरखापत्र अनलाइन
६ भदौ २०८१, बिहिबार

त्रिशूली (नुवाकोट), भदौ ६ गते । सडकमा ठूलो ढुङ्गासहित खसेको पहिरोका कारण गल्छी-रसुवागढी सडकमा यातायात सञ्चालन बन्द भएको छ ।



जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख जेजङ्ग कार्कीका अनुसार नुवाकोटको बेलकोटगढी नगर पालिका-८ स्थित ठूलोखोला नजिक सडकमा खसेको ठूलो ढुङ्गासहितको पहिरोले 'डेडिकेटेड डबल लेन'को सडक पूर्ण रूपमा बन्द भएको छ । देवीघाटबाट महादेवफाँट हुँदै गल्छी आवतजावत गर्ने सडक पूर्ण रूपमा अवरूद्ध भएको छ । सोही रूटको आसपासमा वैकल्पिक सडक नभएको हुँदा यातायातका साधन आवातजावत गर्न समस्या भएको छ ।

धादिङको गल्छीबाट नुवाकोटको त्रिशूली तथा रसुवागढी हुँदै केरूङ जानुपर्ने सवारीसाधन गल्छीबाट काठमाडौँ नै पुगेर टोखा-छहरे सडक प्रयोग गर्न

प्रहरीले अनुरोध गरेको छ । बुधबार राति खसेको पहिरोसँगैको ठूलो ढुङ्गा हटाउन 'ब्रेकर' लगाउनुपर्ने भएकाले सडक सञ्चालन गर्न समय लाग्ने देखिएको गल्छी-रसुवागढी सडक योजना कार्यालयका प्रमुख ध्रुवकुमार श्रेष्ठले जानकारी दिनुभयो । पहिरो पन्छाउन आज बिहानदेखि भारी उपकरणसहितको जनशक्ति परिचालन गरिएको छ । रासस

## घाँसीकुवामा र मौरीबजारमा पहिरो जाँदा पृथ्वीराजमार्गमा अवरोध

गोरखापत्र अनलाइन
५ भदौ २०८१, बुधबार
अमरराज नहर्की

तनहुँ, भदौ ५ गते । पृथ्वीराजमार्गमा पर्ने तनहुँको व्यास नगरपालिका-१२ घाँसीकुवा म्याग्दे गाउँपालिका-६ मौरीबजारमा बुधबार साँझ ५:०० बजे पहिरो खस्दा पृथ्वीराजमार्गमा अवरोध भएको छ ।


व्यास नगरपालिका-१२ घाँसीकुवामा खसेको पहिरो । तस्बिर : गोरखापत्र

अविरल वर्षाले गर्दा पहिरो खस्दा सडकमा अवरोध भएकोले वैकल्पिक मार्ग प्रयोग गर्न लगाइएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायव उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो ।

मौरी बजारमा सानो पहिरो खसेकोले हटाउने काम भइरहेको र घाँसीकुवामा ठुलो पहिरो खसेको र खस्ने क्रम जारी रहेकोले बिहीबार बिहानबाट मात्रै पहिरो पन्छाइने प्रनाउ रायले जानकारी दिनुभयो ।

पहिरोमा मानवीय क्षति भएको र नभएको बारेमा यकिन भई नसकेको कसैले पनि हराएको पनि खबर नगरेको रायले बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले घाँसीकुमा ठुलो पहिरो गएकोले हटाउन दुई दिन लाग्ने देखिएको जानकारी दिनुभयो ।

"पहिरोको स्थलगत निरीक्षण गर्नु भएका नगर प्रमुख न्यौपानेले भन्नुभयो दुई सय मिटर क्षेत्र समेटिने गरी ठुलो पहिरो गएकोले छ र खस्ने क्रम जारी भएकोले तत्काल पहिरो हटाउन सक्ने अवस्था छैन ।"

घाँसीकुवाको पहिरोमा परि सोममाया गुरूङको बन्दै गरेको घरमा क्षति पुगेको प्रनाउ रायले जानकारी दिनुभयो । पहिरोले बिजुलीको पोलमा क्षति पुगेकोले सो क्षेत्रमा विद्युत सेवा अवरूद्ध भएको प्रहरीले जनाएको छ ।

## राजमार्ग र पालिकाको केन्द्र जोड्ने सडक अवरूद्ध

गोरखापत्र अनलाइन
५ भदौ २०८१, बुधबार
राममणि दाहाल

हेटौँडा, भदौ ५ गते । मकवानपुरको राक्सिराङ गाउँपालिकाको केन्द्र र राजमार्गसँगको सडक सम्पर्क विच्छेद भएको छ । विगत केही दिनदेखिको भारी वर्षाको कारण गएको पहिरोका पूर्व-पश्चिम राजमार्गदेखि गाउँपालिकाको केन्द्रसम्म पुग्ने सडक अवरूद्ध भएसँगै सडक सम्पर्क विच्छेद भएको हो ।





पहिरोका कारण अवरूद्ध बनेको मकवानपुरको राक्सिराङ गाउँपालिकाको केन्द्र र राजमार्गसँग जोड्ने सडक खण्ड ।

पूर्व पश्चिम राजमार्ग अन्तर्गत ज्यामिरे-मनहरी सडक खण्डबाट गाउँपालिकाको केन्द्र जाने सिम्पानी-सरिखेत सडक र मनहरी-चैनपुर सडक अविरल वर्षापछि आएको पहिरोले अवरूद्ध बनेको छ । गाउँपालिकाले दुवै सडक अवरूद्ध रहेको भन्दै मौसम पूर्वानुमान महाशाखाको अनुसार यस क्षेत्रमा बुधबार राति पनि भारी वर्षाको सम्भावना रहेको र अझै केही समय प्रकोपको सम्भावना देखिएकाले सचेत रहन गाउँपालिकावासीलाई आग्रह गरेको छ ।

वर्षा केही क्षण रोकिए पनि सडकमा ढुङ्गा झर्ने, लेदो बग्ने, रूख ढल्ने लगायतका अवरोधहरु आउन सक्ने भएकोले अत्यावश्यक अवस्थामा सुरक्षा सावधानी अपनाएर बाहेक सामान्यतया जोखिमपूर्ण सडकहरु प्रयोग नगर्न गाउँपालिकाले भनेको छ । साथै खोलाहरुमा सकेसम्म नपस्ने, सम्भव भएसम्म झोलुङ्गे पुलको प्रयोग गर्नेलगायतका सुरक्षाका उपाय अपनाउन सुझाउँदै मनसुनजन्य विपत्बाट हुन सक्ने क्षति न्यूनीकरणमा सहयोग गरिदिनसमेत गाउँपालिका कार्यालयले आग्रह गरेको छ ।

पहिरोका कारण दुवै सडक अवरूद्ध बनेसँगै स्थानीयलाई आवागमनमा समस्या भएको छ ।

## बाढीका कारण बस्ती जोखिममा

गोरखापत्र अनलाइन
१८ भदौ २०८१, मङ्गलबार

धरान (सुनसरी), भदौ १८ गते । भारी वर्षाका कारण खहरे खोलामा आएको बाढीले लगातार खोला कटान गर्न थालेपछि धरान उपमहानगरपालिका-१३ खहरे खोला नजिकका बस्ती उच्च जोखिममा परेका छन् ।



बाढीले लगातार खोला कटान गर्न थालेपछि उच्च जोखिममा परेको धरान उपमहानगरपालिका-१३ खहरे खोला नजिकका बस्ती । तस्बिर : रासस

धरान-१३ की राधिका लिम्बू घरभित्र पानी पसेपछि घर सफा गर्न दुई दिन लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "पानी पर्न थालेपछि राति घरमा सुत्न सकिँदैन कतिबेला बाढी आएर बगाउँछ भन्ने डरले जाग्राम बस्नुपर्छ । कहिलेकाहीँ आफन्तकामा राति बास बस्न जाने गरेका छौँ ।"

"खहरे खोलामा बाढी आएपछि ज्यान जोगाउन नै सास्ती हुने लिम्बूले बताउनुभयो । "घर होचो छ, खहरे खोला माथिबाट आउनसाथ सिधैँ घरभित्र छिर्छ, एकदमै त्रासमा रात बिताउने गरेका छौँ", उहाँले भन्नुभयो । खहरे खो

लामा बस्तीमाथिबाट लगातार बाढी आउने गरेपछि यहाँका स्थानीय रातभर सुत्न नसकेर जाग्राम बस्नुपरेको बस्तीका बासिन्दा बताउँछन् ।

सोही स्थानकी कमला राईले भन्नुभयो, "घरमा बस्न नसकिने अवस्था भएर केही दिनदेखि बेलुका अर्काको घरमा जाने गरेका छौँ । पानी पर्न सुरू भएपछि घर छोडेर सुरक्षित ठाउँ खोज्दै जानुपर्ने अवस्था छ ।"

स्थानीय कौशिला श्रेष्ठले खोला नजिकै घर भएकाले उच्च जोखिममा रहेको बताउनुभयो । "घरमा केटाकेटी, बूढाबूढी बाबाआमा हुनुहुन्छ । बेलुका बाढी आइहाले कहाँ जाने भन्ने चिन्ताले रातभर निन्द्रा नलागेर जाग्राम बस्नु परेको छ", उहाँले भन्नुभयो ।

खहरे खोलामा आउने पानीको भर नहुने भन्दै कुनबेला कस्तो वितण्ड मच्चाउँछ थाहै नहुने धरान- १३ का स्थानीय लाक्पा शेर्पाले बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय सरकारले आधुनिक प्रविध र दक्ष प्राविधिक लगाएर खहरे खोलामा आउने बाढीको दीर्घकालीन समाधानका लागि पहल गर्नुपर्छ । स्थानीय कतिदिनसम्म यसरी त्रासमा रातभर जाग्राम बस्ने ?"

आज दिउँसोको वर्षासँगै आएको बाढीले एउटा घरमा आशिंक क्षति भएसँगै परिवारलाई आफन्त कहाँ सर्न आग्रह गरिसकिएको धरान-१३ का वडाध्यक्ष नेत्र काफ्लेले बताउनुभयो । उहाँले भन्नुभयो, "खहरे खोलामा आएको बाढीले कही बिजुलीका खम्बामा क्षति हुने सम्भावना छ, तत्काल खोला नियन्त्रण गर्न सकिएकाले अहिलेसम्म क्षति हुन पाएको छैन ।"

धरान-१३ का सात घरमा क्षति भएको छ भने करिब १० घर बढीको उच्च जोखिममा परेका वडाध्यक्ष काफ्लेले जानकारी दिनुभयो । "खहरेमा आएको बाढीले पूरै खोला कटान गर्न सुरू भएपछि स्थानीय सरकार, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले ग्याबिन लाउने काम सुरू गरिसकेका छौँ", उहाँले भन्नुभयो, "खोला आउँदा कटान गर्दै लाने भएपछि तत्कालै जेसिभी ल्याएर बस्ती जोगाउने काम भएको छ ।"

यही भदौ १३ गते र १७ गते दिउँसो आएको वर्षाका कारण करिब तीन करोडभन्दा बढीको क्षति भएको अनुमान गरिएको वडाध्यक्ष काफ्लेले बताउनुभयो । क्षतिको यकिन विवरण सङ्कलन गरिने बताउँदै उहाँले तत्काल समस्या समाधान गर्न ग्याबिन जाली लगाउने काम भइरहेको जानकारी दिनुभयो । रासस

## बीस वर्षदेखिको जुगेपानी पहिरोको सास्ती हट्यो

गोरखापत्र अनलाइन
१८ भदौ २०८१, मङ्गलबार
गोरखा, भदौ १८ गते । गोरखा-आरूघाट सडकखण्ड अन्तर्गत पर्ने आहालेस्थित जुगेपानी पहिरोको सास्ती हटेको छ । गएको २० वर्षदेखि हरेक वर्ष बर्खाका बेला यात्रीले निकै हैरानी खेप्दै आउनुपरेको जुगेपानीको पहिरो अहिले रोकथाम गरिएपछि सवारीसाधन सञ्चालनमा सहज भएको हो ।



तनहुँ सडक डिभिजन कार्यालयले गत वैशाख महिनामा पहिरो रोकथामको सबै काम सम्पन्न गरेसँगै यसपटकको बर्खामा कुनै समस्या नभएको गोरखा नगर पालिकाका प्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो । "बर्खामा पानी पर्नेबित्तिकै सधैँजसो सडक भासिने, माटो बग्ने र सवारीसाधन आवागमन अवरूद्ध हुने गरेको भए पनि त्यहाँको पहिरोले यसपटक अहिलेसम्म कुनै दुःख दिएन", उहाँले भन्नुभयो, "अहिले को अवस्थालाई हेर्दा पहिरो रोमथाममा भएको दे खिन्छ, यसपालिको बर्खामा यात्रीले विगतका वर्षमा जस्तो हैरानी भोग्नुपरेको छैन ।"

जुगेपानीमा करिब एक सय मिटर सडक हरेक वर्ष बर्खामा पानी परेपछि जमिन भासिने, माटो बग्नेलगायत समस्या हुँदै आएको थियो । भू-गर्भविद्सहितको इन्जिनियर टोलीले पहिरो नियन्त्रणका लागि गहिरो अध्ययन गरी करिब एक वर्ष लगाएर नियन्त्रणको काम सम्पन्न गरेको हो ।

पहिरो रोमथाममा आएपछि गोरखा सदरमुकामबाट उत्तरी गोरखाको धार्चे गाउँपालिका, चुमनुब्री गाउँपालिका, आरूघाट गाउँपालिका, बारपाक सुलिकोट गाउँपालिका र भीमसेन थापा गाउँपालिकाका बासिन्दालाई आवतजावत सजिलो भएको छ । जुगे पानीको पहिरो रोमथाम गर्न तनहुँ सडक डिभिजन कार्यालयमार्फत रू तीन करोड ४५ लाख ४१ हजार नौ सय ९८ खर्च भएको कार्यालयले जनाएको छ । कार्यालयले बोलपत्र प्रक्रियामार्फत पहिरो रोमथाम गर्न निर्माण कम्पनीसँग सम्झौता गरेको थियो ।

विशेष प्रविधिबाट जमिनलाई सुक्खा बनाएर जमिनको पानीलाई पाइपमार्फत निकासा गरी जुगेपानी पहिरो नियन्त्रणको काम गरिएको सडक डिभिजन कार्यालयका इन्जिनियर हरिबहादुर लामाले जानकारी दिनुभयो । आउँदो एक वर्षसम्मका लागि पहिरो गइरहेको ठाउँमा सडक ग्राभेल मात्र छाडिएको र थप 'सेटल' भएपछि सडक कालोपत्र गरिने उहाँको भनाइ छ । रासस

## पहिरोले झोलुङ्गे पुल भत्काएपछि घुन्साखोलामा बन्यो तुइन

गोरखापत्र अनलाइन
१९ भदौ २०८१, बुधबार
चन्द्र पन्दाक


घुन्सा खोलमा रहेको झोलुङ्गे पुल पहिरोले भत्काएपछि सञ्चालन भएको तुइन ।

ताप्लेजुङ, भदौ १९ गते । ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिका-६ लेलेपको सेखाथुमस्थित घुन्सा खोलाको झोलुङ्गे पुल पहिरोले भत्काएपछि तुइन सञ्चालन गर्न सुरू गरिएको छ । कञ्चनजङ्घा पद मार्गमा पर्ने घुन्सा खोलाको झोलुङ्गे पुल भएकै ठाउँमा अहिले तुइन सञ्चालनमा ल्याइएको हो ।

फक्ताङ्लुङ गाउँपालिकासँग समन्वय गरेर स्थानीयले त्यही पहिरोले भत्काएको पुलको लट्ठा प्रयोग गरेर तुइन सञ्चालनमा ल्याएको बताइएको छ । स्थानीय रत्नकुमार श्रेष्ठ लगायतले तुइन सञ्चालनमा ल्याएपछि तत्कालका लागि पदयात्री तथा स्थानीयलाई आउजाउ गर्न सुविधा भएको छ । गत साउन २९ गते वर्षासँगै माथिबाट झरेको पहिरोले झोलुङ्गे पुललाई पूर्णरूपमा क्षति गरेको थियो ।

पर्यटकीय मौसम सुरू हुन लाग्दा पहिरोले झोलुङ्गे पुलमा क्षति गरेको र पुल भत्किएर पद मार्ग अवरूद्ध भएपछि कञ्चनजङ्घा आधार शिविर क्षेत्रका बासिन्दा चिन्तित भएका थिए । तत्काल झोलुङ्गे पुल पुनर्निर्माण गर्ने स्थिति नरहेको अवस्थामा तुइन सञ्चालनले थोरै भए पनि राहत पुगेको छ । विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घाको आरोहण साथै भ्रमणका लागि स्वदेशी तथा विदेशी पर्यटक यही पदमार्ग हुँदै जाने गर्दछन् ।

यता तुइन सञ्चालन गर्न सुरू गरिएपछि प्राविधिक टोलीका साथ गाउँपालिका अध्यक्ष राजन लिम्बू (मुक्ति) ले स्थलगत निरीक्षण गर्नुभएको छ । अध्यक्ष लिम्बूले आफैँ तुइन चढेर परीक्षणसमेत गर्नुभएको बताइएको छ । निरीक्षण तथा परीक्षणपछि पुलको विकल्पमा तत्कालका लागि तुइन सञ्चालन गर्न उचित नै देखिएको गाउँपालिकाले जनाएको छ ।

यता डोरी तान्नुपर्ने र यात्रु चढाउन तथा ओसार्नका लागि खोलाको दुवैतर्फ जनशक्ति हुनुपर्ने भएकाले तुइन सञ्चालन गरेका स्थानीयले तुइन चढ्नेलाई प्रतिव्यक्ति एक सय रूपियाँ शुल्क निर्धारण गरेका छन् । भारी अर्थात् सामान तार्दा तौलअनुसार एक सयदेखि दुई सय रूपियाँसम्म शुल्क राखिएको छ ।

# त्रिचालिस परिवारको त्रिपालमुनि बास

गोरखापत्र अनलाइन
२० भदौ २०८१, बिहिबार
नवराज श्रेष्ठ

रामेछाप, भदौ २० गते । रामेछापको दोरम्बा सैलुङ गाउँपालिका-१ का विभिन्न स्थानमा ४८ भन्दा बढी घरपरिवार पहिरोको जोखिममा परेका छन् । यही भदौ ८ गते रातिको अविरल वर्षापछि गएको पहिरोले सो वडाका विभिन्न बस्तीमा गरी ४८ घरपरिवार जोखिममा परेका हुन् ।



दोरम्बा सैलुङ गाउँपालिका-१ स्थित पात्लेमा तीन घर, मङ्सिरेमा छ घर, नागीमा दुई घर, मझुवा सल्लेटार स्थित थामी बस्तीमा ३२ घर, बालुवा थामी बस्तीमा तीन घर र थामी बस्तीमा दुई घरपरिवार जोखिममा रहेका दोरम्बा सैलुङ गाउँपालिका-१ का वडाध्यक्ष प्रेमकुमार लामाले बताउनुभयो ।

अहिले मझुवा सल्लेटारस्थित थामी बस्तीमा ३२ घर, पात्लेका तीन घर, मङ्सिरेका छ घर र नागीका दुई घर गरी ४३ घर परिवारको त्रिपालमुनिको बास रहेको उहाँले बताउनुभयो । पहिरोका कारण धेरै परिवारको त्रिपालमुनिको बसाइ हुँदा पनि गाउँपालिका, जिल्ला विपत् व्यवस्थापन समितिलगायत सरोकारवाला निकाय बेखबर जस्तै रहेको वडाध्यक्ष लामाको गुनासो छ ।

उहाँले भन्नुभयो, "सबैको ध्यान जान मानवीय क्षति हुनुपर्ने रहेछ । यहाँ मान्छेको मृत्यु भएन तर घरहरू बस्नै नमिल्ने हुँदा सबै त्रिपालमुनि बसिरहेका छन् । केही घरका परिवार चिहानडाँडा, केही परिवार सडकमा र केही परिवार बारीका पाटामा त्रिपाल टाँगेर बसेका छन् । यसबारे जति भने पनि सरोकारवाला निकायको ध्यान गएन ।"

पहिरोले विस्थापित भएका घरका मानिसलाई गाउँपालिकाले उपलब्ध गराएको र गाउँमै सङ्कलन गरिएको केही त्रिपालमा बस्ने व्यवस्था गरिएको वडाध्यक्ष लामाले बताउनुभयो । जतिभन्दा पनि सरोकारवाला निकायले खासै वास्ता नगरेपछि अब चन्दा सङ्कलन गरेरै भए पनि अस्थायी टहरा निर्माण गर्ने भन्ने वडा कार्यालयले सोच बनाएको उहाँले बताउनुभयो ।

भदौ ८ गते रातिको वर्षापछि आएको पहिरोका कारण मझुवा सल्लेटारस्थित थामी बस्तीका ३२ परिवारको त्रिपालमुनिको बास भएको स्थानीय पीडित भीमबहादुर थामीले बताउनुभयो । यहाँका पहिरोपीडितको बिजोग हुँदा पनि पीडितको व्यवस्थापनका लागि गाउँपालिकालगायत सम्बन्धित निकायको खासै ध्यान नदिएको उहाँको गुनासो छ । उहाँले भन्नुभयो, "घर बस्नै नमिल्ने भएपछि हामी त्रिपालमुनि बसेका छौँ । यसरी डाँडा, बारी तथा सडकमा त्रिपाल टाँगेर कति समय बस्ने हो ? यसरी बस्दा झन् विभिन्न समस्या जोडिएर आउने रहेछन् । हाम्रो त बस्ती नै सार्नुपर्ने अवस्था छ । यसबारे कसैलाई चिन्ता छैन ।"

पहिरोपीडितको व्यवस्थापन र राहतमा गाउँपालिकालगायत सरोकारवाला निकायले खासै वास्ता नगरेको बताउनुहुन्छ मङ्सिरेका पहिरोपीडित सुमन थोकर । पहिरोका कारण आफ्नो गाउँमा छ घर जोखिममा परेकाले जोखिम रहेका घरका परिवार त्रिपाल टाँगेर बसिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिरोले मङ्सिरेका छ घरपरिवारको बिजोग बनाएको छ ।

पीडितको व्यवस्थापन र राहतबारे जुन जुन निकाय बढी जिम्मेवार बन्नुपर्ने हो, त्यो देखिएन ।" पहिरोपीडितका अनुसार अहिलेसम्म दोरम्बा सैलुङ गाउँपालिकाले पीडितका लागि आठ बोरा चामल, दुई बोरा चिउरा र दुई बक्सा खाने तेल र केही थान त्रिपाल उपलब्ध गराएको छ । यस्तै रेडक्रस रामेछापले केही ठाउँका पीडितलाई त्रिपाललगायतका केही राहत सामग्री उपलब्ध गराएको छ ।

दोरम्बा सैलुङ गाउँपालिका-१ का पहिरोपीडितलाई सामान्य राहत प्रदान गर्ने र अस्थायी बसोबासको व्यवस्थापन वडा तथा गाउँपालिकाले गरिरहेको भन्ने जानकारी रहेको रामेछापकी प्रमुख जिल्ला अधिकारी एवं जिल्लास्तरीय विपत् व्यवस्थापनकी संयोजक अनिता निरौलाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "दोरम्बा सैलुङ गाउँपालिका-१, २ र ३ का विभिन्न बस्ती पहिरोको जोखिममा छन् भन्ने आएको छ । पहिरोको जोखिम देखिएका बस्तीको सम्बन्धमा विशेषज्ञसहितको अध्ययन टोली खटाई ती बस्तीको दीर्घकालीन व्यवस्थापनको सम्बन्धमा अध्ययन गर्न आवश्यक हुन्छ । यस कारण आवश्यक व्यवस्थापनका लागि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गरेका छौँ ।"

## पहिरोले कान्तिलोकपथ अवरुद्ध

गोरखापत्र अनलाइन
२० भदौ २०८१, बिहिबार
बागमती, भदौ २० गते । वर्षासँगै पहिरो खस्दा हेटौँडा-काठमाडौँ जोड्ने कान्तिलोकपथ अवरूद्ध भएको छ । मकवानपुरको बकैया गाउँपालिका-११ लाम्राङमा आज पहिरो खस्दा सो सडकमा आवतजावत रोकिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

सडक डिभिजन कार्यालयसँग समन्वय गरेर पहिरो हटाउने काम भइरहेको उहाँले बताउनुभयो । यसै बीच मकवानपुरको मनहरी गाउँपालिका-५ डिल्लिपुरस्थित राप्ती खोलाको बगरमा अलपत्र परेका चार जनालाई गएराति नेपाल प्रहरीले उद्धार गरेको छ ।

बगरमा घाँस काट्न गएका चारैजना राप्ती खोलामा आएको बाढीसँगै बगरको बीचमा अलपत्र परेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय नेवारपानी, इलका प्रहरी कार्यालय मनहरी, बागमती प्रदेश विपत् व्यवस्थापन गुल्म थानाभन्याङ, सशस्त्र प्रहरी बल १४ नम्बर गण मकवानपुर र नेपाली सेनाको सुपारेटार ब्यारेकबाट खटिएको संयुक्त टोलीले उहाँहरूको उद्धार गरेको हो । टोली विभिन्न उपाय अपनाइएर बगरमा अलपत्र परेका चारैजनालाई सकुशल उद्धार गरिएको प्रहरी नायब उपरीक्षक भण्डारीले बताउनुभयो । रासस

## सुख्खा पहिरो झर्दा जयपृथ्वी राजमार्ग अवरुद्ध

गोरखापत्र अनलाइन
२० भदौ २०८१, बिहिबार
चैनपुर (बझाङ), भदौ २० गते । बझाङको जयपृथ्वी राजमार्गमा सुख्खा पहिरो झर्दा सडक अवरूद्ध भएको छ । आज बिहान ७ बजेदेखि तमैल बजार नजिकै सुख्खा पहिरो झरेपछि राजमार्ग अवरूद्ध भएको हो । सडक अवरूद्ध भएपछि जिल्ला सदरमुकाम चैनपुरबाट छुट्ने र भित्रिने लामो तथा छोटो दुरीका सवारी साधन चल्न सकेका छैनन् ।

बिहानै पाँच वटा बस मात्र सदरमुकामबाट छुटेको बस व्यवसायी जोगबहादुर दौल्यालले जानकारी दिनुभयो । उहाँले बिहान बझाङबाट धनगढी, काठमाडौँ, महेन्द्रनगर, डडेलधुराका लागि छुटेका केही बस मात्र पार भएको र बाँकी सबै बस रोकिएको बताउनुभयो ।

सडक खुलाउन केदारस्यूँ गाउँपालिकाको झोताबाट जेसिबी आएको तर, पहिरो नरोकिँदा खुलाउन नसकेको प्रमुख जिल्ला अधिकारी विश्वामित्र कुइँकेलले जानकारी दिनुभयो । उहाँले पहिरो रोकिएपछि मात्रै सडक खुलाउन सकिने बताउनुभयो । रासस

# नौबिसे नागढुङ्गा राजमार्गको पहिरो आज हटाइसक्ने

मुरारी अधिकारी
१३ असोज २०८१, आइतबार



धादिङ, असोज १३ गते । पूर्व पश्चिमका जिल्लाहरूबाट राजधानी काठमाडौँ प्रवेश गर्ने नौबिसे नागढुङ्गा सडक बिहीबार साँझदेखि अवरूद्ध छ । निरन्तरको वर्षा, पहिरो र लेदो माटोले पृथ्वी राजमार्गको नौबिसे मुग्लिङ खण्ड पनि अवरूद्ध छ । जताततै आएको पहिरोका कारण राजमार्ग सुचारू हुने सम्भावना न्यून रहेको छ ।

त्रिभुवन राजपथको नौबिसे नागढुङ्गा खण्ड अन्तर्गत झ्याप्लेखोलामा खसेको पहिरो पन्छाउने काम सुरू भएको छ । सडकको लामो भाग लेदोले ढाकेको र पहिरोमा दुई वटा बससहितका सवारी साधन पुरिएकाले सावधानीपूर्वक काम गर्नुपर्ने हुँदा आज दिनभर समय लाग्न सक्ने धादिङका प्रहरी उपरीक्षक गौतम केसीले जानकारी दिनुभएको छ । केसीका अनुसार पृथ्वीराज मार्गमा रहेका केही पहिरो शनिवार हटाएको छ भने केही पहिरो बिहानदेखि नै हटाउने कार्य थालिएको छ ।

त्रिभुवन राजपथ र पृथ्वीराज मार्गका विभिन्न ठाउँमा दर्जनौँ पहिरो भएका कारण राजमार्ग आज सुचारू गर्न कठिन हुने प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले जानकारी गराउनुभएको छ । पाण्डेका अनुसार सबै सुरक्षाका सबै संयन्त्र र साधनहरूलाई राजमार्गमा रहेका पहिरो हटाउन प्रयोग गरिएको छ ।

# राजधानीमा हालसम्मकै धेरै २३९.७ मिलिमिटर वर्षा

मित्र भण्डारी
१३ असोज २०८१, आइतबार



ललितपुरको नक्खु खोलामा लेदोसहित आएको बाढीको भयानक रूप ।
तस्बिर : कविन अधिकारी

काठमाडौँ, असोज १३ गते । बिहीबार रातिदेखि परेको अविरल घनघोर वर्षाका कारण ठुलो जनधनको क्षति भएको छ । सङ्घीय राजधानी काठमाडौँसहित देशका अधिकांश भागको जनजीवन अस्तव्यस्त भएको छ । पछिल्लो २४ घण्टामा मात्र बाढीपहिरो र डुबानमा परी ९० जनाको मृत्यु भएको छ भने ७२ जना बेपत्ता छन् । देशका विभिन्न भागबाट दुई हजार ८६० जनाको उद्धार गरिएको छ ।

सबैभन्दा बढी जनधनको क्षति काठमाडौँ उपत्यकामा भएको छ । यहाँ ३४ जनाको मृत्यु र २१ जना बेपत्ता भएको जानकारी उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख किरण वज्राचार्यले दिनुभयो । बाढी र डुबानमा फसेका एक हजार ४५७ जनाको उद्धार गरिएको छ ।

त्रिभुवन राजमार्ग अन्तर्गत चन्द्रागिरि नगरपालिका-२ र धादिङको सिमानामा पर्ने नौबिसे सडकखण्डको झ्याप्ले खोलामा गएको पहिरोमा तीन वटा बसका १४ जनाको मृत्यु भएको छ । सशस्त्र प्रहरी बलका प्रवक्ता शैलेन्द्र थापाका अनुसार आठ पुरूष, पाँच

जना महिला र एक बालक रहेका छन् ।

पहिरोमा एउटा हायस र अर्को भारतीय नम्बरको मालबाहक ट्रकलाई पनि पुरिएको अवस्थामा फेला पारिएको छ । यसै गरी सबै भन्दा बढी वर्षा मापन भएको काभ्रेपलाञ्चोकमा १४ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा चार बालबालिकासहित १० जनाको सनाखत हुन बाँकी छ । मकवानपुरमा सात जनाको मृत्यु भएको छ । बागमती-३ स्थित सुक्खा सल्यनीमा पहिरोले भत्किएको घरले थिचिएर फूलमाया थिङको मृत्यु भएको छ । मकवानपुरकै इन्द्रसरोवर गाउँपालिका-३, टेकरस्थित वत्सला माविस्थित एन्फा एकेडेमीमा फुटबल प्रशिक्षणमा रहेका छ जना विद्यार्थीको पहिरोमा परी मृत्यु भएको छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालका अनुसार छ जनाको शव नेपाली सेनाको हेलिकोप्टरबाट काठमाडौँ लगिने भएको छ । एन्फाका अनुसार दिवस बानियाँ, प्रियान्स आचार्य, साइमन योञ्जन, अनुपम घलान, विकल रेग्मी र आदिप्य बालमपाकी बेपत्ता भएका थिए ।

दोलखाको भीमेश्वर-६ मा एकै परिवारको तीन जनाको मृत्यु भएको छ । चरीकोटस्थित सिमपानीमा गएको पहिरोले राजकुमार भुजेलको घर पुर्दा राजकुमार भुजेल उहाँकी श्रीमती राधिका भुजेल र १५ वर्षीय छोरा सुजन भुजेलको मृत्यु भएको हो ।

कोशी प्रदेशमा दस जनाको मृत्यु भएको छ भने थप नौ जना बेपत्ता छन् । पाँचथरमा मात्र पाँच जनाको मृत्यु र पाँच जना बेपत्ता छन् । धनकुटामा पहिरोमा पुरिएर दुई जनाको मृत्यु भएको छ । यस्तै धादिङमा एक र सिन्धुपाल्चोकमा चार जनाको मृत्यु र पाँच जना बेपत्ता छन् ।

सोलुखुम्बुमा दुईको मृत्यु भएको छ, सुनसरीमा एक जनाको मृत्यु र नौ जना बेपत्ता छन् । चितवनमा तीन जना र रूपन्देहीमा दुई जना बेपत्ता छन् ।

## हालसम्मकै भीषण वर्षा

राजधानीमा हालसम्मकै भीषण वर्षा भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागका मौसमविद् गोविन्द झाका अनुसार काठमाडौँ उपत्यकामा हालसम्मकै बढी (२३९.७ मिलिमिटर) वर्षा मापन भएको छ । यसअघि विसं २०५९ साउनमा १७७ मिलिमिटर वर्षा मापन भएको थियो ।

पछिल्लो २४ घण्टामा देशभरमा सबैभन्दा बढी काभ्रेपलाञ्चोकको खोपासी र पनौतीमा २८१.८ मिलिमिटर वर्षा मापन भएको झाले जानकारी दिनुभयो । यसै गरी बागमती प्रदेशपछि सबैभन्दा बढी लुम्बिनी प्रदेशको पाल्पाको अर्चलेमा २४४.२ मिलिमिटर वर्षा मापन भएको छ । त्यसै गरी गण्डकी प्रदेशको तनहुँ विमलनगरमा २१०.२, कोशी प्रदेशको धनकुटामा २०९, मधेश प्रदेशको बारा कोल्बीमा २०२, कर्णालीको सुर्खेतमा ४९.५ र कैलालीमा ४२ मिलिमिटर वर्षा मापन भएको छ ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेका अनुसार बाढीपहिरोबाट काठमाडौँमा ११ जना, ललितपुरमा १६ जना र भक्तपुरमा पाँच जना गरी जम्मा ३२ जनाको मृत्यु छ ।

त्यसै गरी काठमाडौँमा १० जना, ललितपुरमा पाँच जना र भक्तपुरमा दुई जना गरी १७ जना घाइते छन् । बाढीमा परी काठमाडौँमा एक जना र ललितपुरमा ११ जना बेपत्ता छन् । बाढीमा फसेकाको उद्धारका लागि चार हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक किरण वज्राचार्यले जानकारी दिनुभयो ।

निरन्तरको वर्षाका कारण प्राकृतिक विपत्बाट प्रभावित काठमाडौँ उपत्यकासहित देशभर सरकारले खोज तथा उद्धारलाई तदारूकता दिँदै नेपाली सेनाको हेलिकोप्टरसहित ठुलो संख्यामा सुरक्षाकर्मी परिचालन ।

# बाढी पहिरोमा परी एक सय जनाको मृत्यु, ६७ बेपत्ता

गोरखापत्र अनलाइन
१३ असोज २०८१, आइतबार



काठमाडौँ, असोज १३ गते । बाढीपहिरो र डुबानमा परी हालसम्म एक सय जना जनाको मृत्यु भएको छ भने ६७ जना बेपत्ता भएका छन् । विपतमा परी एक सय एकजना घाइते भएका छन् ।

बाढी पहिरोमा परी ललितपुरमा २०, धादिङमा १५, काठमाडौँमा १२, काभ्रे १०, मकवानपुर सात, सिन्धुपाल्चोक छ जना, सोलुखुम्बु पाँच, पाँचथर पाँच, भक्तपुर पाँच जनाले ज्यान गुमाएका छन् ।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार दोलखामा तीन, सिन्धुलीमा दुई, धनकुटा दुई, महोत्तरी दुई, रामेछाप एक, झापा एक, उदयपुर एक, इलाम एक, सप्तरी एक र नुवाकोटमा एक जनाको मृत्यु भएको छ ।

बाढीपहिरो प्रभावित क्षेत्रमा खोजी र उद्धारका लागि नौ हजार नौ सय ८३ सुरक्षाकर्मी परिचालन गरिएका तथा हालसम्म तीन हजार ३९ जनाको उद्धार गरिएको उहाँले बताउनुभयो ।

# गोरखाको लापुबेंसीबाट छुटेको बस झ्याप्लेखोला पहिरोमा भेटियो

गोरखापत्र अनलाइन
१३ असोज २०८१, आइतबार
मुरारी अधिकारी




धादिङ, असोज १३ गते । गोरखाको लापुबेंसीबाट काठमाडौँका लागि छुटेको यात्रुवाहक बस त्रिभुवन राजपथको झ्याप्लेखोलामा पहिरोले पुरिएको अवस्थामा फेला परेको छ । यात्रुवाहक बस त्रिभुवन राजपथको झ्याप्लेखोला पहिरोभित्र भेटिएको जिल्ला प्रहरी कार्यालय धादिङले जानकारी दिएको छ ।

शुक्रवार बिहान ७ बजे गोरखाको लापुबेंसीबाट काठमाडौँका लागि छुटेको ना ४ ख २२७० नम्बरको बस तीन दिनदेखि सम्पर्कविहीन भएको थियो । उक्त बसमा बसका धनी तथा चालक भीमसेन थापा गाउँपालिका ४ धावाका मदन परियार र चालक दलकै फुजेलका नवराज तिवारी र धावाकै विनय भट्टराई थिए । बसमा धार्चेका एक जना यात्रु सुक गुरूङ रहेको र अन्य यात्रु बिचबाट चढे नचढेको भने यकिन हुन सकेको छैन । बस निकाल्ने प्रयास भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## सुख्खा पहिरोपछि विद्युत सेवा अवरुद्ध

गोरखापत्र अनलाइन
१४ चैत २०८१, बिहिबार
राजु लामिछाने


मुसिकोट नगरपालिका -१२ मा गएको सुख्खा पहिरो । तस्बिर : राजु लामिछाने

रूकुमपश्चिम, चैत १४ गते । रूकुमपश्चिममा निर्माणाधीन नुवाकोटडाँडा - बैरागीठाँटी सडक विस्तारको क्रममा सुख्खा पहिरो खसेपछि विद्युत सेवा अवरूद्ध भएको छ ।

बुधबार बेलुका सडक बिस्तारको क्रममा मुसीकोट नगरपालिका १२ जमारीमा सुख्खा पहिरो खसेपछि विद्युतको पोल भाँचिनुका साथै विद्युत लाइनको तारमा समेत समस्या आएको विद्युत वितरण केन्द्र रूकुमपश्चिमले जानकारी दिएको छ ।

केन्द्रका इलेक्ट्रिकल फोरमेन प्रेम प्रकाश चापागाईका अनुसार सुख्खा पहिरोको कारण ११ केभि लाइनको पोल भाँचिएको छ भने अन्य सात वटा पोलको तार भुइँमा लत्रिएको छ । यो समस्यापछि मुसीकोट नगरपालिका वडा नम्वर १२, चौरजहारी नगरपालिका वडा नम्वर १३ र १४ र त्रिवेणी गाउँपालिकाको वडा नम्वर ७, ८, ९ र १० मा विद्युत सेवा अवरूद्ध भएको छ ।

सुख्खा पहिरो गएको स्थानमा विद्युत लाइन मर्मतका लागि मर्मत टोली परिचालन भएको छ । बिहीबार बिहानैबाट मर्मत कार्य सुरू गरिएको र बेलुकासम्म विद्युत सेवा सुचारू हुने ईलेक्ट्रिकल फोरमेन चापागाईले जानकारी दिनुभयो ।

## सुक्खा पहिरो खस्दा दाउन्नेमा यातायात सेवा अवरुद्ध

गोरखापत्र अनलाइन
९ वैशाख २०८२, मङ्गलबार


नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनयी त्रिवेणी गाउँपालिका-२ दाउन्ने क्षेत्रमा सडकको बायाँतर्फ सुक्खा पहिरो खसेपछि अवरूद्ध भएको यातायात । तस्बिर : रासस

मध्यविन्दु (नवलपरासी), वैशाख ९ गते । सुक्खा पहिरोका कारण नारायणगढ-बुटवल सडकखण्ड अन्तरगतको दाउन्ने क्षेत्रमा सवारी आवागमन अवरूद्ध भएको छ ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनयी त्रिवेणी गाउँपालिका-२ दाउन्ने क्षेत्रमा सडकको बायाँतर्फ सुक्खा पहिरो खसिरहेकाले यातायात सेवा अवरूद्ध भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक यादव ढकालका अनुसार अहिले उक्त क्षेत्रमा दुवैतर्फ यातायात सेवा पूर्णरुपमा अवरूद्ध छ । पहिरो हटाएर सडक खुलाउने प्रयास भइरहेको उहाँले बताउनुभयो ।

अहिले दाउन्ने क्षेत्रमा सयौँ सवारीसाधन जाममा परेका छन् । पहिरो खसिरहेकाले भित्ता काटेर सडक बनाउनुपर्ने अवस्था रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख जनक बन्जाराले बताउनुभयो ।

दाउन्ने क्षेत्रमा कालोपत्र सडक खनेर विस्तार गर्ने कार्य भइरहेको थियो । त्यसैमाथि आज सुक्खा पहिरो खसेको हो । दाउन्ने खण्डमा हाल सडक विस्तारका लागि दैनिक राति ११ बजेदेखि बिहान ५ बजेसम्म आवागमन रोकेर काम गर्ने गरिएको छ ।

## तिलगाउँमा सुक्खा पहिरो, १८ घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण

गोरखापत्र अनलाइन
५ जेठ २०८२, सोमबार
हुम्ला, जेठ ५ गते । हुम्ला जिल्लाको नाम्खा गाउँपालिका-६ तिलगाउँमा सुक्खा पहिरो गई जोखिमा रहेका १८ घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

सशस्त्रका डिएसपी एवम् सह प्रवक्ता शैलेन्द्र थापाले तिलगाउँको उत्तरपट्टिबाट सुक्खा पहिरो आई सोही ठाउँमा बसोवास गर्ने स्थानीय बासिन्दाहरूको घरमा क्षति पुऱ्याएको छ ।

आवश्यक विपद् उद्धार सामग्री तथा बन्दोवस्तीका सामानसहित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट हिल्साको सुरक्षा फौज उक्त स्थानमा परिचालित भएको छ ।



हुम्ला जिल्लाको नाम्खा गाउँपालिका-६ तिलगाउँमा गएको सुक्खा पहिरो । तस्बिर : सशस्त्र प्रहरी

पहिरो के कति कारण आएको हो भन्न बारे जानकारी हुन नसके पनि सो पहिरोसँगै पानिको लेदो समेत रहेकाले तिलगाउँभन्दा माथि हिमाताल रहेको आशङ्का गरिएको छ । आशङ्का गरिएको स्थानमा हिमताल रहेको वा नरहेको भन्नेबारे अवलोकन भइरहे को छ । पहिरोबाट मानवीय तथा पशुचौपायामा क्षति पुगेको छैन ।

## २. कान्तिपुर दैनिकबाट

### गाउँमाथि पहिरो, तल्लो चिप्लावासी झन् त्रस्त

श्रावण २१, २०८१, आश गुरूङ



लमजुङ - लमजुङको मर्स्याङ्दी गाउँपालिका-५, तल्लो चिप्लाको गैरीगाउँमाथि फेरि पहिरो झर्न थालेको छ । गत साउन १२ राति धाँजा फाटेपछि गाउँलेले पानी पस्न नदिन खाडल पुरेका थिए । आइतबारदेखि गाउँमाथिबाट पहिरो खस्न सुरू गरेको हो ।

गाउँलेका अनुसार यसअघि धाँजा फाट्नुका साथै चिरा परेको र स-साना पहिरो चलेकामा आइतबार रातीबाट पुनः पहिरो झर्न थालेको हो । पहिलेको भन्दा अहिलेको पहिरो ठूलो भएकाले गाउँले डराएको स्थानीय कमल गुरूङले बताए ।

उनका अनुसार गाउँका बासिन्दा यसअघि साँझबिहान घरमै पकाएर राती डाँडागाउँका आफन्त, विद्यालय तथा त्रिपालमा बस्ने गरेका थिए । गाउँ माथिबाट पहिरो खस्न थालेपछि अहिले साँझबिहान खान पकाउन र खान पनि डर भएको उनले बताए ।

पहिरोका कारण गाउँका ४२ घरधुरीका १ सय ८२ जना प्रभावित भएका छन् । गाउँबाट माथि १ सय मिटरको दूरीमा पहिरो झर्न थालेको गाउँले बताए । गाउँमा कोदो रोप्ने समय भएकाले घरखेत गर्न डराएको वडाध्यक्ष घनश्याम घलेले बताए । उनका अनुसार गाउँलेले आफ्ना महत्त्वपूर्ण सामान घरबाट आफन्तकहाँ सारिसकेका छन् ।

'साउन १२ मा गाउँमाथि चर्केको भूभागले अहिले पहिरोको रूप लिएको छ । गाउँले सशंकित र त्रस्त छन् । गाउँले आफ्नो घरमा बस्न सकेका छैनन्, सुत्न सकेका छैनन्,' उनले भने, 'कतिपय डाँडागाउँमा आफन्तको घर, कतिपय विद्यालय र कतिपय त्रिपालमा छन् ।' तत्कालका लागि गाउँपालिकाले २५, जिल्ला प्रशासन कार्यालयले ४ र नेपाल रेडक्रस सोसाइटीले १० वटा त्रिपाल उपलब्ध गराएको गाउँलेले बताए । केहीलाई डाँडामा रहेको बाल विकास प्राविमा सुत्ने व्यवस्था मिलाइएको उनले बताए ।

पहिरोको जोखिम बढ्दै गएपछि सोमबार प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरूङको नेतृत्वमा सशस्त्र प्रहरी नायव उपरीक्षक दीपक पुरी, प्रमुख अनुसन्धान अधिकृत विष्णुहरि पण्डित, प्रहरी निरीक्षक मेघनाथ चापागाईंसहित टोलीले अनुगमन गरेको वडाध्यक्ष घनश्याम घलेले बताए ।

प्रमुख जिल्ला अधिकारी गुरूङले गाउँ उच्च जोखिममा परेको र सुरूमा नागरिकको ज्यान बचाउन सुरक्षित स्थानतर्फ गाउँलेलाई व्यवस्थापन गरिएको बताए । पहिले चिरा परेको ठाउँमा अहिले पहिरो झरेको देखियो । पहिलो प्राथामिकता गाउँको सुरक्षा नै हो, अहिले सुरक्षित ठाउँमा हुनुहुन्छ,' उनले भने । उनले यो ठाउँ बस्नका लागि योग्य हो या होइन भनी भौगर्भिक अध्ययन हुनुपर्ने बताए । उनले भौगर्भिक अध्ययनका लागि पालिकालाई सिफारिस पठाउन पनि भनेको बताए ।

# मुग्लिननजिक नाग्दीखोलामा पहिरो जाँदा पृथ्वी राजमार्ग अवरुद्ध



श्रावण २३, २०८१, रमेशकुमार पौडेल

चितवन – इच्छाकामना गाउँपालिका-४ मुग्लिननजिक नाग्दीखोलामा बुधबार बिहान पहिरो खस्दा पृथ्वीराजमार्ग दुईतर्फी नै अवरूद्ध भएको छ । चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार सडक खुलाउन एक-डेढ घण्टा लाग्न सक्छ । पृथ्वी राजमार्गले संघीय राजधानी काठमाडौं र गण्डकी प्रदेशको राजधानी तथा पर्यटकीय सहर पोखरालाई जोड्छ । मुग्लिन बजारदेखि डेढ किलोमिटर पर कुरिनटारतर्फ पहिरो खसेर बाटो अवरूद्ध भएको हो ।

# बागलुङ पहिरो : प्रतिकूल मौसमका कारण घाइतेलाई अस्पताल पुऱ्याउन कठिन

श्रावण २३, २०८१, रासस

बलेवा (बागलुङ) – बडिगाड गाउँपालिका वडा नं. ९ र १० मा भएका दुई पहिरोमा घाइते भएका दश अस्पताल पुर्याउन कठिन भएको छ । निरन्तरको वर्षा, ठाउँठाउँमा खसेको पहिरो र भौगोलिक विकटताका कारण उनीहरूलाई प्राथमिक स्वास्थ्य केन्द्रसम्म पनि पुर्याउन नसकिएको हो ।

बडिगाड गाउँपालिकाको समन्वयमा नेपाली सेनाका स्वास्थ्यकर्मीले घटनास्थलमा प्राथमिक उपचार गरेको छ । घाइतेलाई बुर्तिबाङस्थित प्राथमिक स्वास्थ्य केन्द्र पुर्याउन समस्या भएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गद बरालले जानकारी दिए ।



उद्धारका लागि आएको नेपाली सेनाको हेलिकप्टर पनि प्रतिकूल मौसमका कारण उपयोग गर्न नसकिएको दुखेसो उनले गरे । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर छ । पहिरोमा परी आठ जनाको ज्यान गएको छभने चार जना अझै बेपत्ता छन् । उनीहरूको खोजी जारी छ ।

## नाग्दीको पहिरो सफा गर्ने क्रममा लोडरमा क्षति, अपरेटरको हातमा चोट

श्रावण २३, २०८१, रमेशकुमार पौडेल



चितवन – पृथ्वी राजमार्गको चितवन इच्छाकामना गाउँपालिका-४ मुग्लिननजिक नाग्दीखोलामा आइतबार बिहान गएको पहिरो सफा गर्दा ढुंगा लागेर लोडरमा क्षति पुगेको छ ।

क्षति सामान्य भए पनि लोडरले काम गर्न नसकेको चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए । लोडर अपरेटर धादिङ जिल्ला गल्छी गाउँपालिका-६ का ४७ वर्षीय लिलाधर अधिकारीको बायाँ हातमा चोट लागेको छ ।

बिहान सवा सात बजेतिर नाग्दी खोलामा पहिरो गएर दुईतर्फी रूपमै सडक अवरूद्ध भएको छ । अहिले पनि एउटा लोडर र एउटा एक्स्काभेटरले पहिरो हटाइरहेको प्रमुख जिल्ला अधिकारी यादवले बताए ।

## बडिगाड पहिरो : घाइते सबैको उद्धार

श्रावण २३, २०८१
कान्तिपुर संवाददाता
गलकोट (बागलुङ) – बडिगाड गाउँपालिका-१० आरूपाटामा मङ्गलबार खसेको पहिरोले घर पुरिँदा गम्भीर घाइते भएका सबै तीनजनाको उद्धार भएको छ । उनीहरूलाई केहीबेर अघि हेलिकोप्टरबाट काठमाडौँ लगिएको छ ।

स्थानीय जोगबहादुर बुढाको घर मंगलबार बिहान पहिरोले पुरिँदा छजनाको मृत्यु भएको थियो भने १० जना घाइते भएका थिए । हाल चारजना बेपत्ता छन् । प्रतिकूल मौसमका कारण घाइतेलाई स्वास्थ्य संस्था पुर्याउन सकिएको थिएन । नेपाली सेनाका स्वास्थ्यकर्मीले उनीहरूको उपचार गरेका थिए ।

तीनजना गम्भीर घाइतेलाई त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल लगिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गद बरालले जानकारी दिए । अन्य घाइतेलाई बुर्तिवाङस्थित प्राथमिक स्वास्थ्य केन्द्र पुर्याइएको छ ।

## पहिरो खस्दा सिद्धार्थ राजमार्गको पाल्पा-बुटवल खण्ड अवरूद्ध

श्रावण २३, २०८१
माधव अर्याल
पाल्पा – वर्षासँगै पहिरो खसेपछि बुधबार बेलुकीदेखि सिद्धार्थ राजमार्गअन्तर्गत बर्तुङ-बुटवल सडकखण्ड अवरूद्ध भएको छ ।

उक्त राजमार्ग अन्तर्गत तिनाउ गाउँपालिका-३, पैठेडाँडा नजिकै ठूलो पहिरो खसेपछि सडक अवरूद्ध भएको दोभानका स्थानीय विष्णुप्रसाद पाण्डेयले जानकारी दिए ।

घुम्ती सुधार तथा सडक चौडा गरेको स्थानमा ढुंगामाटोसहितको पहिरो खसेपछि ८ बजेदेखि राजमार्ग अवरूद्ध भएको छ । दोभान प्रहरी चौकीका अनुसार सडक खुलाउन डोजर मगाइएको छ । स्थानीय बासिन्दाका अनुसार यही स्थानमा विगतमा पनि पहिरो खसेको थियो ।

सडकमा पहिरो खसेपछि राजमार्गको तराईदेखि पहाड आउने र पहाडबाट तराई झर्ने सवारी साधन अवरूद्ध भएका छन् । रातीको समय भएकाले यात्रुहरूलाई थप समस्या भएको गुनासो गरेका छन् । राजमार्ग भएर पाल्पा, गुल्मी, अर्घाखाँची, बाग्लुङ, स्याङजा, बेनी, मुस्ताङ, पोखरा लगायतका स्थानमा सवारी साधन चल्छ भने त्यस क्षेत्रबाट बुटवल, सुनौली जाने सवारी साधन ओहोरदोहोर गर्छन् ।



## नाग्दी पहिरो अझै पूरा सफा भएन, दुईतर्फी यातायात सञ्चालन गर्न समय लाग्ने

श्रावण २४, २०८१

रमेशकुमार पौडेल

चितवन – काठमाडौं जाने-आउने मुख्य सडक पृथ्वी राजमार्गको मुग्लिननजिक बुधबार बिहान खसेको पहिरो अझै पूरा सफा हुन सकेको छैन । पृथ्वी राजमार्गको चितवन इच्छाकामना गाउँपालिका-४ मुग्लिननजिक नाग्दी खोलामा पहिरो खसेपछि पूर्ण रूपमा ठप्प भएको सडक हिजो मध्यान्ह १२ बजे तिर बाट एकतर्फी खुलेको थियो । तर दुईतर्फी खुल्न भने समय लाग्ने भएको छ ।



'पहिरो सफा गर्न समय लाग्ने भएको छ । केही समय गाडी नै बन्द गरेर काम गर्नु पर्छ कि भन्ने सोच बनेको छ । हाललाई बाटो एकतर्फी छ,' नागढुंगा मुग्लिन सडक योजना पश्चिम खण्डका सूचना अधिकारी रहेका इन्जिनियर कृष्ण आचार्यले भने ।

पहिरो खसेका ठाउँ मुग्लिनदेखि दुई किलोमिटरपर कुरिनटारतर्फ छ । हिजो बिहान पहिरो गएपछि सफा गर्ने क्रममा ढुंगाले लागेर एउटा लोडरमा क्षति भएको थियो । लोडर अपरेटर लिलाधर अधिकारीको बायाँ हातमा चोट लागेको चितवन जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ ।

## बडिगाड पहिरो : मृतकको संख्या ११ पुग्यो, बेपत्ता १ बालकको खोजी जारी

श्रावण २४, २०८१

प्रकाश बराल



बागलुङ – जिल्लाको बडिगाड गाउँपालिका १० आरूपाटामा मंगलबार खसेको पहिरोमा मृत्यु हुनेको संख्या ११ पुगेको छ । पहिरोमा बेपत्ता भएका २ बालबालिकाको शव घटनास्थलबाट बिहीबार निकालिएसँगै उक्त घटनामा मृत्यु हुनेको संख्या ११ पुगेको हो ।

मध्याह्न १२ बजेतिर ७ वर्षीय मधु बुढाको शव र अपराह्न पौने ५ बजे १० वर्षीय मनोज बुढाको शव घटनास्थलबाट निकालिएको प्रहरी उपरीक्षक ऋषिराम कँडेलले जानकारी दिए । तीन दिनदेखि घटनास्थलमा खोजीकार्य जारी छ । घटनामा अझै ११ वर्षका सुमन थापा हराइरहेका छन् ।

मंगलबार बडिगाड १० आरूपाटामा खसेको पहिरोमा स्थानीय जोगबहादुर बुढाको घर पुरिएको थियो । उक्त घटनामा घरधनी बुढासहित उनका परिवारको पनि मृत्यु भएको हो । मंगलबार गएको टोलीले खोजी गर्न नसकेपछि बुधबार नेपाली सेनाको श्रीमेहर गण, सशस्त्र प्रहरी बल र प्रहरीको थप टोली घटनास्थलमा परिचालन भैरहेको छ । पहिरोमा गम्भीर घाइतेमध्ये ३ जनालाई उपचारका लागि काठमाडौं पठाइएको छ । एकजनालाई पोखरास्थित मणिपाल अस्पताल र बाँकी घाइते ९ जनाको बुर्तिवाङस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भएको हो ।

## बडिगाड पहिरो : ५० परिवार विस्थापित

श्रावण २७, २०८१

रासस



ढोरपाटन (बागलुङ) – बाढी पहिरोका कारण बडिगाडमा ५० परिवार विस्थापित भएका छन् । बडिगाड गाउँपालिका-९ को नयाँबस्ती र वडा नं १० आरूपाता, पात्ले, क्लावफिङ, खोर, सल्लेनधारा लगायत बस्तीका ५० परिवार विस्थापित भएका हुन् ।

हलैका पहिरोमा परी ११ जनाको मृत्यु भएको छ भने एक जनाको अवस्था अझै अज्ञात छ । विस्थापित परिवारको अहिले बिचल्ली भएको छ । पहिरोका कारण खानेपानी, विद्युत् आपूर्ति हुनसकेको छैन । बालबालिका र वृद्धवृद्धालाई बढी समस्या परेको छ ।

स्थानीय भीमबहादुर बुढाले गाउँका धेरै घर पहिरोको जोखिममा रहेको हुँदा बस्ती छाडेर अन्तै जानुपरेको दुखेसो पोखे । आफ्नो घर वरपरका बस्ती पहिरोको जोखिममा रहेका उनले बताए ।

विस्थापित परिवारलाई विद्यालय तथा सार्वजनिकस्थलमा व्यवस्थापन गरिरहेको बडिगाड गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले जानकारी दिए ।

## सडकमा पहिरो खस्दा भागेर बाँचे गाउँपालिका अध्यक्ष



श्रावण २७, २०८१

आनन्द गौतम

ताप्लेजुङ – पहिरो पीडितलाई भेटेर फर्किँदै गरेका मैवाखोला गाउँपालिकाका अध्यक्ष विजय प्रकाश वनेम आफैँ पहिरोमा पर्दा भाँगेर ज्यान जोगाउन सफल भएका छन् ।

गाउँपालिका-१ ढुङ्गेसाँघुबाट फर्किएका उनको सवारी पहिरोले पुरेको छ । आफू र चालक भने भागेर बाँचेको उनले बताए ।

उनी वडा नं. १ निवासी एकल महिलाको घर पहिरोको जोखिममा परेको सूचना पाएपछि त्यसतर्फ गएका थिए । सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय समेत भेला भएर ती महिलालाई सुरक्षित स्थानमा सारिएको थियो । त्यसपछि उनी मोटरसाइकलमा गाउँपालिका फर्किंदै थिए । त्यहीबेला वडा नं. २ को पञ्चमी भन्ने स्थानमा सडकमा उनीहरू गुडिरहेकै बेला माथिबाट पहिरो खसेको थियो ।

## पृथ्वी राजमार्गको मौवाखोला र चुम्लिङटारमा पहिरो, यातायात अवरूद्ध



श्रावण ३०, २०८१

रमेशकुमार पौडेल

चितवन – पृथ्वी राजमार्गको चितवन इच्छाकामना गाउँपालिकाको दुई ठाउँमा बुधबार बिहान पहिरो गएका कारण सडक अवरूद्ध भएको छ । चितवन जिल्ला प्रहरी कार्यालयबाट प्राप्त विवरणअनुसार इच्छाकामना गाउँपालिका-३ चुम्लिङटार र मौवाखोलामा बिहान सात बजेतिर पहिरो खसेको हो ।

मौवाखोलामा एकतर्फी र चुम्लिङटारमा दुईतर्फी नै बाटो अवरूद्ध भएको चितवन जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी भेषराज रिजालले बताए । बाटो खुलाउन पहल भइरहेको उनले बताए ।

## चुम्लिङटार र मौवाखोलाको पहिरो पन्छाइयो, दुईतर्फी नै खुल्यो सडक

श्रावण ३०, २०८१

रमेशकुमार पौडेल

चितवन – पृथ्वी राजमार्गमा खसेका दुईवटै पहिरो पन्छ्याइएको छ । सवा ८ बजेदेखि सडक दुईतर्फी नै खुलेको चितवन जिल्ला प्रहरी कार्यालयका डीएसपी भेषराज रिजालले जानकारी दिए ।

बुधबार बिहान चितवनको इच्छाकामना गाउँपालिकाको दुई ठाउँमा पहिरो गएपछि कारण सडक अवरूद्ध भएको थियो । चुम्लिङटार मौवाखोलामा बिहान ७ बजेतिर खसेको पहिरोले यातायातका साधनहरु रोकिएका थिए ।

## खाँदबारीको रमितेमा पहिरो जाँदा आठ घर उच्च जोखिममा

श्रावण ३०, २०८१

दीपेन्द्र शाक्य



संखुवासभा – खाँदबारी नगरपालिका-५ रमितेमा पहिरो खस्दा आठ घर उच्च जोखिममा परेका छन् । गाउँमाथिको भीरबाट जमिन चिरिएर लगातार पहिरो खसेपछि ती घर जोखिममा परेका हुन् ।

पहिरो झरेको ठाउँमा दुईवटा ठूलठूला ढुंगा रहेकाले पहिरोसँगै ती खस्ने खतरा बढेको पीडितले बताए । लगातार वर्षा भइरहेकाले पहिरो जुनसुकै समयमा खस्न सक्ने स्थानीय रामबहादुर गुरूङले बताए । 'स्थानीय सरकारलाई तुरून्त ती ढुंगा पन्छाइदिन अनुरोध गरेका छौं,' उनले भने ।

'रमिते गाउँमा कोसी राजमार्गको गगनेदेखि मोटर बाटो लगिएको छ,' उनले भने, 'गाउँमाथिबाट ट्याक खोलिएको छ, गाउँमाथि नै प्याराग्लाइडिङ उडानका लागि मैदान बनाइएको माटो धस्सिएर पहिरोको खतरा बढेको हो ।' रमिते गाउँभन्दा माथि देउरालीबाट सडक गाउँसम्म पुर्याइएको छ ।

## कर्णाली राजमार्गमा दुई महिनायता १३३ स्थानमा पहिरो, यात्रुलाई सधैं सास्ती

श्रावण ३०, २०८१

तुलाराम पाण्डे, तृप्ति शाही



कर्णाली राजमार्ग सुर्खेत-जुम्ला सडकमा गएको पहिरो हटाएपछि गन्तव्यतर्फ जाँदै गाडीहरू । तस्बिर : तुलाराम/कान्तिपुर

कालीकोट/वीरेन्द्रनगर – गत साउन ९ गते सुर्खेतबाट मुगु जान हिंडेका खल्याड-९, का मनबहादुर कार्की पहिरोले सडक अवरूद्ध भएपछि ५ दिनपछि घर पुगे । बुवा बिरामी भएको खबर पाएर घर जान हिंडे का कार्की २ दिनसम्म सडक खुल्छ कि भन्ने आशामा गाडी कुरेरै बसे ।

गाडी खुल्ने अवस्था नदेखेपछि कालीकोटको हुल्मबाट पैदल हिंडेर मान्म हुँदै दुई दिनमा कालीकोट र जुम्लाको सिमाना नाग्म पुगे । अर्को दिन त्यहाँबाट गोठी ज्यूलाको गाडी चढेर आधा बाटो हिंडेर घर पुगे ।

'जहाजमा जाउँ भने टिकट पाइँदैन,' उनले भने, 'बर्खामा जहाज जाने ठेगान पनि हुँदैन । गाडीमा आएको साह्रै दुःख पाइयो ।' सुर्खेतमा पढ्न गएका कार्कीले बाटोमा गाडी भाडा, खाना, नास्ता र बास खर्चमा मात्र ५ हजार सकिएको गुनासो पोखे ।



सुर्खेतबाट जुम्ला जान हिँडेका तिलागुफा-६, जुविथाका कृष्णबहादुर शाही साउन २८ गते कर्णाली राजमार्गको चौखोलामा पहिरो गएपछि एक दिन मान्ममै रोकिए । 'आजै पुग्ने काम थियो,' उनले भने, 'पहिरो खुलेन, बाध्यताले यतै बस्नुपर्ने भयो ।' कामको चटारोले रिर्जभ गाडीमा आए पनि गन्तव्यमा पुग्न नसकेका शाही जुम्लाको तातोपानी गाउँपालिमा रहेर एउटा परियोजनामा काम गर्छन् ।

माथिका केही प्रतिनिधि पात्र झैं कर्णाली राजमार्ग भएर यात्रा गर्ने सयौं यात्रुले दिनहुँ जसो सास्ती झेल्ने गरेका छन् । साउन २८ गते बिहान देखी कर्णाली राजमार्ग अवरूद्ध भयो । कालीकोटको चौखोलामा गएको पहिरोले कालीकोट-जुम्ला सडक खण्ड अवरूद्ध भएको थियो । कालीकोटको खाडाचक्र-१० चौखोलानजिकै ठूला - ठूला ढुंगासहित पहिरो खसेपछि सडक पूर्णरूपमा अवरूद्ध भएको हो । अविरल वर्षाको कारण राजमार्ग अवरूद्ध भएपछि १ दिन र १ रातभर यात्रुहरू राजमार्गका विभिन्न ठाउँमा रोकिन पुगे । २९ गते दिउँसो मात्र एकतर्फी रूपमा राजमार्ग सञ्चालनमा आयो ।

## पहिरो खस्दा सेउले-मधुगंगा कृषि ग्रामीण सडकमा क्षति

श्रावण ३२, २०८१
रमेशचन्द्र अधिकारी



धनकुटा – धनकुटा नगरपालिका-३ स्थित चिउरेबोटेमा पहिरो जाँदा सेउले-मधुगंगा कृषि ग्रामीण सडकमा क्षति पुगेको छ । बिहीबार राति सडक माथिबाट ढुंगा सहितको पहरा खस्दा सडक अवरूद्ध बनेको छ ।

सेउले र चिउरबोटे बीचको खहरे खोला माथिबाट खसेको पहिरोले करिब ५० मिटर सडक क्षतिग्रस्त भएको स्थानीय चेतनाथ वाग्लेले जानकारी दिए ।

उक्त बाटो भएर बालबालिका विद्यालय आवतजावत गर्न समेत बञ्चित भएको उनले बताए । पहिरोका कारण स्थानीयले उत्पादन गरेका कृषिजन्य उत्पादन बजार पुऱ्याउन कठिनाई भएको स्थानीय विमला वाग्लेको भनाइ छ ।

सडकको माथिल्लो भागमा ठुला-ठुला ढुंगा अड्किएका कारण तत्काल डोजर लगाएर मर्मत गर्न चुनौती रहेको धनकुटा ३ का वडाध्यक्ष विकास घिमिरेले जानकारी दिए ।

# मध्यपहाडी लोकमार्गको बागलुङ खण्डमा थप पहिरो, यात्रा नगर्न प्रहरीको आग्रह

श्रावण ३२, २०८१
प्रकाश बराल



काठमाडौँ — लगातारको वर्षातपछि मध्यपहाडी लोकमार्गको बागलुङ खण्डमा पहिरो खसेर सडक जोखिम भएको छ । गलकोट नगरपालिका वडा नं ९ र ११ जोड्ने भालु पाइलेमा सडक अवरूद्ध भएको हो ।

पहिरोले सडक भासिँदा हलुका सवारी साधन पनि मुस्किलले गुड्न सक्ने अवस्था छ । यहाँ दैनिक रात्रि बससमेत चल्ने गरेकोमा केही दिनदेखि नै अवरूद्ध हुन थालेको हो ।

शुक्रबार थप पहिरो खस पछि यात्रा जोखिम भएको प्रहरी नायव उपरीक्षक विजय यादवले जानकारी दिए । उक्त स्थानमा ट्राफिक संकेतहरू राखेर यात्री र सवारी साधनलाई सतर्कता अपनाउन भनिएको छ । यो सडकमा राजधानी काठमाडौंदेखि बागलुङको बुर्तिवाङ तथा पूर्वी रूकुम, पश्चिम रूकुम र जाजरकोटसम्मका बस, ट्रक लगायतका साधन गुड्ने गरेका छन् ।

सडक भासिएपछि यात्री बोकेका जिपले पनि जोखिम मोल्नु परेको हो । उक्त स्थानमा पुग्दा जिपले यात्री झारेर मात्र गुड्ने गरेका छन् । रातको समयमा भने जिप पनि गुड्न छाडेका छन् । दुर्घटनाको जोखिम भएकोले उक्त सडकमा यात्रा नगर्न प्रहरीले पनि आग्रह गरेको छ ।

# पहिरो खस्दा महाकाली लोकमार्ग अवरूद्ध

भाद्र ३, २०८१
मनोज बडू



दार्चुला — पहिरो खस्दा महाकाली लोकमार्गको दार्चुला-गोकुलेश्वर सडकखण्ड अवरूद्ध भएको छ । सोमबार बिहानै उक्त सडक खण्डको नकतडमा पहिरो खस्दा सडक अवरूद्ध भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार रातिको वर्षाका कारण पहिरो खसेको हुनाले बिहानैबाट सडक अवरूद्ध भएको हो । पहिरो पन्छाउन एक्स्काभेटर पठाइएको जिल्ला प्रहरी कार्यालयका दार्चुलाका सूचना अधिकारी ज्ञानेन्द्रबहादुर सिंहले जनाए ।

उक्त सडक खण्डको मालिकार्जुन गाउँपालिका-८ धामीगाडामा पनि सडक भासिएको छ । सडक भासिएकाले ठूला सवारी साधन चल्न सकेका छैनन् । भासिएको साँघुरो सडकमा जोखिम मोलेर साना सवारी चलिरहेको सूचना अधिकारी सिंहले बताए ।

## बाढी पहिरो : सोमबारसम्म मृत्यु हुनेको संख्या १९० पुग्यो, ४९ जना वेपत्ता

भाद्र ३, २०८१

कान्तिपुर संवाददाता



काठमाडौँ – यसवर्षको मनसुनमा सोमबारसम्म बाढी पहिरोमा परी मृत्यु हुनेको संख्या १९० पुगेको छ । अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी सोमबार दिउँसोसम्म १ सय ९० जनाको मृत्यु भएको नेपाल प्रहरीले जनाएको छ ।

बाढी, पहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा २७ जना, मधेश प्रदेशमा ८ जना, बागमती प्रदेशमा ३२ जना, गण्डकी प्रदेशमा ५६ जना, लुम्बिनी प्रदेशमा ३६ जना, कर्णाली प्रदेशमा १३ जना र सुदूरपश्चिम प्रदेशमा १५ जनाको मृत्यु भएको छ ।

बाढी पहिरोमा परेर कोशी प्रदेशमा २ जना, मधेश प्रदेशमा १ जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा २ जना, लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ४९ जना वेपत्ता रहेका छन् । उनीहरूको खोजी कार्य भइरहेको प्रहरीको भनाइ छ ।

त्यस्तै, काठमाडौं उपत्यकामा ११ जना, कोशी प्रदेशमा ३८ जना, मधेश प्रदेशमा १२ जना, बागमती प्रदेशमा २३ जना, गण्डकी प्रदेशमा ४५ जना, लुम्बिनी प्रदेशमा १८ जना, कर्णाली प्रदेशमा ५७ जना र सुदूरपश्चिम प्रदेशमा ३४ जना गरी जम्मा २ सय ३८ जना घाइते भए ।

## बौदीकालीमा पहिरो खस्दा कालीगण्डकी करिडोर अवरूद्ध

भाद्र ४, २०८१

नवीन पौडेल

नवलपुर – अविरल वर्षापछि कारण पहिरो खस्दा कालीगण्डकी करिडोरअन्तर्गत पूर्वी नवलपरासीको बौदीकालीमा सडक अवरूद्ध भएको छ । बौदीकाली गाउँपालिका- ३, जन्तीपहिरो भन्ने स्थानमा आज बिहान पहिरो खसेपछि सडक दुईतर्फी बन्द भएको प्रहरीले जनाएको छ ।

पहिरो खस्दा जिल्लाको पहाडी भेगबाट सदरमुकाम कावासोती र पूर्व-पश्चिम राजमार्ग आउने सवारी रोकिएका छन् । साथै नवलपुरबाट पाल्पाको रामपुर जाने र आउने यात्रु मर्कामा परेका छन् ।

वर्षा निरन्तर भइरहेकाले तत्कालै पहिरो पन्छाउन सक्ने अवस्था नरहेको जिल्ला प्रहरी कार्यालय नवलपुरका डीएसपी बेदबहादुर पौडेलले बताए । सामान्य वर्षामा पनि यो सडक खण्डमा हिलो र लेदोले सडकमा हिँड्न सक्ने अवस्था हुँदैन ।

## नागढुंगा नजिक पहिरो खस्यो, यातायात सेवा अवरुद्ध

भाद्र ५, २०८१

कान्तिपुर संवाददाता

काठमाडौं — काठमाडौंको चन्द्रागिरि नगरपालिका-२ स्थित नागढुंगामा पहिरो खस्दा अहिले सो क्षेत्रमा यातायात सेवा अवरूद्ध भएको छ ।



पहिरो खसेका कारण सडक आवागमन अवरूद्ध भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनका अनुसार नागढुंगा चोकबाट केही मिटर पर नागमन्दिर नजिकै पहिरो खसेको हो । काठमाडौं भित्रिने र बाहिरिने सबै सवारीसाधान ठप्प छन् । अहिले सो क्षेत्रमा पानी परिरहेको र पहिरो खस्ने क्रम जारी रहेकाले यातायात सेवा ठप्प छ ।

नागढुंगामा खटिएको प्रहरीले काठमाडौंबाट जाने सवारी साधन नागढुङ्गामै रोकेको छ भने आउने सवारीसाधान पिप्लामोडभन्दा तलै रोकेको छ ।

## झरी परिरहँदा नागढुंगा-नौबिसे सडकमा पहिरो पन्छाउन समस्या

भाद्र ५, २०८१

विमल खतिवडा



काठमाडौं — नागढुंगाबाट ७ सय मिटर तल नौबिसे खण्डतर्फ पहिरो खस्दा काठमाडौं भित्रिने र बाहिरने सवारीसाधन ठप्प भएको छ । लेदोसहितको पहिरो खस्दा सफा गर्न समस्या भएको छ । बिहान १० बजे पहिरो खसेको हो । पटकपटक पहिरो पन्छाए पनि पानी पर्ने क्रम नरोकिदाँ समस्या भएको नागढुंगा-मुग्लिन सडक योजना पूर्वी खण्डका प्रमुख ईश्वर बहादुर रिजालले बताए ।

'पानी परेको पर्यै छ, पहिरो हटाए पनि बगेर लेदो

झरिरहेको छ,' उनले भने, 'पानी परिरहेकाले सडक खुलाउनै सकिएको छैन ।' पानी नरोकिँदा समस्या भएको उनको भनाइ छ ।

'नागढुंगा ओरालो लाग्दा नजिकै नाग मन्दिर छ, त्यही नजिक पहिरो खसेको हो, अहिले दुईतर्फी नै सडक बन्द छ,' उनले भने, 'सफा गर्न प्राविधिकसहितको मेसिन तैनाथ अवस्थामा छन्, पहिरो पन्छायो कि झन् माथिबाट लेदो बग्ने मात्र भइरहेको छ ।' पहिला यस्तो पहिरोको समस्या नभएको उनको भनाइ छ । 'उत्तिस उम्रिरहेको ठाउँ हो, गत वर्ष एउटा रूख लडेको थियो,' उनले भने, 'यो पटक पहिरो नै खस्यो ।' पहिरो ठूलो रहेको उनले बताए । अहिले दुईतर्फी नै सवारीसाधनको लाम लागगेको छ । सयौं सवारीसाधनबीच सडकमै रोकिएका छन् । हजारौं यात्रु अलपत्र परेका छन् । सवारीसाधन व्यवस्थापन गर्न ट्राफिक प्रहरीलाई हम्मेहम्मे परेको छ ।

## घाँसीकुवाको पहिरो हटाउने कार्य जारी

भाद्र ६, २०८१

कान्तिपुर संवाददाता



काठमाडौँ – नेपाली सेनाले तनहुँको घाँसीकुवामा खसेको पहिरो हटाउने कार्य तीव्र पारेको छ । यही भदौ ४ गतेदेखिको अविरल वर्षाका कारण पृथ्वी राजमार्गको घाँसीकुवामा पहिरो खस्दा सवारी आवागमन अवरूद्ध भएको थियो ।

'यही भदौ ५ गते साँझ उक्त राजमार्गको मुग्लिन पोखरा सडकअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ स्थित घाँसीकुवामा पहिरो गई सडक अवरूद्ध भएको खबर प्राप्त हुनासाथ नेपाली सेना परिचालित भएको र पहिरो हटाउने कार्य जारी रहेको छ,' सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा स्थानीय निकायको सहयोगमा पहिरो हटाउने कार्य भइरहेको हो । राजमार्गको करिब एक सय ३० मिटर क्षेत्रफलमा फैलिएको उक्त पहिरोमा रहेका रूख नेपाली सेनालगायत अन्य सुरक्षा निकायले हटाएको छ । एक्स्काभेटरको प्रयोग गरी अवरूद्ध राजमार्ग खुलाउने प्रयास भइरहेको नेपाली सेनाले जनाएको छ ।

## लगातार वर्षाका कारण राजमार्ग तथा ग्रामीण सडक जताततै पहिरो र हिलो

भाद्र ६, २०८१

विप्लव महर्जन



सल्यान – दैनिकजसो परेको वर्षाले पहिरो खस्ने र सडक हिलाम्य हुँदा यहाँका मुख्य र विभिन्न ग्रामीण क्षेत्रका सडक बन्द भएका छन् । सडक बन्द हुँदा स्थानीयबासीको जनजीवन प्रभावित बनेको छ र उनीहरु सास्ती भोग्न बाध्य भएका छन् ।

संघ, प्रदेश तथा स्थानीय तहको बजेटमा निर्माण गरिएका सडकबाट तत्काल पहिरो पन्छाउने र खाल्डाखुल्डी पुर्नेमा सम्बन्धित निकायले खासै चासो

नदेखाएको र कतिपय स्थानमा पहिरो पन्छाए पनि पुनः खसेकाले जिल्लावासी तथा यात्रुलाई सास्ती भएको हो ।

सडकका ठाउँठाउँमा खसेको पहिरो, हिलाम्मे तथा खाल्डाखुल्डीका कारण नियमित गाडी चल्न नसक्दा जिल्लावासीलाई सदरमुकाम तथा बाहिरी जिल्ला आउजाउमा समस्या मात्र भएको छैन, हिलोमा फसेका गाडी निकाल्न यात्रु आफैंले धकेल्नु परेको छ । वर्षातका कारण बिग्रेको सडकले गर्दा गाडी दुर्घटनाको जोखिम पनि उत्तिकै बढेको छ ।



वर्षातका कारण खोलाले सडकमा ढुंगामाटो थुपारेपछि सकी नसकी चारैतिरबाट समातेर मोटरसाइकल पार गराउँदै कालीमाटीका स्थानीय र राप्ती राजमार्गअन्तर्गत जलेखर्कनजिकै हिलाम्मे सडकमा बस फसेपछि धकेल्दै यात्रु तथा सुरक्षाकर्मी । तस्बिर : कान्तिपुर

जिल्लाको बाग्चौरदेखि रागेचौर हुँदै चौरजहारी जाने सडक पूर्वाधार विकास कार्यालयले केही किलोमिटर कालोपत्र गरेको र केही वर्षअगाडि संघीय सरकारको बजेटमार्फत ग्राभेल गरे पनि वर्षातको भेलले बगाउँदा बडागाउँदेखि तलतिरको सडक हिलाम्मे भएकाले आउजाउ गर्न कठिनाइ हुने गरेको कुमाख गाउँपालिका-५ का भद्रबहादुर बुढाले बताए ।

कुमाख गाउँपालिकाको रागेचौरबाट र बाग्चौर नगरपालिकाको थारमारे बजार पुग्नलाई एक घन्टा मात्रै लाग्ने भए पनि सडक पूरै हिलाम्मे भएकाले गाडी फस्ने गरेका कारण झन्डै दुई घन्टा बढी समय लाग्ने गरेको र बिरामीलाई उपचारका लागि जिल्ला अस्पताल लैजान पर्दा साह्रै गाह्रो हुने गरेको उनले बताए । वर्षातका कारण सडकको दुरावस्था भए पनि सम्बन्धित निकाय मौन रहेको उनको गुनासो छ ।

सडक हिलाम्मे मात्र नभई वर्षातको भेलले खोलामा चिरा पारेको र ढुंगा, बालुवा थुपारेकाले गाडी चल्न नसक्दा पालिकाको केन्द्र पुग्न कठिनाइ हुने गरेको कालीमाटी गाउँपालिका-५ दम्दवालीका सुरेश गाहा मगरले बताए । पालिकामा कुनै कामका लागि जान पर्दा अचेल दम्दवालीदेखि बालुवासम्म करिब ढाइ घन्टा हिँड्नु पर्ने बाध्यता रहेको उनले जानकारी गराए ।

'वर्षातका कारण ग्रामीण सडक हिलाम्मे मात्र नभई गाडी चल्न छाडेपछि दुई सातादेखि दम्दवाली, हात्तीदमारका स्थानीय घर बाहिर जान पाएका छैनन्,' उनले भने, 'गाउँमा कोही बिरामी भयो भने स्टेचरमा बोकेर लग्नुपर्ने अवस्था छ । खलंगादेखि कालीमाटी-दम्दवाली-घुइयाबारी हुँदै नेपालगन्ज जाने सडक निकुञ्जका कारण बजेट परे पनि ट्र्याक खोल्न तथा स्तरवृद्धि हुन सकेको छैन ।'

वर्षातकै कारण सालचौर निगालचुला सडक हिलाम्मे हुनुका साथै चिराचिरा परेर बिगारेपछि नियमित गाडी नचल्दा सदरमुकाम जानु परेमा सालचौरसम्म दुई घन्टा हिँडेर आउजाउ गर्नुपर्ने अवस्था रहेको बन्गाड कुपिण्डे नगरपालिका-१२ निगालचुलाका वडाध्यक्ष लालबहादुर घर्तीले बताए । उनले घाम लागे मात्र गाडी चल्ने गरेको पनि जानकारी गराए ।

'सम्बन्धित निकायले गत वर्ष ७० लाखभन्दा बढी रकम खर्च गरेर सडक स्तर वृद्धिका लागि कटिङ गरेको थियो,'उनले भने, 'त्यसले गर्दा पानी पर्ने बित्तिकै सडक हिलाम्मे मात्र नभई चिप्लो हुने गर्छ । केही स्थानमा चिराचिरा पारेको छ । त्यसले गर्दा गाडी आउजाउमा समेत समस्या छ ।'

वर्षात हुने बित्तिकै राप्ती राजमार्गअन्तर्गत पर्ने दार्मा गाउँपालिका-५ जलेखर्कमा सडक हिलाम्मे हुँदा दैनिक जसो गाडी फस्ने गरेको र सबै यात्रु मिलेर धकेल्नु पर्ने अवस्था रहेको स्थानीय विमल खड्काले बताए । 'सम्बन्धित निकायले विगतमा उक्त सडक खण्ड कालोपत्र गरेको थियो । केही उकालो भएकाले कालोपत्र टिकेको छैन,' उनले भने, 'माथिबाट खसेको पहिरोले सडक हिलाम्मे हुँदा लामो समय नटिक्दा र सडक हिलाम्मे हुँदा दाङ-सल्यान- रूकुम आउजाउ गर्ने यात्रुले विभिन्न किसिमको समस्या भोग्दै आएका छन् ।'

दैनिक जसो हुने बर्षातले गर्दा पालिका भित्रका ग्रामिण सडक बिग्रदा यात्रुलाई मात्र नभई बेमौसमी तरकारी उत्पादन गर्ने किसानलाई कपुरकोट हाटबजारसम्म पुर्याउन गाह्रो भएको कपुरकोट गाउँपालिकाका उपाध्यक्ष प्रकाश भण्डारीले बताए ।

वर्षातका कारण सडक हिलाम्मे मात्र नभई ठाउँठाउँमा चिरा पारेकाले मोटरसाइकल तथा चारपांग्रे सवारी साधनमा सवार गर्दा हैरानी हुने गरेको र ज्यानसमेत जोखिममा पर्ने गरेको दार्मा गाउँपालिकाका विपद् व्यवस्थापन समितिका संयोजक यज्ञबहादुर बस्नेतले बताए । 'ग्रामीण सडकको दुरावस्थाका कारण गाउँघरमा उत्पादित वस्तुसमेत त्यत्तिकै खेर गइरहेको छ,' उनले भने ।

## बाढी पहिरो : अढाई महिनामा १९५ जनाको मृत्यु, ५ हजार ८ सय परिवार विस्थापित

भाद्र ७, २०८१
कान्तिपुर संवाददाता



काठमाडौँ — यसवर्षको मनसुनी विपद्मा परी करिब अढाई महिनाको अवधिमै १९५ जनाको मृत्यु भएको छ । बाढी पहिरो जस्ता मनसुनी विपद्मा परी गत जेठ २८ गतेदेखि शुक्रबार दिउँसोसम्म गरी १ सय ९५ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

बाढी पहिरोमा परी ४९ जना बेपत्ता भएका छन् भने ५ हजार ८ सय ८३ परिवार विस्थापित भएका छन् । बाढी पहिरोका कारण काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा २७ जना, मधेश प्रदेशमा ८ जना, बागमती प्रदेशमा ३६ जना, गण्डकी प्रदेशमा ५६ जना, लुम्बिनी प्रदेशमा ३७ जना, कर्णाली प्रदेशमा १३ जना र सुदूरपश्चिम प्रदेशमा १५ जनाको मृत्यु भएको छ ।

त्यस्तै, बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, मधेश प्रदेशमा १ जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा २ जना, लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ४९ जना बेपत्ता छन् ।

२ सय ४७ जना घाइते भएका छन् । जसमध्ये काठमाडौं उपत्यकामा ११ जना, कोशी प्रदेशमा ३८ जना, मधेश प्रदेशमा १२ जना, बागमती प्रदेशमा २७ जना, गण्डकी प्रदेशमा ४७ जना, लुम्बिनी प्रदेशमा १९ जना, कर्णाली प्रदेशमा ५९ जना र सुदूर पश्चिम प्रदेशमा ३४ जना घाइते भएको र उनीहरूको नजिकका अस्पतालहरूमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## रामेछापको लेकखर्कमा पहिरो : ११ जना बेपत्ता

भाद्र ९, २०८१
केदार सिवाकोटी



दोलखा — रामेछापको दोरम्बा-शैलुङ गाउँपालिका- ३ मा शनिबार राति भीषण वर्षापछि आएको पहिरोमा परी ११ जना बेपत्ता भएका छन् ।

मध्यरातमा लेकखर्कमा पहिरोमा परेर ११ जना बेपत्ता भएको रामेछापका प्रहरी प्रमुख डीएसपी प्रदीपकुमार सिंहले जानकारी दिए ।

पहिरोले ४ वटा घर बगाएको छ । पहिरो गएको गाउँ जाने बाटोसमेत वर्षाले क्षतिग्रस्त बनाएका कारण उद्धारमा समस्या भएको सिंहले बताए ।

पहिरोले वडा नम्बर २ र ३ जोड्ने ढाईगाउँ खोलाको पुल बगाएको छ । प्रहरी टोली लेकखर्कतर्फ हिँडिसकेको डीएसपी सिंहले बताए । क्षतिको थप विवरण आउन बाँकी छ ।

## रामेछाप पहिरो अपडेट : २ जनाको मृत्यु, ८ बेपत्ता

भाद्र ९, २०८१
केदार सिवाकोटी
दोलखा – रामेछापको दोरम्बा-शैलुङ गाउँपालिका-३ मा पहिरोमा परेर २ जानको मृत्यु भएको छ । पहिरोमा परेर ८ जना बे पत्ता भएका छन् । पहिरोमा परेका एक जना बालकले भागेर ज्यान जोगाएका छन् ।

पहिरोमा परेर मृत्यु भएका २ जनाको शव पहिरोबाट निकालिएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख डीएसपी प्रदीपकुमार सिंहले जानकारी दिए । मृत्यु हुनेमा एक जना बालक रहेका छन् ।

शनिबार राति भीषण वर्षापछि आएको पहिरामा टोकरपुर लेकखर्कको ४ वटा घर बगाएको प्रारम्भिक जानकारी आएको रामेछापका डीएसपी सिंहले बताए । पहिरोले गाउँपालिकाको २ र ३ नम्बर वडा जोडने ढाईगाउँ खोलाको पक्की पुल बगाएको छ ।

पहिरो गएको गाउँ जानेबाटो वर्षाले क्षति गरेकाले उद्धारमा कठिनाइ भएको सिंहले बताए । उद्धारका लागि प्रहरी पहिरो गएको गाउँ पुगिसकेको छ । पहिराले गरेको क्षतिका बारेमा थप विवरण आउन बाँकी छ ।

## पहिरो पन्छाएर अरनिको राजमार्गमा दुईतर्फी नै यातायात सञ्चालन

भाद्र ९, २०८१
ज्योती श्रेष्ठ
काभ्रे – सुख्खा पहिरोसहित रूख ढलेर अवरूद्ध भएको अरनिको राजमार्गमा दुईतर्फी यातायात सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ ।

आइतबार बिहान ४:२० बजेतिर काभ्रेपलान्चोको भुम्लु गाउँपालिका वडा नम्बर ८, बन्देउ डाँडास्थित अरनिको राजमार्गमा सुख्खा पहिरोसहित रूख ढल्दा बाटो दुईतर्फी नै बन्द भएको थियो ।

पहिरोले अवरूद्ध भएको सडकमा पहिरो पन्छएर बिहान ८ बजेबाट दुईतर्फी यातायात सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिए ।

## रामेछाप पहिरो अपडेट : ६ जनाको शव भेटियो, ४ सम्पर्क विहीन

भाद्र ९, २०८१
केदार सिवाकोटी
दोलखा – रामेछापको दोरम्बा शैलुङ गाउँपालिका-३ टोकरपुरको लेकखर्क पहिरोमा परी ६ जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार पहिरोमा परी मृत्यु हुनेहरूमा स्थानीय विद्यालयकी बाल कक्षा शिक्षिका ३० वर्षीया चण्डिका थापामगर र उनका १८ महिने छोरा आमस थापा मगर रहेका छन् ।



यस्तै ४० वर्षीया उर्मिला पहरी,१७ वर्षीय सन्दीप पहरी,१८ वर्षीय विज्ञान पहरी र १४ वर्षीय सन्तोष पहरीको पनि शव फेला परेको छ । चण्डिकाको घरबाट १० वर्षीया अन्जना पहरीलाई घाइते अवस्थामा उद्धार गरिएको छ ।

प्रहरीका अनुसार अझै ४ जना सम्पर्कविहीन रहेका छन् । ७५ वर्षीय फडके पहरी,५५ वर्षीय काले पहरी, ५४ वर्षीया इ्याउकिरी पहरी र २३ वर्षीया बिन्दा पहरी सम्पर्कविहीन छन् । पहिरोले ५ वटा घर बगाएको छ । सम्पर्कविहीनहरूको खोजी भइरहेको रामेछापकी प्रमुख जिल्ला अधिकारी अनिता निरौलाले बताइन् ।



प्रजिअ निरौलाका अनुसार ३० घरधुरी रहेको लेकखर्क बस्ती नै पहिरोको जोखिममा रहेको छ । झहामी पहिरो गएको क्षेत्रमा गइरहेका छौँ,' उनले भनिन' झ३० घर थप जोखिममा परेका छन् । बेपत्ताको खोजी भइरहेको छ ,' घटनास्थल पुगेपछि मात्र सबै विवरण खुल्ने उनको भनाइ छ ।

शनिबार राति भीषण वर्षासँगै बाढी र पहिरोले उक्त क्षेत्रसँगको सडक सञ्जालसमेत टुटेको छ । स्थानीय खोलाहरूमा आएको बाढीले दुईवटा पक्की पुलमा समेत क्षति पुर्‍याएको छ । बाढीले ढाइगाउँ खोला, छाङ खोला तथा घट्टे खोलाको पक्की पुल बगाएको छ । बाढीले रामेछाप र दोलखाको सिमानामा रहेको मिल्ती खोलाको पुलमा समेत क्षति पुर्‍याएको छ ।

## दोरम्बा पहिरो : मृत्यु हुनेको संख्या ८ पुग्यो

भाद्र १२, २०८१

रासस

रामेछाप — दोरम्बा शैलुङ गाउँपालिका-३ लेखर्कमा गएको पहिरोमा परी मृत्यु हुनेहरूको संख्या आठ पुगेको छ । यही भदौ ९ (आइतबार) बिहान गएको पहिरोमा परी चार घर बगाउँदा हराइरहेका १० मध्ये मंगलबारसम्म आठजनाको शव फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रदीपकुमार सिंहले जानकारी दिए ।

उनले मंगलबार एक महिलाको बायाँ गोडाको पैतालाको भागमात्र भेटिएपछि हराइरहेका आफन्तसँग अनुसन्धान गर्दा नङ पालिस लगाएको बाङ्गो औंलाका आधारमा आफ्नी हराइरहेकी श्रीमती बिन्दा पहरीको भएको उनका श्रीमान् कुमार पहरीले पहिचान गरेका थिए । सनाखत भएपछि बिन्दालाई परिवारको जिम्मा लगाइएको हो ।

गत शनिबार राति परेको अविरल वर्षाका कारण सो गाउँपालिकाको वडा नम्बर-३ लेखर्कमा पहिरोमा परेर ११ जना बेपत्ता भएका थिए । बेपत्तामध्ये एकजनालाई जीवितै उद्धार गरिएको थियो भने छजनाको शव सोही दिन नै निकालिएको थियो । त्यसपछि एकको शव र हिजो एकजनाको पैतालाको भाग फेला परेपछि मृत्यु हुनेको संख्या आठ पुगेको हो ।

उक्त पहिरोमा परी हराइरहेका सोहि वडाका ५५ वर्षीय काले पहरी र ५० वर्षीय इ्याइपुरी पहरी अझै बेपत्ता छन् । उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ । पहिरोमा परी सो वडाकी ३० वर्षीया चण्डिका श्रेष्ठ, निजका १८ महिनाका छोरा आयुष श्रेष्ठ, सोही वडाका ५७ वर्षीया उर्मिला पहरी, ३० वर्षीय सन्दीप पहरी, ११ वर्षीय सन्तोष पहरी, १४ वर्षीय विज्ञान पहरी शव आइतबार नै फेला पारी परीक्षण पश्चात् परिवारलाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कौशल न्यौपानेले जानकारी दिए ।

## कर्णाली राजमार्गमा पहिरो : करोडौंको स्याउ जुम्लामै अलपत्र

भाद्र १४, २०८१

डीबी बुढा

जुम्ला — पातारासी-६ उर्थुका सुकबहादुर बिष्टले बिहीबार बेचेको ३५ क्विन्टल स्याउ बाटोमै अलपत्र परेको छ । बगैंचामै ७० रूपैयाँ किलोमा बेचेर भरेको स्याउ बोकेको ट्रक कर्णाली राजमार्ग पहिरोले अवरूद्ध भएपछि बाटोमै अलपत्र परेको हो ।



कर्णाली राजमार्गमा पहिरो गएपछि गाउँमै रोकिएका स्याउ बोकेका ट्रक । तस्बिर : डीबी/कान्तिपुर

'गगनेखोलामा पहिरोले सडकको नामोनिसान नै नरहने गरेर बगाएको खबर सुन्दैछु,' उनले भने,'कहिले सडक खुल्ने हो । कहिले स्याउ बजारसम्म पुग्ने हो भन्ने चिन्ता छ ।'

उनको स्याउ व्यापारीले बजारमा बेचेर मात्र रूपैयाँ दिने भनेका छन् । उनका अनुसार सडकमा पहिरो जाने वित्तिकै स्याउको मूल्य पनि किलोमा १० रूपैयाा घटेको छ । ७ सय बोट स्याउको बगैंचा भएका पातारासी-६ कै भीमबहादुर बिष्टले ४५ क्विन्टल स्याउ पठाएका छन् ।

बुधबारदेखिको वर्षाले कर्णाली राजमार्ग अवरूद्ध भएपछि उनले पठाएका गाडी पनि बाटोमै रोकिएका छन् । '१० क्विन्टल अलि पहिला पठाएकोले बजारसम्म पुगिसकेको छ,' भीमबहादुरले भने,'एक दिनअघि मात्र पठाएको ३५ क्विन्टल स्याउ बाटोमै अलपत्र परेको छ ।'

## सुख्खा पहिरो झर्दा जयपृथ्वी राजमार्ग अवरूद्ध

भाद्र २०, २०८१

रासस

चैनपुर (बझाङ) — बझाङको जयपृथ्वी राजमार्गमा सुख्खा पहिरो झर्दा सडक अवरूद्ध भएको छ । आज बिहान ७ बजेदेखि तमैल बजार नजिकै सुख्खा पहिरो झरेपछि राजमार्ग अवरूद्ध भएको हो । सडक अवरूद्ध भएपछि जिल्ला सदरमुकाम चैनपुरबाट छुट्ने र भित्रिने लामो तथा छोटो दुरीका सवारी साधन चल्न सकेका छैनन् ।



बिहानै पाँच वटा बस मात्र सदरमुकामबाट छुटेको बस व्यवसायी जोगबहादुर दौल्यालले जानकारी दिए । उनले बिहान बझाङबाट धनगढी, काठमाडौँ, महेन्द्रनगर, डडेल्धुराका लागि छुटेका केही बस मात्र पार भएको र बाँकी सबै बस रोकिएको बताए ।

सडक खुलाउन केदारस्यूँ गाउँपालिकाको झोताबाट जेसिबी आएको तर, पहिरो नरोकिँदा खुलाउन नसकेको प्रमुख जिल्ला अधिकारी विश्वामित्र कुइँकेलले जानकारी दिए । उनले पहिरो रोकिएपछि मात्रै सडक खुलाउन सकिने बताए ।

## कुरिनटार नजिक पहिरो, पृथ्वी राजमार्ग अवरुद्ध



भाद्र २१, २०८१
रमेशकुमार पौडेल
चितवन – पृथ्वी राजमार्गको चितवन कुरिनटार नजिक इच्छाकामना गाउँपालिका-४ घोप्टेभिरमा शुक्रबार बिहान पहिरो खसेका कारण बाटो अवरूद्ध भएको छ ।

बिहान साढे ७ बजेतिर लेदोसहितको पहिरो आएर बाटो थुनेको चितवन जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिए ।

सडक डिभिजन कार्यालयसँग समन्वय गरेर पहिरो हटाउन सुरु भएको उनले बताए ।

चितवनमा बिहानदेखि लगातार सामान्यखालको वर्षा भइरहेको छ ।

## सुक्खा पहिरो खस्दा पृथ्वी राजमार्ग अवरूद्ध

भाद्र २२, २०८१
कान्तिपुर संवाददाता
चितवन – सुक्खा पहिरो खस्दा पृथ्वी राजमार्ग अवरूद्ध भएको छ । इच्छाकामना गाउँपालिका वडा नम्बर ३ फिस्लिङ नजिकै आज बिहान साढे ७ बजे आसपासमा सुक्खा पहिरो खसेको हो ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक भेषराज रिजालका अनुसार सुक्खा पहिरो खस्दा यातायात सञ्चालन पूर्णरूपमा अवरूद्ध भएको छ । हाल पहिरो हटाउने काम भइरहेको उनले बताए ।

## जाजरकोट पहिरो : बेपत्ता दुवै जनाको शव भेटियो

भाद्र २३, २०८१
हरिहरसिंह राठौर
जाजरकोट – जाजरकोटमा पहिरोमा पुरिएर बेपत्ता भएका श्रीमान्-श्रीमतीको शव फेला परेको छ । ४७ वर्षीय मानबहादुर चलाउने र उनकी ३८ वर्षीया श्रीमती प्रेमकुमारी चलाउनेको शव फेला परेको जाजरकोट प्रहरीका डीएसपी पुरूषोत्तम पाण्डेले बताए ।

दुवै जनाको शव पोस्टमार्टमका लागि आधारभूत स्वास्थ्य केन्द्र बारेकोट लिम्सा लगिएको छ । बारेकोट गाउँपालिका- ६ धुमा गाउँमा आइतबार बिहान २ बजे गएको पहिरोले घर पुरिँदा उनीहरू बेपत्ता भएका थिए ।

उनीहरूकी ११ वर्षीया छोरी सम्झना चलाउनेलाई घाइते अवस्थामा उद्धार गरिएको थियो । उनलाई थप उपचारका लागी नेपाली सेनाको हेलिकप्टरमार्फत प्रदेश अस्पताल कालागाउँ सुर्खेत लगिएको छ ।

## फेदी पहिरो : घ्याङ्फेदी आवतजावत गर्ने सडक अवरुद्ध

भाद्र २७, २०८१

रासस

त्रिशूली (नुवाकोट) — नुवाकोटको दुप्चेश्वर गाउँपालिका-१ स्थित फेदीमा गएराति आएको पहिरोले घ्याङ्फेदी आवतजावत गर्ने सडक अवरूद्ध भएको छ ।

तादी खोलामा आएको बाढीले उक्त क्षेत्रका तीनवटा झोलुङ्गे पुल बगाउदा एकबस्तीबाट अर्को बस्तीसँगको सम्पर्कसमेत टुटेको छ । घ्याङ्फेदी माध्यमिक विद्यालयका सहायक प्रधानध्यापक प्रेम स्याङताङका अनुसार दुप्चेश्वर -७ शिखरबेंसीबाट दुप्चेश्वर - १ कुदुङस्थित घ्याङ्फेदी जाने मूल सडक खोलाले पूरै कटान गरेको छ । उक्त स्थानबाट आवतजावत गर्न सक्ने अवस्था दुप्चेश्वर -१ घ्याङ्फेदीको अन्य बस्तीसँगको सडक सम्पर्क अवरूद्ध भएको हो ।

उक्त वडालाई जोड्न वैकल्पिक सडक तथा बाटोसमेत नहुँदा उद्धार तथा क्षतिको लगत लिनको लागि पुगेको टोली घ्याङ्फेदी जानबाट रोकिएको छ । सडक र बाटोको आउजाउ नहुँदा वडा नं १ घ्याङ्फेदीका एक हजार छ सय घरधुरी परिवारको वडा भन्दा बाहिरको आउजाउ पूर्ण रूपमा बन्द भएको छ ।

पहिरोले तीनवटा झोलुङ्गे पुल बगाएको छ । खेतीयोग्य जग्गा कटान गरेर सयौँ रोपनीमा लगाएको बालीलाई क्षति पुर्‍याएको छ । फेदीमा आएको पहिरोले तालु र कसेरी जोड्ने झोलुङ्गे पुल, शिशिपु र कसेरी जोड्ने झोलुङ्गे पुल र फेदी र घोप्टेभीर जोड्ने काठको पुल बगाएको हो । प्रभावित स्थानमा जाने मूल सडक अवरूद्ध भएको र बस्ती जोड्ने पुलसमेत बगाएकाले क्षतिको थप विवरण आउन बाँकी रहेको दुप्चेश्वर गाउँपालिका अध्यक्ष शङ्कर थापाले जानकारी दिए ।

उनका अनुसार त्यस ठाउँमा जानसक्ने अवस्था नभएपछि सोही वडाका जनप्रतिनिधि, कर्मचारी, विद्यालयका शिक्षकलाई उद्धार तथा क्षतिको विवरण लिन परिचालन गरिएको छ । पहिरोको गेगरले तादी खोलाको बहाव बढेसँगै सूर्यकुण्ड जलविद्युत् आयो जनाको पाइपलाइन विस्तारको लागि बनाएको पर्खालसमेत बगाएको छ । सुख्खा पहिरो बगेको लगत्तै आएको अविरल वर्षाको कारण गएराति तादी खोलाको बहाब दोब्बरले बढेको थियो । होटल व्यवसायी पेम्बा लामाको अनुसार फेदी नजिकै बगेका साना ठूला चारवटा पहिरोले गएराति तादी खोलामा बाढी आएको हो ।

गेगर (लेदो) सहितको बाढी आएकाले तादी खोलाको तटीय क्षेत्र आसपासमा सावधानी अपनाउन दुप्चेश्वरका अध्यक्ष थापाले अपिल गरेका छन् । पहिरो अझै थपिने र तादी खोलाको बहाव ठूलो हुनसक्ने जोखिम भएकाले दुप्चेश्वर गाउँपालिकाको रामतीबजारदेखि समुद्रटार बजार, भ्याङ्ले, सातबिसे, आप्रह, ढिकुरेहुँदै विदुर नगरपालिका-५ स्थित देवीघाट बजारसम्मका तादी खोलाको तटीय क्षेत्र आसपासका बासिन्दालाई सतर्क रहन नुवाकोट प्रशासनले अपिल गरेको छ ।

## कर्णाली राजमार्गमा पहिरो, तीन हजार यात्रु अलपत्र

भाद्र २८, २०८१

डीबी बुढा



जुम्ला — अविरल वर्षासँगै गत बुधबार खसेको पहिरोका कारण झन्डै तीन हजार यात्रु अलपत्र परेका छन । दुई दिनदेखि सडक खुल्न सकेको छैन । जुम्लादेखि सुर्खेत हुँदै नेपालगन्ज र नेपालगन्जदेखि जुम्ला, कालिकोट र मुगु आउने यात्रुहरू अलपत्र परेका हुन् ।

बुधबार बेलुकी आएको पहिरो पन्छाउन सकिएको छैन । वर्षा भइरहेकोले पहिरो थुप्रिरहेको जिल्ला प्रहरी कार्यालय कालिकोटले जनाएको छ । सडकको गगनेखोला, एसमोड र हुल्ममा निरन्तर पहिरो खसिरहेको छ । कालिकोट शुभकालिका गाउँपालिका-१ गगनेखोला, एसमोड, कालेखोला र हुल्ममा सवारीसाधन रोकिएका छन् ।

जिल्ला प्रहरी कार्यालय कालिकोटका सूचना अधिकारी गोविन्द चौधरीले सडक बन्द भएपछि यात्रु र सवारीसाधन अलपत्र परेको बताए । 'सधैं पहिरो गइरहने गगनेखोलामा ठूलो पहिरो छ,' सूचना अधिकारी चौधरीले भने, 'सडक खुलाउन पहल भइरहेको छ तर वर्षा भइरहेकोले सम्भव नै छैन ।'

अहिले माथिबाट ढुंगोसहितको लेदो बगिरहेकोले खुलाउने कार्यमा अवरोध सिर्जना भइरहेको छ ।

वर्षा नरोकिँदासम्म मेसिन पनि जानसक्ने अवस्था नरहेकाले काम गर्न कठिन भएको सडक डिभिजन कार्यालय जुम्लाले जनाएको छ । वर्षा रोकिने वित्तिकै पहिरो पन्छाउने काम सुरू हुने छ ।

राजमार्गमा जतातत‍ै पहिरो गइरहेकोले यात्रा गर्नुअघि सडकको अवस्था बुझेर मात्र गर्न प्रहरीले सुझाएको छ । यो सडकमा हालसम्म १ सय ४६ पटक पहिरो गइसकेको छ । धेरै ठाउँमा पहिरो गएकोले पल्टी गरेर सामान तथा यात्रु ओसारपसार गर्न समेत कठिन छ ।

'न यहाँ राज्यको उपस्थिति छ न कर्णालीका जनताको पीर र व्यथा बुझ्ने कुनै निकाय नै छ,' यात्रु विश्वराज काफ्ले भन्छन्, ' कर्णाली राजमार्गको नाम नै हराइसकेपछि यो राजमार्ग सरकारको नजरमा नै पर्ने कुरै छैन ।'

सामान्य वर्षा भयो कि हरेक दिन हजारौं यात्रुहरू अलपत्र पर्ने र राज्य कानमा तेल हालेर बस्ने गरेको आरोप कर्णालीबासीको छ । २० वर्ष अघिदेखि सञ्चालनमा आएको यो सडक अत्यन्तै जीर्ण हुँदा यात्रा कठिन बन्ने गरेको छ ।

## यात्रुले धकेल्दै गरेको गाडीमा पहिरो खस्दा क्षति

भाद्र २८, २०८१

डीबी बुढा

जुम्ला – कालीकोट जिल्लाको हुल्म नजिकै यात्रुहरूले धकेलेर स्टार्ट गर्न खोजिरहेको गाडीमा पहिरो खस्दा गाडीमा क्षति पुगेको छ । प्रहरीका अनुसार मानवीय क्षति भएको छैन ।




कर्णाली राजमार्ग सञ्चालनमा आएको केहीबेरमै हुल्ममा पुनः पहिरो खसेको हो । कालीकोटका प्रमुख जिल्ला अधिकारी गोविन्द नेपालीले गाडी स्टार्ट गर्न धकेलिरहेका बेला पहिरो खसेको बताए । उनले भने, 'मानवीय क्षति नगरे पनि पहिरोले गाडी पूर्णरूपमा क्षतिग्रस्त बनेको छ ।' चालक र सहचालकले भागेर ज्यान जोगाएका छन् ।

यात्रुहरू झरिसकेकोले मानवीय क्षति भएन । झारेर गाडी गुडाइँदै थियो । पहिरो खसेको थियो । गाडीपूर्ण रूपमा क्षति भएपछि यात्रु अलपत्र परेका छन् ।

## पृथ्वी राजमार्गको धादिङ महादेववेशी नजिकै खस्यो पहिरो, सवारी आवागमन बन्द

आश्विन ११, २०८१

कान्तिपुर संवाददाता



धादिङ – पृथ्वी राजमार्गअन्तर्गत धादिङको महादेववेशी नजिकै ९ किलो र ४ किलोमा पनि पहिरो खसेर सवारी आवागमन बन्द भएको छ ।

गएरातिदेखिको निरन्तरको वर्षाका कारण यसअघि धुनिबेँसीको सिस्नेखोलामा पहिरोसँगै आएको लेदोका कारण नौबिसे नागढुंगा खण्ड अवरूद्ध बनेको थियो ।

ठाउँ-ठाउँमा पहिरो खसेपछि संघीय राजधानी काठमाडौँ भित्रिने र राजधानीबाट बाहिरिने सवारीसाधन बीच बाटोमै अलपत्र परेका छन् । प्रहरीका अनुसार अहिले पहिरो पन्छाउन प्रयास भइरहेको छ ।

निरन्तर वर्षा भइरहेको र पहिरो खस्नेक्रम बढ्दो रहेको भन्दै सडक खुलाउन समय लाग्न सक्ने प्रहरीको भनाइ छ ।

## नागढुंगाको नागमन्दिरमा पहिरो, यातायात पूर्ण अवरूद्ध

आश्विन १२, २०८१

कान्तिपुर संवाददाता

काठमाडौँ – चन्द्रागिरि नगरपालिका-२ स्थित नागमन्दिर नजिकै पहिरो जाँदा काठमाडौँ-मुग्लिन सडक पूर्ण रूपमा अवरूद्ध भएको छ । आज बिहान १२:२० पहिरो खस्दा दुवैतर्फको यातायात अवरूद्ध भएको प्रहरीले जनाएको छ ।

नागढुङ्गा प्रहरीका ड्युटी अफिसर प्रहरी सहायक निरीक्षक दीपकबहादुर धानुकका अनुसार पहिरोले यातायात पूर्ण रूमा अवरूद्ध भएको छभने उपत्यकाभित्र र बाहिर कुनै पनि सवारी साधन पास हुन सकेका छैनन् ।

## देउमाइमा पहिरो, ४ घरका १३ जना विस्थापित

आश्विन १२, २०८१

लक्ष्मी गौतम



पाँचथर – पाँचथरको फाल्गुनन्द गाउँपालिका-४ चिलिङदिन र इलामको देउमाइ नगरपालिका-१ मैदानेको सिमानामा रहेको महाभारा डाँडामा गएको पहिरोका कारण ४ घरका १३ जना विस्थापित भएका छन् ।

माथिदेखि आएको पहिरोसँगै बगेको लेदो घरभित्र पसेपछि इलाम देउमाइ-१ का पासाङ शेर्पा, फुर्वा शेर्पा, दमु शेर्पा र फुर्तिम्बा शेर्पाको परिवार विस्थापित भएका हुन् ।

शुक्रबार साँझ ८ बजे महाभारा डाँडा हुँदै देउमाइ तर्फ पहिरो गएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## पृथ्वी र त्रिभुवन राजमार्गको ठाउँ ठाउँमा पहिरो, यातायात अवरुद्ध

आश्विन १२, २०८१

कान्तिपुर संवाददाता



काठमाडौँ — अविरल वर्षाका कारण पृथ्वी राजमार्गका तीन ठाउँमा पहिरो आएको छ । पहिरोले पृथ्वी राजमार्ग पूर्णरूपमा अवरूद्ध बनेको छ भने त्रिभुवन राजपथको सिस्ने खोलाको लेदो पन्छाइएको भए पनि लगातारको वर्षाले सवारी सञ्चालन हुने अवस्था छैन ।

पृथ्वी राजमार्ग अन्तर्गत धादिङको जोगिमारा, सलाङघाट, गल्छीको चिरौँदी र काठमाडौँ नजिकै त्रिभुवन राजपथ अन्तर्गत नौबिसे नागढुङ्गा सडकको झ्याप्ले खोलामा पहिरो खसेको छ । अन्य स्थानमा पहिरो खस्ने र पन्छाउने क्रम जारी छ । पहिरोको कारण राजमार्ग पूर्ण रूपमा बन्द छ ।

राजमार्गमा पहिरोको जोखिम भएकाले प्रहरीले सवारी साधनलाई सुरक्षित स्थानमा रोकेर बस्न आग्रह गरेको जिल्ला प्रहरी कार्यालय धादिङका सूचना अधिकारी प्रह्लाद सिलवालले जानकारी दिनु भएको छ । वर्षाताका कारण धादिङका अधिकांश ग्रामीण सडक पनि अवरूद्ध छन् । त्रिसूली, आँखु, बुढीगण्डकी लगायतका नदी तथा खोलामा पानीको बहाव बढेको छ ।

## नारायणगढ-मुग्लिन सडक दब्यो, पृथ्वी राजमार्गमा पहिरो

आश्विन १२, २०८१

रमेशकुमार पौडेल



चितवन — लगातारको वर्षाका कारण चितवनलाई राजधानी काठमाडौं र पर्यटकीय सहर पोखरासँग जोड्ने मुख्य सडक नारायणगढ–मुग्लिन र पृथ्वी राजमार्ग शनिबार ठाउँ ठाउँमा अवरूद्ध भएको छ ।

डिभिजन सडक कार्यालयले नारायणगढ मुग्लिन सडक दबेको हुँदा ठूला गाडी आरपार हुन नसक्ने जानकारी गराएको छ ।

नारायणगढदेखि २६ दशमलब तीन किलोमिटर पर मुग्लिन तर्फ सडक दबेको हो । दबेको ठाउँ पुरेर मर्मत गर्न सुरु भएको कार्यालयले जनाएको छ । त्यसैगरी मुग्लिन कटेपछि आउने पृथ्वी राजमार्गको इच्छाकामना गाउँपालिका-४ घोप्टेभीरमा शनिबार बिहान चार बजे पहिरो खसेर बाटो पुर्णरूपमा अवरूद्ध भएको चितवन जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

यसबाहेक पनि पृथ्वीराजमार्गको चितवन खण्डमा इच्छाकामना-३ को मौवा खोला, दति खोला र पानीधारामा पनि पहिरोले बाटो पूर्णरूपमा अवरूद्ध गरेको चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिएका छन् ।

## धादिङबेसी-मलेखु सडकको दुई ठाउँमा पहिरो, सवारी आवागमन ठप्प

आश्विन १२, २०८१

कान्तिपुर संवाददाता

काठमाडौँ — जिल्ला सदरमुकाम धादिङबेंसीलाई पृथ्वीराजमार्गसँग जोड्ने धादिङबेंसी मलेखु सडक पहिरोले अवरूद्ध बनेको छ ।



नीलकण्ठ नगरपालिका-८ दारेगौंडा र साघुटारमा सडकमाथिबाट खसेको पहिरोले सडक पूर्णरूपमा अवरूद्ध बनेको हो । अहिले त्यस क्षेत्रमा सवारी आवागमन बन्द भएको छ । केही वर्ष अघिदेखि पहिरो खस्दै आएको स्थानमा फेरि पहिरो आएको स्थानीयले बताएका छन् ।

पहिरोले ढुंगा र रूखहरू खसेकाले तत्काल बाटो खुलाउन कठिन रहेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी निरीक्षक प्रल्हाद सिलवालले जानकारी दिए ।

## बाढी पहिरो अपडेट : देशभर कम्तीमा ५० जनाको मृत्यु, दर्जनौं बेपत्ता

आश्विन १२, २०८१

कान्तिपुर संवाददाता

काठमाडौँ — अविरल वर्षापछि आएको बाढीपहिरोका कारण देशभर ठूलो जनधनको क्षति भएको छ ।



शनिबार दिउँसो २ बजेसम्म देशभर कम्तीमा ५० जनाको मृत्यु भएको छ भने दर्जनौं बेपत्ता छन् । बाढीमा फसेका सयौं मानिसहरूको उद्धार भएको छ ।

कान्तिपुर संवाददाताहरूले पठाएको विवरणअनुसार शनिबार अपरान्हसम्म काठमाडौंमा ११, ललितपुरमा १६, भक्तपुरमा ५, काभ्रेपलाञ्चोकमा ६, सिन्धपाल्चोकमा २, पाँचथरमा ५, धनकुटामा २, सिन्धुली, झापा र धादिङमा १-१ जनाको मृत्यु भएको छ ।

बाढीपहिरोमा परेर दर्जनौं घाइते भएका छन् भने अरू दर्जनौं बेपत्ता छन् । प्रहरीका अनुसार बाढीपहिरो तथा डुबानमा परी उपत्यकामा मात्रै ३२ जनाको मृत्यु भएको छ । १२ जना बेपत्ता रहेका छन् । उपत्यकामा मात्रै बाढीमा फसेका १०५३ जनाको उद्धार गरिएको छ ।

## देशभर विभिन्न राजमार्गका ६८ स्थानमा पहिरो खसेर यातायात अवरुद्ध

आश्विन १२, २०८१

विमल खतिवडा

काठमाडौँ – शुक्रबार बिहानदेखि अविरल रुपमा परेको वर्षाका कारण शनिबार मध्यान्हसम्म विभिन्न राजमार्गका ६८ स्थानमा पहिरो खसेर सडक अवरूद्ध बनेका छन् । काठमाडौं जोड्ने अधिकांश सडक ठप्प छन् ।



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव एवं प्रवक्ता सुशीलबाबु ढकालका अनुसार काठमाडौं जोड्ने नागढुंगा-नौबिसे, दक्षिणकाली-सिस्नेरी-भिमफेदी, अरनिको राजमार्गको विभिन्न खण्डमा पहिरो खसेर यातायात ठप्प बनेको छ ।

त्यस्तै, बीपी राजमार्ग, मध्यपहाडी, पृथ्वी राजमार्गको विभिन्न खण्डमा पहिरो खसेर सवारी साधन र यात्रु सडकमै रोकिएका छन् ।

'पहिरोको जोखिम रहेको र पहिरो खसेको ठाउँमा मेसिन उपकरणसहित प्राविधिक टोली तैनाथ अवस्थामा राखेका छौं,' प्रवक्ता ढकालले भने, 'कतिपय ठाउँमा पहिरोले ठप्प बनेको सडकलाई एकतर्फी र कतै पहिरो पन्छाएर दुईतर्फी रुपमा सञ्चालनमा ल्याएका छौं ।' पानी परिरहेकाले ठूलो पहिरो खसेको ठाउँमा भने पन्छाउन समस्या भइरहेको उनको भनाइ छ ।

## सिन्धुपाल्चोकमा पहिरो : चारको मृत्यु, ७ बेपत्ता

आश्विन १२, २०८१

अनिश तिवारी

सिन्धुपाल्चोक – अविरल वर्षाका कारण जिल्लाका विभिन्न स्थानमा गएको पहिरोले पुरिएर चार जनाले ज्यान गुमाएका छन् । जिल्ला प्रहरी सिन्धुपाल्चोकका अनुसार सुनकोसी गाँउपालिका ४ च्यानेस्थित क्षेत्रमा रहेको सिन्धुबिच रिसोर्ट छेउ पहिरोले पुर्दा दुईको मृत्यु भएको छ भने एकजना बेपत्ता छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक किरण लामाले सिन्धुबिच रिसोर्टमा पहिरोमा परेर ज्यान गुमाएका दुई मृतकको शव फेला परेपनि पहिचान नखुलिसकेको जानकारी दिए ।



तस्बिर सौजन्य : दिनेश थापा

'घटनाबारे यथार्थ वरण आइसकेको छैन, जसमध्ये एक बेपत्ताको खोजी भइरहेको छ ,दुई जनाको शव भेटिए पनि पहिचान खुलिसकेको छैन्,' उनले भने । जसमा एक बेपत्ता र शव भेटिएका दुई जना कोरियन नागरिक हुनसक्ने प्रहरीले प्रारम्भिक अनुमान लगाएको छ । १५ जनालाई सकुशल उद्धार गरीएको प्रहरीले जनाएको छ ।

'जतातत‍ै पहिरोले ढाकेका हुनाले बेपत्तालाई खोज्न गाह्रो भइरहेको छ,' उनले भने ।

त्यसैगरी शनिबार दिउँसो लिसंखुपाखर गाँउपालिका ३ की तृष्णा मोक्तानको घर पहिरोले पुरिँदा उनीसहित उनको एक छोरा र एक छोरी गरी बेपत्ता छन् । उता जुगल गाउँपालिका-१ कुनेगाँउमा पहिरोले ३ घर बगाउँदा ४ जना बेपत्ता भएको र बेपत्ताको खोजीकार्यमा प्रहरी लागिरहेको जिल्ला प्रहरीले जनाएको छ । यसअघि लिसंखु ३ मा पहिरोले पुरिएर यहि वडाका पूर्व वडाध्यक्ष काजीबहादुर तामाङसहित उनकी श्रीमतीको मृत्यु भएको थियो ।

## सिद्धार्थ राजमार्ग अवरुद्ध, पहिरो पन्छाउन ढिलाई हुँदा यात्रुलाई सास्ती




आश्विन १२, २०८१

माधव अर्याल

पाल्पा – उत्तर-दक्षिण जोड्ने सिद्धार्थ राजमार्ग शनिबार दिउँसोदेखि अवरूद्ध हुँदा सयौं यात्रु र सवारी साधन अलपत्र परेका छन् । शुक्रबार अपराह्नदेखि अवरूद्ध भएर शनिबार बिहान सञ्चालन भएको राजमार्ग पुनः दिउँसो अवरूद्ध हुँदा सयौं यात्रुले सास्ती खेप्नु परेको हो ।

रम्भा गाउँपालिका-३, पिपलडाँडाको अगाहाखोलामा ठूलो पहिरो खसेर राजमार्ग अवरूद्ध बनेको सडक डिभिजन कार्यालय पाल्पाले जनाएको छ । ठूलाठूला ढुंगासहितको पहिरो खसेपछि राजमार्गअन्तर्गत बर्तुङ-राम्दी खण्ड अवरूद्ध भएको हो । शनिबार दिउँसो २ बजेतिर खसेको पहिरो पन्छाउन ढिलाई हुँदा यात्रुले सास्ती खेप्नु परेको निस्दी गाउँपालिका-१, बाँकामलाङ्का यात्रु शालिकराम पाण्डेयले बताए । 'जतिबेला सोधे पनि दुई घण्टामा खुल्छ भन्ने गरिएको छ,' उनले भने, 'सयौं यात्रु, सवारी साधनको लाइन लागिसक्यो तर खुल्ने छाँटकाँट छैन ।'

स्याङ्जातर्फबाट बुटवल, भैरहवा जाने सवारी साधन चार किलोमिटर बढी लाइन लागिसकेको छ । यस्तै बुटवल, भैरहवाबाट स्याङ्जा, पोखरा जाने सवारी साधन तीन किलोमिटर बढी लामो लाइन लागेको यात्रुले जानकारी दिएका छन् ।

सडक डिभिजन पाल्पाका सूचना अधिकारी दुर्गा गौतमले दुई वटा लोडर, एक एक्स्काभेटर प्रयोग गरेर पहिरो पन्छाउने प्रयास गरिएको बताए । उनका अनुसार बजार क्षेत्र भएको र टिपरमा ढुंगा माटो फाल्नु परेकाले राजमार्ग खुलाउन ढिलाई भएको हो । ढुंगा सहितको ठूलो पहिरो भएकोले पन्छाउन समय लागेको सडक डिभिजनका सूचना अधिकारी गौतमले बताए ।

## सिन्धुपाल्चोक पहिरो : चारको शव निकालियो, ६ जना अझै बेपत्ता

आश्विन १३, २०८१

अनिश तिवारी

सिन्धुपाल्चोक – अविरल वर्षाले सिन्धुपाल्चोकका विभिन्न स्थानमा गएको पहिरोले पुरिँदा बेपत्तामध्ये आइतबार बिहानसम्म चार जनाको शव निकालिएको छ ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका अनुसार सुनकोशी गाउँपालिका-४ च्यानेक्षेत्रमा रहेको सिन्धु बिच रिसोर्टछेउ पहिरोले पुरिएर ज्यान गुमाएका एक कोरियन र एक नेपालीको शव निकालिएको छ । मृत्यु हुने नेपाली सेनाको मेजर पदमा कार्यरत दोलखाका मिलन केसी रहेको परिचय पत्रबाट खुलेको जिल्ला प्रहरी प्रमख सन्तोष खड्काले जानकारी दिए ।

शनिबार यही रिसोर्टबाट १५ जनालाई सकुशल उद्धार गरिएको थियो । 'वर्षा थामिएकाले केही सहज अवस्था छ ,तर जतातत‌ै पहिरोले ढाकेका हुनाले बेपत्तालाई खोज्न गाह्रो भइरहेको छ,' खड्काले भने ।

**जुगल -१ कुनेगाँउमा दुईको शव निकालियो, अरू अझै बेपत्ता**

त्यसैगरी शनिबार दिउँसो जुगल गाउँपालिका-१ कुनेगाँउमा पहिरोले ३ घर बगाउँदा ४ जना बेपत्ता भएकोमध्ये दुईको शव निकालिएको छ । 'ती निकालिएको दुई शवको पनि पहिचान भइसकेको छैन , यहाँ दुई बेपत्ताको खोजी भइरहेको छ,'जुगल गाउँपालिकाका अध्यक्ष रेशम स्याङ्बोले भने ।

यसअघि लिसंखु-३ मा पहिरोले पुरिएर पूर्व वडाध्यक्ष काजिबहादुर तामाङसहित उनकी श्रीमतीको मृत्यु भएको थियो । उता शनिबार दिउँसो लिसंखुपाखर गाँउपालिका-३ की तृष्णा मोक्तानको घर पहिरोले पुरिँदा उनीसहित उनका एक छोरा र एक छोरी गरी बेपत्ता छन् । उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

## जुगलको कुनेगाउँमा पहिरो : दुईको मृत्यु , दुई बेपत्ता

आश्विन १३, २०८१

अनिश तिवारी



सिन्धुपाल्चोक — अविरल वर्षातका कारण शनिबार आएको पहिरोले बगाँउदा जुगल गाँउपालिका-१ कुनेगाउँमा दुईको ज्यान गएको छ भने दुई अझै बेपत्ता छन् ।

इलाका प्रहरी जलविरेका प्रहरी निरीक्षक गजेन्द्र रावलका अनुसार पहिरोले क्षतिग्रस्त घरबाट जुगल-१ कुने गाँउबासी ४५ वर्षका चित्रबहादुर मिजार र एक पहिचान नखुलेको ५ वर्षे बालकको शव निकालिएको छ ।

बेपत्ता हुनेमा मृतक मिजारकी श्रीमती ४५ वर्षकी ठूलो कान्छी र जुगल-४ का २४ वर्षका अविनाश नेपाली हुन् । 'बेपत्ता अविनाश ठूलीकान्छीको बहिनीको छोरा भएको खुलेको छ, भने मृतक बालक अविनाशकै छोरा हुन्, बेपत्ता दुवैको खोजी भइरहेको छ,' प्रहरी निरीक्षक रावलले भने ।

जुगल गापाका अध्यक्ष रेशम स्याङ्बोले मृतक मिजारको घरमा अविनाश र उनका छोरा केही दिनअघि पाहुना बनेर आएको बताए । शनिबार एक्कासी कुने गाँउको माथिल्लो भाग भास्सिएर पहिरो लागेपछि स्थानीय बिच भागाभाग चलेको थियो ।

## झ्याप्लेखोला पहिरो : गोरखाको बसबाट निकालियो ५ जनाको शव

आश्विन १३, २०८१

हरिराम उप्रेती



गोरखा — पृथ्वी राजमार्ग अन्तर्गत झ्याप्ले खोलामा पहिरोले पुरिएको अवस्थामा भेटिएको गोरखाको लापुबाट छुटेको यात्रुवाहक बसबाट ५ जनाको शव निकालिएको छ ।

शुक्रबार रातिबाट सम्पर्कविहीन बनेको बा ४ ख २२७० नम्बरको बस आइतबार झ्याप्लेखोलामा पुरिएको अवस्थामा फेला परेको थियो । पहिरोमा पुरिएको बसमा सवार ५ जना मृत भेटिएको गोरखा दरौदी यातायात सेवा प्रालिका अन्जन खत्रीले जानकारी दिए । चालक दलका तीन जना र दुई जना यात्रु रहेको पनि उनले बताए ।

सवारी धनीसमेत रहेका चालक भिमसेन थापा गाउँपालिका-४ धावाका मदन परियार, चालक दलका धावा घर भएका विनय भट्टराई र फुजेलका नवराज तिवारी, धार्चे गाउँपालिका-७ का सुकबहादुर गुरूङको शव भेटिएको उनले बताए ।

अर्का एक यात्रुको भने पहिचान खुल्न सकेको छैन । धार्चे गाउँपालिका-७ लापुवेशीबाट छुटेको बस शुक्रबार रातिबाट सम्पर्कविहीन बनेको थियो ।

## झ्याप्लेखोला पहिरो अपडेटे : अहिलेसम्म ३ वटा गाडीबाट ३५ जनाको शव निकालियो

आश्विन १३, २०८१

कान्तिपुर संवाददाता



काठमाडौँ – पृथ्वी राजमार्गअन्तर्गत धादिङको झ्याप्लेखोलामा ३ वटा गाडी पुरिँदा अहिलेसम्म ३५ जनाको मृत्यु भएको पुष्टि भएको छ । सशस्त्र प्रहरी बल, नेपालका अनुसार उक्त पहिरो एउटा बस र दुइटा माइक्रोबस पुरिएको अवस्थामा भेटिएका हुन् ।

चितवनबाट काठमाडौंका लागि आएको माइक्रोबस पनि आइतबार बिहान पुरिएको अवस्थामा भेटिएको छ । उक्त माइक्रो बसबाट १३ जनाको शव निकालिएको सशस्त्र प्रहरी बल, नेपालले जनाएको छ ।

सशस्त्र प्रहरी बल, नेपालका सह-प्रवक्ता डीएसपी शैलेन्द्र थापाका अनुसार चितवनबाट काठमाडौं आउँदै गरेको बा ३ ज १३४५ नम्बरको माइक्रो बस पहिरोमा पुरिएको हो । डीएसपी थापाका अनुसार उक्त माइक्रो बसबाट ४ महिला र ९ पुरूषको शव निकालिएको छ ।

पहिरोमा अन्य गाडीहरू पनि पुरिएको आशंकामा खोजी कार्य जारी रहेको उनले बताए । त्यही पहिरोमा गोरखाबाट काठमाडौं आउँदै गरेको ना ४ ख २२७० नम्बरको यात्रुवाहक बस पनि पहिरोमा पुरिएको अवस्थामा फेला परेको छ । उक्त बसबाट ८ जनाको शव निकालिएको छ ।

## तामाकोशी जलविद्युत् आयोजना पहिरो : बेपत्ता ३ जनाको शव फेला



आश्विन १४, २०८१

केदार शिवाकोटी

दोलखा – माथिल्लो तामाकोशी जलविद्युत् केन्द्रको बाँधस्थलमा रहेको हेडवर्क्समा पहिरोले पुरिएर बेपत्ता भएका ३ जनाको शव फेला परेको छ ।

आइतबार साँझ प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको टोलीले विद्युत् गृहनजिकै क्षतविक्षतमा ३ जनाको शव फेला पारेको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ । प्रहरीका अनुसार १ जना अझै बेपत्ता रहेका छन् ।

आइतबार साँझ नेपाली सेनाको गरूड गण दोलखामा कार्यरत बैतडीका शंकर चन्द र तामाकोशी जलविद्युत् केन्द्रमा कार्यरत नवलपरासी प्रतापपुरका कृष्णप्रसाद चौधरी र दोलखाको विगु गाउँपालिका-१ स्यालुका ३० वर्षीय जयराम तामाङको शव भेटिएको डीएसपी युवराज खड्काले बताए ।

पहिरोमा परेका नेपाली सेनाका नरेन्द्रबहादुर पाल भने अझै बेपत्ता छन् । उनको खोजी भइरहेको प्रहरीले जनाएको छ । पहिराले विद्युत् सञ्चालन गृह क्षतिग्रस्त बनाएपछि ४ सय ५४ मेगावाटको तामाकोशी विद्युत् केन्द्रको उत्पादन ठप्प भएको छ ।

# जुगलको तेगागाउँ पहिरो : ७ जना अझै सम्पर्क विहीन

आश्विन १४, २०८१

अनिश तिवारी

सिन्धुपाल्चोक – सिन्धुपाल्चोकको जुगल गाउँपालिकाको वडा नम्बर ३ को तेगागाउँमा शनिबार गएको पहिरोमा परी अझै ७ जना बेपत्ता रहेका छन् ।

तेगागाउँमा पहिरोले ३ वटा घर पुरिएका छन् । जुगल गाँउपालिकाका अध्यक्ष रेशम स्याङ्बोका अनुसार माथिल्लो तेगाबाट भूभाग भास्सिएर आएको पहिरोले ध्वस्त तुल्याएको गाँउका स्थानीयको उद्धार प्रयास भइरहेको छ ।

त्यँहा भएको अवस्थाबारे बुझ्न तेगा गएका तेम्बाथानका केही स्थानीय बीच बाटैबाट फर्किएको अध्यक्ष स्याङ्बोले जानकारी दिए । 'गाँउपालिकाबाट नेपाली सेना र अन्य हेलिकप्टर लैजाने प्रयासमा छौँ, तत्काल उद्धारका लागि सुरक्षाकर्मी र अन्यलाई खबर भइरहेको छ, त्यँहा नेटवर्क र बिजुली दुवै नभएकाले सम्पर्क गर्न सकिएको छैन् ,' स्याङ्बोले भने ।

उनका अनुसार पहिरोमा स्थानीय मिङ्मार रिन्जेन शेर्पा , लाक्पा शेर्पा र पेम्बा शेर्पाको घर पुर्ण रूपमा क्षति भएको छ । पहिरोले घर पुरिएकासहित गरी स्थानीय शाङ्मो शेर्पा, ढेन्डु शेर्पा,साडलो शेर्पा ,ढोमा शेर्पा गरी ७ जना सम्पर्कमा छैनन् । जुगल गाँउपालिका-३ का अगुवा साइला शेर्पाले त्यँहा हिडेर जान गाह्रो र जोखिमपूर्ण भएकाले त्यँहाको यर्थाथ विवरण नआइसकेको बताए ।

# मलेखुमा सुख्खा पहिरो खस्दा पृथ्वी राजमार्ग अवरुद्ध

आश्विन १४, २०८१

कान्तिपुर संवाददाता

धादिङ – मलेखुनजिकै पहरेघाटमा सुक्खा पहिरो जाँदा पृथ्वी राजमार्ग अवरूद्ध बनेको छ । पहिरोको कारण सडक अवरूद्ध भएपछि ४ दिन देखि राजधानी भित्रिने र राजधानीबाट बाहिरिने क्रममा रोकिएर रहेका सवारीसाधन पुन रोकिएका छन् ।

८ बजे गएको पहिरो पन्छाउन निर्माणाधीन सडक आयोजनाको मेसिन मगाइएको स्थानीय नीरञ्जन कँडेलले जानकारी दिए ।

पहिरो ठुलो र निरन्तर झरिरहेकाले पन्छाएर सवारीसाधन सञ्चालन हुन केही समय लाग्ने जनाइएको छ । दिनभर काठमाडौँ प्रवेश गर्ने क्रममा रोकिएर बसेका सवारीलाई प्राथमिकतामा राखेर सञ्चालन गरिएको भएपनि साँझबाट उपत्यकाबाट बाहिरिने सवारीलाई यो सडक खण्ड प्रयोग गर्न दिइएको थियो ।

लामो समयको प्रतिक्षा पछि राजधानीबाट बाहिरीने क्रममा रहेका यात्रु राजमार्ग आएर पुन रोकिएका छन् ।

# सुख्खा पहिरो खसेपछि नागढुंगा-मुग्लिन सडक बन्द

आश्विन १४, २०८१

कान्तिपुर संवाददाता

काठमाडौँ – आइतबार साँझबाट एकतर्फी रूपमा सञ्चालनमा आएको नागढुंगा-मुग्लिन सडक फेरि ठप्प भएको छ । सोमबार साँझ मलेखुबाट ५ सय मिटर काठमाडौंतर्फ सुख्खा पहिरो खसेपछि सडक ठप्प बनेको हो ।

अहिले यो खण्डमा यातायात सञ्चालनमा आउन सकेको छैन । सुख्खा पहिरो खसेर सडक अबरूद्ध बनेको नागढुंगा-मुग्लिङ सडक योजना, पूर्वी खण्डका प्रमुख केशवप्रसाद ओझाले बताए ।

उनका अनुसार पहिरो पन्छाउने काम भइरहेको छ । एकतर्फी सञ्चालनमा रहेको सडक दुइतर्फी गर्नेगरी पहिरो पन्छाउने काम भइरहेको बेला थप पहिरो खसेको आयोजनाले जनाएको छ ।

यो सडकको विभिन्न खण्डमा खसेको पुरै पन्छाउन नसक्दा एकतर्फी रूपमा मात्र यातायात सञ्चालनमा आएको छ । सबै पहिरो पन्छाएर दुइतर्फी यातायात सञ्चालन गर्न केही दिन लाग्ने आयोजनाले जनाएको छ ।

# भक्तपुरमा पहिरो, साकेज्युलामा शोक

आश्विन १५, २०८१

तुलाराम पाण्डे

कालीकोट – सान्नीत्रिवेणी-५ साकेज्युलाका २५ वर्षीय गणेश बम भक्तपुरको सूर्यविनायकमा जग्गा भाडामा लिएर टिनको टहरोमा गाईपालन र तरकारी खेती गर्थे । श्रीमती नौ महिनाकी गर्भवती भएकाले दसैंमा घर नगएर परिवारको नयाँ सदस्य सहित तिहारमा गाउँ गएर पूजाआजा र आफन्त भेटघाट गर्ने उनको योजना थियो ।



पहिरोमा परी भक्तपुरको सूर्यविनायक-३ जना आफन्तको ज्यान गुमाएपछि शोकमा परेका गणेश बमको सान्नीत्रिवेणी-५ साकेज्यूलास्थित घरका सदस्य । तस्विर : तुलाराम पाण्डे/कान्तिपुर

आउँदो कात्तिकमा दोस्रो सन्तान जन्मिएपछि घर फर्किने योजना थियो । तर, शनिबार बिहानको पहिरोमा परिवारका तीन सदस्य गुमाएसँगै उनको त्यो योजना अधुरो रह्यो ।

भक्तपुरको सूर्यविनायक-६ मगरगाउँनजिकै भिरालो पाखोमा रहेको उनको टिनको छाना भएको घरमा पहिरो खस्दा २३ वर्षीया पत्नी दमिलाकुमारी शाही, २ वर्षीया छोरी प्रिया बम र १४ वर्षीया साली मनीषाको मृत्यु भएको छ । २५ वर्षीय गणेश बिहान दूध बेच्न गएका बेला भान्सामा खाना पकाउँदै गरेकी पत्नी, छोरी र सालीलाई पहिरोले पुर्दा घटनास्थलमै मृत्यु भएको हो । 'म गाई दुहेर दूध बेच्न गएको थिएँ । टहरोमा पहिरो खसेर तीनै जनालाई च्याप्यो,' उनले भने । बिहान ८ बजेतिर भान्सामा खाना पकाइरहेको बेला माथिबाट पहिरो खसेको हो ।

डाक्टरले अर्को महिना बच्चा जन्मिने समय दिएकाले दसैंमा घर नगएर तिहारमा नयाँ सदस्यसहित घर फर्किने उनको यो जना परिवारमा परेको बज्रपातले चकनाचुर भएको छ । तीन वर्षअघि दमिला गर्भवती भएपछि सुरक्षित बच्चा जन्माउन उनको परिवार कालीकोट छाडेर राजधानी छिरेको थियो । भक्तपुरमा कालीकोटको खाडाचक्र-६ घर भएका उनका ससुरा मानबहादुर शाही ४ वर्षदेखि भाडाको जमिनमा गाईपालन र तरकारी खेती गर्दै जीविका चलाउँथे । केही समयपछि गणेशको परिवार पनि ससुरालीमा आएर बस्न थाल्यो । गत फागुनमा बिरामी भएर सासू बितेपछि विरक्तिएका ससुरा मानबहादुर घरको रेखदेख गर्ने जिम्मा गणेशलाई छाडेर भारततिर गए । ६ भाइमध्येका काइँला गणेशसँग भक्तपुरमा सालो सोवन शाही, साली मनीषा, कान्छो भाइ निर्मल र आफ्नो ३ जनाको परिवारसहित ६ जना बस्थे । मनीषा ८ कक्षामा पढ्थिन् ।

शनिबार विद्यालय र कलेज बिदा भएकाले भाइ निर्मल र सालो सोवन साथीकहाँ गएकाले पहिरोबाट जोगिए । 'कालीकोटमा त पहिरोको सधैं डर हुन्थ्यो,' निर्मलले भने, 'राजधानी आउँदा पनि पहिरोबाटै आफन्त गुमाउनुपर्यो ।' उनी पढाइसँगै दाइभाउजूलाई घरको काममा पनि सघाउँथे । पहिरोले घर भत्किएको देखेपछि आत्तिँदै छिमेकीलाई खबर गरेका गणेशले प्रहरी घटनास्थल आउनै आधा घण्टा लागेको सुनाए । प्रहरी आएपछि शव निकाल्ने र घटनास्थलको मुचुल्का गर्ने काम भए पनि शनिबार पोस्टमार्टम हुन सकेन । भारतमा रहेका दुई दाजु र ससुरा सोमबार आइपुगेपछि दाहसंस्कार गरिने कालीकोट घर भएका आफन्त दुग्गल बमले बताए ।

भक्तपुरमा परिवारका ३ जना पहिरोमा परेको खबर सुनेर उनको साकेज्युला शोकमा छ । 'दुःखारीलाई जहाँ गए पनि दुःखै हुने रहेछ । परिवार पाल्न सजिलै छ भन्थ्यो, दुःखद् खबर सुनियो,' घरमा रहेका गणेशका माइला दाजु राजेन्द्रले भने । उनका जेठा दाजु दुर्गबहादुर र राइँलो भाइ नवीन भारत छन् । साइँला भाइ मनोज र राजेन्द्र मात्र घरमा छन् । गणेश भिन्न भएका थिए भने अरु ५ भाइ संयुक्त रुपमा बस्छन् ।

पहिरोमा ज्यान गुमाएको बमको परिवारका सदस्यको दाहसंस्कारका लागि सान्नीत्रिवेणी गाउँपालिकाले ३० हजार र पालिका अध्यक्ष मोहनबहादुर केसी, उपाध्यक्ष पार्वती सिंह सन्न्याल, प्रमुख प्रशासकीय अधिकृत प्रेमबहादुर बडुवालसहितका शाखा प्रमुख तथा कर्मचारीले सहयोग गरेको १५ हजार गरी ४५ हजार रूपैयाँ संकलन भएको पालिकाका कर्मचारी मनोजप्रसाद देवकोटाले बताए । उनका अनुसार संकलन भएको रकम आइतबार गणेशका दाजु राजेन्द्रलाई हस्तान्तरण गरिएको छ ।

# सुख्खा पहिरो खसेपछि पाल्पाको रम्भा गाउँपालिका पहुँचमार्ग अवरूद्ध

आश्विन १६, २०८१

माधव अर्याल

पाल्पा — सुख्खा पहिरो खसेपछि पाल्पाको रम्भा गाउँपालिका पहुँचमार्ग तीन दिनदेखि अवरूद्ध छ । सिद्धार्थ राजमार्गको अगाहाखोला लसुनेदेखि रम्भा गाउँपालिका कार्यालय खोकखोला जाने सडकमा ठूल्ठुला ढुंगासहितको पहिरो सोमबार दिउँसो खसेको हो ।



सोमबार दिनभर डोजर राजमार्गअन्तर्गत अगाहाखोला लसुने बजारमा खसेको पहिरो पन्छाउन व्यस्त भएकाले नसकिएको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए । मंगलबार दिनभर डोजर लगाए पनि ठूला ढुंगा भेटिएकाले समस्या भएको उनले बताए ।

'पहिरो धेरै ठूलो छ,' उनले भने, 'जसले गर्दा डोजरले काम गर्न नसकेपछि ब्रेकर लगाएर फुटाल्नुपर्ने अवस्थामा छ ।' बुधबार दिनभरमा डोजरमा ब्रेकर जोडेर काम गर्ने र पहुँचमार्ग खुलाउने प्रयास गरिने उनले बताए ।

दुई तर्फबाट डोजर लगाए पनि माथिल्लो भागबाट सुख्खा पहिरो खस्न नरोकिएकाले समस्या भएको हो । गाउँपालिकामा हुँगी, पिपलडाँडा, फोक्सिङ्कोटलगायतका क्षेत्रका बासिन्दा यही सडक प्रयोग गर्छन् । त्यस्तै माथिल्लो फाँट, चिदीपानीका केही भागका साथै पिपलडाँडा र हुमीनको तल्लो भागका बासिन्दा पनि राजमार्गको पहुँच यही सडक भएर गर्ने गर्छन् ।

# नागढुंगा-मुग्लिन सडकमा ५ सय पहिरो, त्रासमा यात्रा

आश्विन १७, २०८१

विमल खतिवडा

मलेखु, धादिङ — काठमाडौंका लागि भोजपुरबाट सोमबार मध्याह्न १२ बजे गाडी चढेका गगन तामाङ मंगलबार साढे ४ बजे झ्याप्ले खोलाको पहिरोमा थिए । ट्राफिक जामका कारण उनी सवार गाडी रोकिएको थियो । निन्याउरो अनुहार लगाएर उनी घरि पहिरो झरेको पहरो नियाल्थे त घरि हातमा बाँधेको घडी हेर्थे । केहीबेरमा गाडीको झ्यालबाट आधा शरीर निकालेर भने, 'कति बेर जाममा बस्नु ! पहिरो खस्ने पो हो कि !'



नागढुंगा-मुग्लिन सडकखण्डमा पहिरोले बिगारेको सडक । तस्बिर : अंगद ढकाल/कान्तिपुर

तामाङ चढेको गाडी करिब १५ मिनेट रोकिएर काठमाडौंतर्फ हुइँकियो । ट्राफिक जाम भएको ठाउँ त्यही हो, जहाँ शनिबार बिहान खसेको पहिरोले दुई वटा माइक्रोबस र एउटा बस पुरेको थियो । उक्त दुर्घटनामा ३५ यात्रुको मृत्यु भयो । अहिले यस खण्डको पहिरो पन्छाएर दुईतर्फी यातायात सञ्चालनमा ल्याइएको छ । यही सडक भएर मुग्लिनतर्फ अघि बढ्दा जताततै पहिरो खसेको भेटिन्छ । नागढुंगादेखि मलेखुसम्म सानाठूला ५ सयभन्दा बढी स्थानमा पहिरो छ ।

सवारी आवागमन खुलाउने गरी सडकको पहिरो पन्छाइएको छ । कतिपय ठाउँमा पहिरो पूरै नपन्छाइएकाले सडक साँघुरिएको छ । नागढुंगा सुरूङको मुखनेर पुगेपछि भने पहिरोका कारण सहजै दुईतर्फी सवारीसाधन गुडाउन कष्ट छ । कतै

लेदो माटोले सडक ढाकेको छ, कतै धूलैधूलो छ । पक्की पुलहरूमै दुईतर्फी यातायात सञ्चालनमा समस्या छ । नागढुंगादेखि मुग्लिनसम्मै सडक अस्तव्यस्त छ ।



ट्राफिक जामको सास्ती उस्तै छ । कतै सडकको लेन मिचेर चलाइनाले त कतै बीचैमा बिग्रिने सवारीसाधनले ट्राफिक जाम थपेको छ । जामले चालक र यात्रु हैरान देखिन्छन् । कुन बेला कहाँ जाम हुने हो, पत्तो हुँदैन ।

नारायणगढ-बुटवल सडकको दाउन्ने खण्ड भासिएपछि वैकल्पिक मार्ग प्रयोग गरेर काठमाडौं आउनुपरेको दाङका चालक हेमराज उप्रेतीले सुनाए । 'दाउन्नेको बाटो बन्द भएपछि स्याङ्जा, पोखरा हुँदै यात्रु बोकेर आएको हुँ,' लप्सीखोला, धादिङमा मंगलबार साँझ सवा ५ बजे भेटिएका उनले भने ।



गत बिहीबार साँझदेखि नागढुंगा-मुग्लिन खण्डमा ट्राफिक जाम नभएको दिन छैन । लप्सीखोलाका होटल व्यवसायी शिव दुवाडीका अनुसार केही दिनअघि पोखराबाट हिँडेको गाडी दुई दिनमा आइपुगेको थियो । 'अझै सडक राम्रोसँग खुलिसकेको छैन,' उनले भने । स्तरोन्नतिका नाममा जथाभावी सडक भत्काइएपछि पहिरो खस्ने र ट्राफिक जाम हुने समस्या बढेको दुवाडीले बताए । बाढीपहिरोका कारण बीपी राजमार्ग, भीमफेदी-सिस्नेरी-दक्षिणकाली, कान्ति राजमार्ग बन्द भएपछि नागढुंगा-मुग्लिन सडकमा सवारी चाप बढेको छ । दिनमा २० हजारभन्दा बढी सवारीसाधन यो खण्ड भएर ओहोरदोहोर गर्छन् । मालवाहक, कन्टेनर, ग्यास बुलेट, पेट्रोलियम पदार्थ बोकेका सवारीसाधन पनि यही खण्ड भएर उपत्यका भित्रिन्छन् ।



सवारी चाप उच्च भए पनि त्यसअनुसार सडक पूर्वाधारमा सरकारले ध्यान दिन सकेको छैन । काठमाडौं पुग्न सडक यात्रा सधैं सास्तीपूर्ण हुने गरेको सल्यानबाट काठमाडौं आएका विशाल केसीले बताए । 'सदरमुकामबाट मंगलबार दिउँसो ३ बजे हिँडेको गाडी बल्ल (बुधबार बिहान १० बजे) फिस्लिङको पहिरोमा आइपुगेको छ,' उनले भने, 'सडकको समस्या नभए यतिबेलासम्म काठमाडौं पुगिसकिन्थ्यो ।' उनका अनुसार गाडी नारायणगढ-बुटवल सडकखण्डको दाउन्नेमा मंगलबार राति २ बजे नै आइपुगेको थियो तर बाटो बिहान ५ बजे मात्र खुल्यो । 'हिजोआज कहिल्यै समयमा काठमाडौं पुग्न सकिएको छैन,' उनले भने, 'सधैं कष्टको यात्रा छ ।' झ्याप्ले खोलाको पहिरोमा परी मृत्यु भएका २७ वर्षीय सुकबहादुर गुरूङको शव उनको गाउँ गोरखाको धार्चे गाउँपालिका-७, खानीगाउँ पुर्याउन झन्डै १३ घण्टा लाग्यो ।

राजमार्गमा खसेको पहिरो सडक विभागसँगको समन्वयमा पन्छाउने काम भइरहेको ट्राफिक प्रहरी कार्यालय मुग्लिनका वरिष्ठ सई अशोक बस्नेतले बताए । 'लेन मिचेर सवारीसाधन चलाउँदा जाम बढी भएको छ, लेन मिच्नेलाई पनि सम्झाउनेबुझाउने

गरेका छौं,' उनले भने । उनका अनुसार कहिले हिलो र लेदोसहितको त कहिले सुक्खा पहिरो खसेर सडक अवरूद्ध हुने गरेको छ । पहिरो खस्नासाथ दुईतर्फी यातायात बन्द भइहाल्छ ।





जल तथा मौसम विज्ञान विभागले भारी र अति भारी मनसुनी वर्षा हुने पूर्वानुमान गरेका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले असोज ११ र १२ मा हिमाली र पहाडी जिल्लामा रात्रिकालीन बस नचलाउन सूचना जारी गरे पनि सतर्कता नअपनाइएको गुनासो बढेपछि गृह मन्त्रालयले गत सोमबार धादिङका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख हेरफेर गरेको छ । तत्कालीन प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेलाई मन्त्रालय तानेर उनको ठाउँमा सुमन घिमिरेलाई पठाइएको छ । जिल्ला प्रहरी प्रमुख गौतम केसीलाई प्रहरी प्रधान कार्यालय तानेर उनको ठाउँमा दीपेन्द्र शाहीलाई पठाइएको छ ।



प्रजिअ र प्रहरी प्रमुख फेर्ने गृहले अस्तव्यस्त बनिरहेको नागढुंगा-मुग्लिन सडकलाई सहज बनाउन पर्याप्त प्रहरी भने खटाउन सकेको छैन । पहिरो खस्नासाथ पन्छाउने, सवारीसाधनलाई लेन मिच्न नदिने, सवारीसाधन बिग्रिनासाथ निकाल्ने कार्यमा ढिला हुने गरेको यात्रु तथा सवारी चालकको गुनासो छ । वैकल्पिक मार्गका रूपमा गल्छीबाट विदुर गएर टोखा हुँदै काठमाडौं आउन मिल्छ । धार्के-सीतापाइला हुँदै काठमाडौं निस्कन पनि मिल्छ । तर यी सडकमा ठूला सवारीसाधन चलाउन गाह्रो हुन्छ ।



धादिङका प्रमुख जिल्ला अधिकारी घिमिरेले सडक व्यवस्थित गर्न प्रयास भइरहेको बताए । 'स्थानीय प्रशासनको उपस्थिति कम छैन । दिनरात लागेर सडक खुलाइरहेका छौं,' उनले भने, 'थप प्रहरी परिचालन गरेका छौं ।'

नागढुंगा-मुग्लिन सडक योजना, पूर्वी खण्डका योजना प्रमुख केशवप्रसाद ओझाले दसैंअघि सवारीसाधन राम्ररी चल्न सक्ने अवस्थामा सडक नपुग्ने बताए । 'कतिपय ठाउँमा झरेको पहिरो उठाएर फाल्न समस्या छ । सडक स्तरोन्नतिकै क्रममा छ,' उनले भने, 'दसैंपछि सडक कालो पत्र गर्न थालिन्छ ।' उनले सवारी चाप धेरै भएकाले ट्राफिक व्यवस्थापन गरेर काम गर्नुपर्ने बाध्यता रहेको बताए । 'अहिले धूलो उड्ने समस्या छ, त्यसमा ट्यांकरबाट पानी हाल्ने र हिलो भएको ठाउँमा ग्राभेल राखेर सडक सहज बनाउने काम गरिरहेका छौं ।' ट्राफिक जाम खुलाउन सबै स्रोतसाधन परिचालन गरिएको ओझाले दाबी गरे । '१५/२० ठाउँमा मेसिन तयारी अवस्थामा राखेका छौं,' उनले भने ।

नागढुंगा-मलेखु सडकअन्तर्गत पहिरो खस्ने जोखिम रहेका क्षेत्रमा फुर्के खोला, झ्याप्ले खोला, १३ किमि, चारकिलो, नागढुंगा सुरुङको मुख, खत्रीपौवा आसपास हुन् । 'प्रारम्भिक विवरणअनुसार ५ सयभन्दा बढी ठाउँमा पहिरो खस्ने र सडक भासिने समस्या छ,' ओझाले भने ।

कृष्णभीरमा सडक केही भासिएकाले एकतर्फी यातायात चलाइएको नागढुंगा-मुग्लिन सडक योजना पश्चिम खण्डका प्रमुख केदारप्रसाद नेपालले बताए । 'करिब ५० मिटर सडक भासिएको छ,' उनले भने । दसैंअघिसम्म यस खण्डमा दुईतर्फी यातायात चल्नेछैन ।

पहिरो बढी खस्ने ठाउँमा रातमाटे, शीतलबजार नजिक, मलिंगा, विशाल बजार नजिक, ज्यामिरेघाट, जवाङ खोला, मौवा खोला र घोप्टेभीर रहेका छन् । यी ठाउँमा पहिरो पन्छाउन एक दर्जन मात्र मेसिन व्यवस्थापन गरिएको छ, जुन पर्याप्त छैन ।

## मेची राजमार्गको राजदुवालीमा पहिरो, माइखोला-गोलाखर्क खण्डमा आवागमन ठप्प

आश्विन १८, २०८१
लक्ष्मी गौतम
पाँचथर — पहिरो गएपछि मेची राजमार्गअन्तर्गत इलाम गोलाखर्क खण्डमा आवागमन ठप्प भएको छ । शुक्रबार अपराह्न माथिदेखि पहिरो लडेर सडक नै बगाएपछि यो खण्डमा आवागमन ठप्प भएको हो ।




प्रायः वर्षायाममा भासिइरहने यो सडक मर्मत शुक्रबार नै थालिएको थियो । काम गरिरहेका बखत पुनः पहिरो गएपछि यो खण्ड आज (शुक्रबार)देखि पूर्ण रूपमा बन्द भएको सडक डिभिजन इलामकी इञ्जिनियर मनिषा कट्टेलले जानकारी दिइन् ।

पहिरोसँगै लेदो झरिरहेकाले तत्काल मर्मत कार्य सक्ने सम्भावना नरहेको कट्टेलको भनाइ छ ।

बाटो अवरूद्ध भएपछि पाँचथर र इलामदेखि झापा हुँदै विभिन्न स्थानमा हिँडेका सवारी र यात्रु गोलाखर्क नजिकै र झापा हुँदै इलाम-ताप्लेजुङ-पाँचथर हिँडेका यात्रु माइखोलातिरै रोकिएका छन् । पहिरो पन्छाउने काम पनि भइरहेको छ । सडकमा धेरै क्षति पुगेकाले पन्छाउन समय लाग्ने सडक डिभिजन इलामले जनाएको छ ।

## सुक्खा पहिरो गएपछि सिद्धिचरण राजमार्ग अवरुद्ध

आश्विन २५, २०८१
कान्तिपुर संवाददाता
कटारी (उदयपुर) — सुक्खा पहिरो गएपछि सिद्धिचरण राजमार्गअन्तर्गत उदयपुरको कटारी-घुर्मी सडक अवरूद्ध भएको छ । आज बिहान उक्त सडकखण्डको कटारी नगरपालिका-१४ को भलुवानीमा पहिरो गएपछि सडक पूर्ण रूपमा अवरूद्ध भएको हो ।

इलाका प्रहरी कार्यालय कटारीका प्रमुख प्रहरी नायब उपरीक्षक कमल बजगाईंले ठूलो पहिरो गएकाले सडक अवरूद्ध भएको बताए ।'गएराति पहिरो गएको रहेछ, हाम्रो टोली त्यहाँ पुगिसकेको छ,' उनले भने, 'स्काभेटर, जेसिवीले मात्रै तत्काल अवरूद्ध सडक हटाउन सम्भव नहुने भएपछि ओखलढुङ्गाको हर्कपुरमा रहेको सडक कार्यालयसँग समन्वय गरी ठूलो लोडर माग गरेका छौं ।'

कटारी-१४ का वडाध्यक्ष अम्बरबहादुर मगरले त्यस क्षेत्रमा झण्डै एक सय ५० मिटरभन्दा बढी पहिरोले सडक पुरेको बताउनुभयो । सडक पूर्ण रूपमा अवरूद्ध भई सवारीसाधन आवतजावत गर्नसक्ने सम्भावना नरहेको उनले बताए ।

सडकखण्ड अवरूद्ध भएपछि कोशी प्रदेशका पूर्वी सहरबाट पहाडी जिल्ला खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु जाने र पहाडी जिल्लाबाट तराई क्षेत्रमा आउने यात्रुलाई समस्या भएको छ । यो खण्ड पहाडी जिल्लालाई तराईसँग जोड्ने सबैभन्दा छोटो बाटो हो ।

## पहिरो नपन्छाउँदा चाडपर्वमा सास्ती

आश्विन २९, २०८१
माधव अर्याल
पाल्पा — दुई साताअघि खसेको पहिरो नपन्छाउँदा पाल्पाका ग्रामीण भेगका यात्रुले चाडपर्वमा सास्ती खेप्नु परेको छ । असोजको दोस्रो साताको अविरल वर्षाले बगनासकाली गाउँपालिका-५ दर्लमडाँडामा खसेको पहिरो नपन्छाउँदा आवतजावतमा सास्ती खेप्नु परेको हो ।



पहिरोले दर्लमडाँडासँगै वडा नं ४ को गुडुवाखोला, मलेङ्, ३ को आफर र पाखन्दी, ९ को बझादीलगायतका गाउँका बासिन्दा समस्यामा परेको स्थानीय राजन अधिकारीले बताए । ठूलो पहिरो खसेकाले पैदल यात्रासमेत कठिन भएको छ । 'पहिरोमा भित्ता समाएर हिँड्दा पनि लडियो,' उनले भने, 'समयमा पहिरो पन्छाउन सम्बन्धित निकायको ध्यान पुगोस् ।'

पहिरो खसेको स्थान नजिक खोला किनारमा धान खेत छ । दैनिकजसो धान खेतमा आउन-जान यही बाटो प्रयोग हुन्छ । बाटोमा पहिरो झरेदेखि ढिस्कोमा उक्लिएर जोखिमपूर्ण यात्रा गर्नु परेको स्थानीयले बताए । चार वडाका स्थानीयले चाडपर्वका बेला मात्र होइन खेतीपाती गर्न, घाँसदाउरा गर्न विद्यालय आउ-जाउ गर्न र अन्य अत्यावश्यक कामका लागि हिँडडुल गर्न समस्या भएको छ ।

वैकल्पिक सडक रहेको भए पनि कम्तीमा एक घण्टा बढी यात्रा गर्नुपर्ने हुन्छ । बगनासकाली गाउँपालिका-५ दर्लमडाँडाका वडाध्यक्ष ओमप्रकाश गैरेले स्थानीयले समयमा खबर नगर्दा पहिरो पन्छाउन ढिला भएको बताए । सप्तमीको दिन पहिरो पन्छाउन स्काभेटर पठाए पनि काम नगरी अपरेटर फर्किएको उनले बताए । दसैँका बेला स्काभेटर चलाउने अपरेटर नपाइएकाले अब पूर्णिमा पछिमात्रै पहिरो पन्छाइने उनले बताए । 'डोजर समस्या हैन, अपरेटर नभएर समस्या भएको हो । सडक खुलाउने प्रयास गरिएको छ,' उनले भने ।

## पहिरो झरेपछि बेनी-जोमसोम सडकमा यातायात अवरूद्ध

कार्तिक १९, २०८१
घनश्याम खड्का
म्याग्दी — वर्षासँगै गएको पहिरोले बेनी-जोमसोम सडकको गलेश्वर-पोखरेबगर खण्डमा यातायात अवरूद्ध भएको छ ।

सोमबार दिउँसो ३ बजेदेखि ६.३० बजेसम्म लगातार परेको वर्षापछि रघुगंगा गाउँपालिका-२ बैसरी छेउ सिरूवारी र अन्नपूर्ण गाउँपालिका-६ घारको महभीरमा पहिरो झरेपछि यातायात अवरूद्ध भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

'बेनी-जोमसोम सडकको बैसरी र महभीर दुई स्थानमा पहिरो झरेकोले साँझ ६.१५ बजेदेखि यातायात अवरूद्ध छ । यातायात खोल्ने प्रयास भइरहेपनि पहिरो झरिरहेको र सडक विभागसँग समन्वय भइरहेकोले तत्काल खुल्ने सम्भव भएको छैन,' जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रमुख प्रहरी नायव उपरीक्षक भरत श्रेष्ठले भने, 'राति भयो । पहिरो झरिरहेकोले रिस्क नमोल्नु उपयुक्त हुने देखिएकोले यात्रुलाई सुरक्षित स्थानमा फर्कन भनेका छौं ।'

बेनी-जोमसोम सडकको बैसरीमा वर्षा हुनेबित्तिकै निरन्तर पहिरो खस्ने र यातायात अवरूद्ध हुने गरेको छ । महभीरमा भने गत साउनदेखि पहिरो खस्न थालेको हो । पहिरो सानो भएकोले ढुंगा खस्न रोकिएपछि र स्काभेटर उपलब्ध भए केही घन्टामै यातायात खुल्न सक्ने पनि प्रहरीले जनाएको छ ।

## धादिङ रातोमाटेमा सुख्खा पहिरो, पृथ्वी राजमार्ग अवरूद्ध

पुस ९, २०८१
रमेशकुमार पौडेल
चितवन – पृथ्वीराजमार्गको धादिङ बेनिघाट रोराङ गाउँपालिका-३ रातोमाटेमा सुख्खा पहिरो खस्दा मंगलबार साँझ सडक अवरूद्ध भएको छ । साँझ ५ बजेतिर सडकमा पहिरो खसेको हो ।

ननगढुंगा-मुग्लिन सडक योजना पश्चिम खण्डका सुचना अधिकारी इन्जिनियर सचिन्द्र मिश्रले पहिरो हटाउन उपकरणहरु परिचालन भएको बताए ।

'पहिरोले बाटो रोकिएर गाडीको ठूलै जाम लागेको सूचना छ । हटाउन मेशिन उपकरणहरु गएका छन्,' इन्जिनियर मिश्रले भने । उक्त सडकमा हाल विस्तारको काम भइरहेको छ ।

## कान्ति राजमार्गमा जता हेर्‍यो, उतै पहिरो

पुस १७, २०८१
विमल खतिवडा



बगुवा, ललितपुर – काठमाडौं-हेटौंडा जोड्ने पुरानो सडकमध्ये एक हो, कान्ति राजमार्ग । अहिले यस राजमार्गको अवस्था दयनीय छ । जसोतसो सवारीसाधन गुडेका छन् । जता हेर्‍यो, उतै पहिरो छ । कतै पहिरोले सडक नै लगेको छ । जोखिम र त्रासबीच यो खण्ड भएर मालवाहक, यात्रुवाहक र निजी सवारी साधन ओहोरदोहोर गरिरहेका छन् ।

दुग्धपदार्थ बोकेका ट्यांकर, कुखुरा र तरकारी बोकेका गाडी पनि यही मार्ग हुँदै राजधानी भित्रिन्छन् । यो दुई लेनको सडक हो । पहाड कटिङ गर्न नसकेको खण्डसहित करिब दुई किलोमिटर सडक अहिले पनि एक लेन नै छ ।

नेपाली सेनाको अगुवाइमा २०१३ सालमा सुरू गरी २०१६ सालमा ट्र्याक खोलिएको यो सडकको दूरी ६५ किलोमिटर छ । अहिले ललितपुरतर्फ मात्र दुई दर्जनभन्दा बढी स्थानमा पहिरो खसेको छ । पहिरोले गर्दा सडक साँघुरिएको छ । सडकमाथिको पहिरो पनि अझै पन्छाइसकिएको छैन । जसोतसो पहिरो पन्छाएर यातायातका साधन सञ्चालन गरिएको छ ।

मकवानपुरतर्फ सबैभन्दा बढी पहिरो बकैया गाउँपालिका क्षेत्रभित्रको खण्डमा खसेको छ, जहाँ दर्जनभन्दा बढी स्थानमा पहिरो

खसेको छ । पहिरो पन्छाएर सडकलाई केही सहज बनाइएको छ । यो हेटौंडाबाट काठमाडौं आउजाउ गर्न सबैभन्दा सजिलो मार्ग भए पनि सुधारमा सरकारले बेवास्ता गरेको बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने बताउँछन् ।

'पटक-पटक सडक विभाग र मन्त्रालयलाई सडक सुधार गर्नभन्दा बजेट छैन भन्ने जवाफ आउँछ,' लामिछानेले भने, 'गत असोजमा आएको बाढीले बीपी राजमार्ग बगाउँदा पूर्व जाने सवारीसाधन यही मार्ग भएर गुडेका थिए ।'

तर यही सडकमा हेलचेक्र्याइँ गरिएको उनको गुनासो छ । 'काठमाडौंबाट हेटौंडा तीन घण्टादेखि साढे तीन घण्टामा पुगिन्छ, यो मार्गले मकवानपुरको बकैया, भीमफेदी र मकवानपुरगढी गाउँपालिका र हेटौंडा उपमहानगरपालिका छुन्छ ।'

गत असोजमा आएको बाढीले यही सडकमा बढी क्षति पुऱ्याएको थियो । चालु आर्थिक वर्षमा बहुवर्षीय ठेक्काको प्रक्रिया अगाडि बढाउँदै गर्दा असोजमा आएको बाढीले ठूलो क्षति पुऱ्याएको कान्ति राजमार्ग सडक योजना कार्यालयको प्रमुख रत्नलक्ष्मी बज्राचार्यले बताइन् । 'बाढीपहिरो जानुअघि ललितपुर र मकवानपुरमा गरेर ४ किमि क्षेत्रमा कालोपत्र गर्न बाँकी थियो,' उनले भने, 'यही बीचमा आएको बाढीपहिरोले क्षति पुऱ्याउँदा थप प्रगति हुन सकेन ।'

सडक पुनःस्थापनाका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत अर्थ मन्त्रालयसँग बजेट माग गरेर पठाए पनि अझै बजेट नपाएको बज्राचार्यको भनाइ छ । 'यस वर्षका लागि करिब ५५ करोड मागेका थियौं, अहिलेसम्म आएको छैन,' उनले भनिन्, 'पूरै सडक पुनःस्थापना गर्न दुई अर्ब रूपैयाँभन्दा बढी लाग्ने अनुमान छ ।'

रकम मागको विषय भौतिक मन्त्रालयबाट अर्थ पुगेको जानकारी आएको बज्राचार्यले सुनाइन् । 'अर्थबाट गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाटै आउनुपर्ने भनेर फाइल फिर्ता गरिएको बुझिएको छ,' उनले भनिन्, 'तर सबै कुरा बजेट व्यवस्थापनमै अड्किएको छ, थप काम हुन सकेको छैन ।'

नियमित प्रक्रियाअन्तर्गत बहुवर्षीय ठेक्काको सहमति अर्थबाट पाए पुस मसान्तभित्र ठेक्का प्रक्रिया अघि बढाइने बज्राचार्यले जनाइन् । 'ललितपुरको टीकाभैरवबाट तीनपानेसम्म धेरै नै सडक बिग्रिएको छ, यस कार्यालयबाट अध्ययन भएको छ, प्रतिवेदन आइसकेको छैन,' उनले भनिन्, 'पुस अन्तिमसम्म आइसक्छ । माघ दोस्रो सातासम्म ठेक्का प्रक्रिया सुरू गरी चैत पहिलो साताभित्र निर्माण सुरू गर्ने योजना छ ।' सडक सुधारभन्दा पनि बगुवा पुलमा कसरी काम गर्ने भन्ने विषयमा टुंगो लागिनसकेको उनको भनाइ छ ।

बाढीले पुल बगाएको थियो । अहिले खोला तर्काएर बेलिब्रिज राखिएको छ । यही ठाउँमा पुल निर्माणको ठेक्का भइसकेको छ । 'अहिले चालु रहेको पुलभन्दा तीन मिटर तल पक्की पुलको ठेक्का भएर काम हुँदै थियो, बाढीले त्यसमा पनि क्षति गर्‍यो,' बज्राचार्यले भनिन्, 'अहिले पहिलाको डिजाइन पुनर्विचार गरेर काम गर्दैछौं ।'

बजेट अभावमा पुल बन्न नसक्ने अवस्था आए माघभित्रै बेलिब्रिजको ठेक्का गरेर काम अघि बढाइने बज्राचार्यको भनाइ छ । ' मकवानपुरतर्फ पहिरो सफा गरेपछि सडक बिग्रिएन, ललितपुर खण्डमा सडक पहिरोले सडक नै लगेको छ,' उनले भनिन्, 'चार किमिभन्दा बढी सडकमा यस्तो समस्या छ ।' बजेट उपलब्ध गराउन मन्त्रालय लागिरहेको भौतिक सचिव केशवकुमार शर्माले जनाए ।

'यो सडक आवश्यक छ,' उनले भने, 'त्यहीअनुसार मर्मतसम्भार गर्छौं ।' ललितपुरको सातदोबाटोबाट हेटौंडाको बुद्धचोकसम्मको दूरी ९१ किमि छ । चापागाउँ खण्डमा भने यो सडक साँघुरो भएकाले दैनिक ट्राफिक जामको समस्या हुने गरेको छ ।

२०५५ सालमा वाग्मती नदीमा पुल बनेपछि हेटौंडाबाट बगुवासम्म र ललितपुरबाट भट्टेडाँडा हुँदै सडक जोडिएको पूर्वसचिव अर्जुनजंग थापाले बताए । 'यस राजमार्गको काल्चेभीर, ठिंगनमा पहिरोको जोखिम बढी छ, बेला-बेलामा ठूलो पहिरो खस्ने गरेको छ, बगुवामा एक लेन पुल छ, २० मिटर असोजको बाढीले बगायो,' उनले भने, 'त्यसैले पहिलाको हिसाबमा यो आवश्यक सडक हो, ललितपुरको दक्षिणी भेगलाई सहज गरेको छ, विशेषगरी दूध, तरकारी लगायत उत्पादित कृषि फसललाई छिटो बजार पुऱ्याउन सघाएको छ ।'

काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) सञ्चालनमा आएपछि भने यसको महत्व घट्ने थापाको भनाइछ । उक्त राजमार्गले संघीय राजधानी काठमाडौं र वागमती प्रदेश राजधानी हेटौंडा जोडेको छ ।

# महाकाली राजमार्गमा पहिरो खस्दा सडक खनिरहेको जेसीबी पल्टियो, चालक घाइते



माघ ११, २०८१
मनोज बडू
दार्चुला — दार्चुलाको महाकाली नगरपालिका-५ ठड्याभीरमा सडक बनाउने क्रममा पहिरो खस्दा एक्साभेटर (जेसीबी) पल्टिएको छ । शुक्रबार बिहान सडक माथिबाट सुख्खा पहिरो खस्दा सडक खनिरहेको जेसीबीलाई पनि नदीतर्फ खसालेको हो । दुर्घटनामा जेसीबीका चालक घाइते भएका छन् ।

पहिरोले एक्साभेटर खसालेको र चालक जाजरकोटको जुनीचाँदे गाउँपालिका-११ घर भएका २६ वर्षीय रेशम बुढामगर घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पहिरोले स्काभेटरमा पुरिएका चालकको सुरक्षाकर्मीले उद्दार गरेर जिल्ला अस्पताल पुर्याएका छन् ।

प्रदेश ०३ -०१- ००३ क ७४०५ नम्बरको एक्साभेटर महाकाली नदी किनारसम्म पुगेको छ । सडक माथिबाट पहिरो खस्दा महाकाली राजमार्ग अवरूद्ध बनेको छ ।

# सिन्धुपाल्चोक भूकम्प : भोटेकोशीमा सुख्खा पहिरो, सामान्य भौतिक क्षतिमात्रै

फाल्गुन १६, २०८१
कान्तिपुर संवाददाता
काठमाडौँ — सिन्धुपाल्चोकको भैरवकुण्ड आसपास केन्द्रविन्दु भएर शुक्रबार बिहान गएको ६.१ रिक्टर स्केलको भूकम्प गएको छ । तर भूकम्पबाट कुनै मानवीय तथा ठूलो भौतिक क्षति नभएको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता डीआईजी दिनेशकुमार आचार्यका अनुसार मध्यरातमा भूकम्प गएपनि कुनै मानवीय क्षति भने भएको छैन । भूकम्पबाट ठूलो भौतिक क्षति भएको जानकारी समेत नआएको उनले बताए ।

'भूकम्पको केन्द्रविन्दु सिन्धुपाल्चोकमा सामान्य क्षति देखिएको छ, त्यसबाहेक कुनै मानवीय र ठूलो भौतिक क्षति भएको जानकारी आएको छैन,' डीआईजी आचार्यले भने, 'सिन्धुपाल्चोकको भोटेकोशी क्षेत्रमा एक ठाउँमा सुख्खा पहिरो खसेको छ । त्यसबाट पनि क्षति भएको छैन ।'

सिन्धुपाल्चोकमै भाग्नेक्रममा लडेर एक कैदीको हात भाँचिएको प्रहरीले जनाएको छ । उनको जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।

नेपाल भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार आज बिहान २:५१ बजे भूकम्प गएको थियो । काठमाडौं उपत्यकासहित देशका विभिन्न भाग तथा दार्जिलिङलगायत भारतमा समेत भूकम्पको धक्का महसुस गरिएको थियो ।

## ठण्याकाठामा पहिरो : खंलगा-गोकुलेश्वर सडक खण्ड अवरूद्ध

फाल्गुन १६, २०८१

मनोज बडू



दार्चुला – महाकाली नगरपालिका-५ किम्तडीस्थित ठण्याकाठा भिरमा लेदोसहितको पहिरो खस्दा दार्चुला-गोकुलेश्कर सडकखण्ड अवरूद्ध भएको छ ।

शुक्रबार बिहान लेदोसहित पहिरो खस्दा महाकाली लोकमार्ग अन्तर्गत खंलगा-गोकुलेश्वर सडकखण्ड अवरूद्ध भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय दार्चुलाका अनुसार केही समय पहिले मात्रै मर्मतसम्भार सम्पन्न गरिएको किम्तडी ठण्याकाठाभिरमा पहिरो खसेको छ । पहिरोले सडक अवरूद्ध भएपछि सवारी आवागमन बन्द भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक छत्र रावलले बताए ।

सडक अवरूद्ध हुँदा तराईबाट जिल्ला सदरमुकामको लागि छुटेका तथा जिल्लाबाट बाहिरिने सवारी र यात्रु बाटोमै अलपत्र परेका स्थानीय कृष्णानन्द बडूले बताए । बिहीबार दिउँसोदेखिको लगातारको पानी नरोकिए पनि पहिरो पन्छाउने तयारी भइरहेको प्रहरी निरीक्षक रावतको भनाइ छ ।

## सुख्खा पहिरो हटाएसँगै बेंसीसहर-चामे सडक सञ्चालनमा

चैत्र ११, २०८१

आश गुरूङ



लमजुङ–लमजुङको मर्स्याङ्दी गाउँपालिका ४, च्याम्चेको अक्टोपस झरनानजिकैको बक्स कटिङ आडैमा सुख्खा पहिरो जाँदा अवरूद्ध बेंसीसहर-चामे सडक सञ्चालनमा आएको छ ।

प्रहरीका अनुसार सोमबार मध्यान्ह १२ बजेतिर माथिबाट सडक नै भत्काउने गरी खसेको पहिरोसहितको ठूला-ठूला ढुंगा हटाएपछि सडक सोमबार साँझ साढे ५ बजेबाट सञ्चालनमा आएको हो ।

जिल्ला प्रहरी कार्यालय लमजुङका प्रमुख डीएसपी रेशम बोहराले सोमबार दिउँसो अवरूद्ध सडक साढे ५ घण्टापछि सञ्चालनमा आएको बताए । 'पहिरो खसेको जानकारीपछि हामीले तत्काल अस्थायी प्रहरी पोष्ट जगतबाट प्रहरी टोली खटायौं र सडक कार्यालयसँग समन्वय गरेर सडक खुलाउन पहल थाल्यौं । मेसिनरी सामग्री प्रयोग गरेर साढे ५ घण्टामा सडक खुलायौं,' उनले भने । उनका अनुसार सडक खुलेसँगै सवारी साधन गन्तव्यतर्फ गएका छन् ।

सुख्खा पहिरो खसेपछि सडकको अवस्था बुझ्न प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरूङ सहित सुरक्षा निकायका प्रमुख, सडक कार्यालयका प्रमुखसहितको टोली पहिरो प्रभावित क्षेत्रमा पुगेको थियो । पहिरो गएको स्थल लमजुङ सदरमुकाम बेंसीसहरबाट मनाङतर्फ करिब ३२ किलोमिटरको दूरीमा पर्छ ।

## पहिरो खस्दा राप्ती राजमार्ग अवरुद्ध

चैत्र ३१, २०८१

विप्लव महर्जन



सल्यान – लगातारको वर्षासँगै आएको पहिरोले राप्ती राजमार्ग आज दिउँसो ३ बजेदेखि अवरूद्ध भएको छ । कपुरकोट गाउँपालिकाको चोरखोला नजिकै केही स्थानमा पहिरो जाँदा राजमार्ग अवरूद्ध भएको हो ।

राजमार्ग अवरूद्ध हुँदा दर्जनौं यात्रुबाहक गाडी र त्यसमा सवार यात्रु सडकमै अलपत्र परेका छन् । लामो समय सडक नखुल्दा कतिपय हिँडेर आउजाउ गर्न बाध्य छन् भने कतिपय गाडीमै बसिरहेका छन् ।

एक्स्काभेटर लगाएर पहिरो हटाउने प्रयास भए पनि माथिबाट ढुंगामाटो खस्ने क्रम नरोकिएका कारण अहिलेसम्म खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी बाबुराम बस्नेतले बताए ।

रात परेको र पहिरो खस्ने क्रम पूर्ण रुपले नरोकिएकाले यातायातका साधनलाई वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको उनले बताए । चोरखोला आसपासमा सडक स्तरोन्नति भइरहेको र सडकमा थुपारेको ढुंगामाटो, बालुवा र हिलोले यात्रुलाई सास्ती भएको छ ।

## दाउन्नेमा सुक्खा पहिरो, वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह

वैशाख ९, २०८२

नवीन पौडेल



परासी – पूर्व-पश्चिम राजमार्गअन्तर्गत पूर्वी नवलपरासीको विनयी त्रिवेणी गाउँपालिका-२ स्थित दाउन्नेमा सुक्खा पहिरो गएको छ । बुटवल-नारायणगढ सडक विस्तार क्रममा पहाड काट्ने र पर्खाल लगाउने काम भइरहेको समयमा पहिरो गएको हो ।

पहिरो खसेपछि साना सवारी र यात्रुवाहक बसका यात्रुलाई झारेर सवारी पास गराइएको जिल्ला प्रहरी कार्यालय पूर्वी नवलपरासीका प्रमुख प्रहरी उपरीक्षक यादव ढकालले बताए । 'अहिलेसम्म यात्रुवाहक सवारी रोकिएको छैन । तर, पहिरोका कारण जुनसुकै समय बन्द हुन सक्ने भएकाले यात्रुलाई वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गर्छौं,' ढकालले भने, 'पानी पर्‍यो भने झन् समस्या थप हुन्छ । सडक विभाग र प्रशासनसँग समन्वय गरेर मर्मत र विकल्पको विषयमा छलफल भइरहेको छ । '

दाउन्ने सडकखण्डको विश्वकर्मा बाबाको मन्दिर नजिकै पहिरो गएपछि अहिले त्यहाँ माटो राखेर पुर्ने काम भइरहेको छ । यो खण्डमा सञ्चालन हुने मालवाहक र ठूला सवारीलाई पूर्वतर्फ दुम्कीबास र पश्चिमतर्फ बर्दघाटमा रोकिएको छ । सडक एकतर्फी भएपछि दाउन्नेमा सवारीको जाम लागेको छ ।

## दाउन्नेमा सुक्खा पहिरो खसेपछि पहाड काटेर डाइभर्सन बनाइँदै



वैशाख ९, २०८२
नवीन पौडेल
परासी — पूर्व-पश्चिम राजमार्गअन्तर्गत पूर्वी नवलपरासीको विनयी त्रिवेणी गाउँपालिका-२ स्थित दाउन्नेमा सुक्खा पहिरो खसेको स्थानमा मर्मत र डाइभर्सन निमार्णको काम भइरहेको छ ।

बुटवल-नारायणगढ सडक विस्तार क्रममा पहाड काट्ने र पर्खाल लगाउने काम भइरहेको समयमा पहिरो खसेको थियो । अहिले दुवैतर्फ यातायात बन्द गरेर पहिरो खसे को क्षेत्रभन्दा उत्तरतर्फ पहाड काटेर डाइभर्सन बनाउने काम भइरहेको पूर्वी नवलपरासीका प्रहरी उपरीक्षक यादव ढकालले बताए ।

यो खण्डमा सञ्चालन हुने मालवाहक र ठूला सवारीलाई पूर्वतर्फ दुम्कीबास र पश्चिमतर्फ बर्दघाटमा रोकिएको छ । सडक बन्द भएपछि दाउन्नेमा सवारीको जाम लागेको छ । पानी पर्दा हिलो, घाम लाग्दा धुलोले आजित भएका यात्रुले अहिले सुक्खा पहिरो खसेपछि थप सास्ती पाएका छन् ।

## वर्षासँगै पहिरो जाँदा मूलघाट-छिम्सुवा सडक अवरुद्ध



वैशाख २८, २०८२
रमेशचन्द्र अधिकारी
धनकुटा — अत्यधिक वर्षासँगैको पहिरोले आइतबार साँझदेखि धनकुटाको मूलघाट-छिम्सुवा सडक खण्ड अवरूद्ध भएको छ । धनकुटा नगरपालिका-९ देखि भोजपुर र उदयपुर जिल्ला त्रिवेणीसम्म जोड्ने उक्त सडक बन्द भएपछि त्यस क्षेत्रका जनजीवन प्रभावित बनेको छ ।

सिरसिरेमा पहिरो खसेर सडक अवरूद्ध बनेको प्रहरीले जनाएको छ । बेलुकी ६ बजेदेखि सडकमा साना ठूला सवारी ठप्प भएको छ । जसकारण छिम्सुवा, साप्तिङटार, गोपालपुर, घंगरु, त्रिवेणी हुँदै भोजपुर र उदयपुर आतेजाते गर्ने यात्रु प्रभावित छन् ।

सडकमा थुप्रिएको माटो पन्छाउन एक्स्काभेटर प्रयोग गर्न वर्षा र अत्यधिक हिलोका कारण कठिन भएको प्रहरीले जनाएको छ । सोमबार बिहानैदेखि सडक खुलाउने काम गरिने जिल्ला ट्राफिक प्रहरी प्रमुख मनोज खड्गाले जानकारी दिए ।

उक्त सडक खण्डमा वैकल्पिक सडकसमेत नभएपछि समस्यामा परेको स्थानीयको गुनासो छ । सहिद भूमिबाट मूलघाटसम्म चुनढुंगासमेत ओसारपसार गरिदा पछिल्लो समय सडकको दुरावस्था बनेको छ ।

## अनुमतिबिना प्लटिङ, सामुदायिक वनमा पहिरो

जेष्ठ ४, २०८२

कान्तिपुर संवाददाता

तस्बिर : अंगद ढकाल । कान्तिपुर



काठमाडौं — भक्तपुरको सुर्यविनायक नगरपालिका-९ स्थित काक्रेबारीमा भइरहेको प्लटिङले सामुदायिक वन मिचेको भन्दै प्रहरीले थप काम गर्न रोकेको छ । भक्तपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गोपाल अर्यालले नियमविपरीत प्लटिङ भईरहेको बताए ।

उनले भने, 'केही सार्वजनिक जग्गा मिचिएको देखिन्छ । तत्काल काम रोकेर छानबिन गर्न प्रहरीलाई भनेको छु ।' प्रजिअ अर्यालले हाउजिङ कम्पनीले उपत्यका विकास प्राधिकरण र नगरपालिकाबाट पनि स्विकृती नलिएको बताए ।

प्रहरी परिसर भक्तपुरका प्रहरी उपरिक्षक माधव बुढाथोकीले भने प्रमुख जिल्ला अधिकारीको पत्र पछि हामीले स्थलगत अध्ययन गरेर प्लटिङको काम रोकीसकिएको बताए । उनले भने, 'दस दिन अघि नै हामी फिल्डमै गएर काम रोक्न भने का छौं ।' निक भुजिकिक जग्गा विकास आयोजनाले प्लटिङका क्रममा आडैमा रहेको सामुदायिक वन क्षेत्र समेत अतिक्रमण गरेको केही स्थानियहरूले बताए ।



सुरक्षाको कारण बताउँदै नाम उल्लेख नर्गने सर्तमा एक स्थानियले २५ रोपनीभन्दा बढी सामुदायिक वन अतिक्रमण भएको तर शक्तिका कारण कोहीपनि खुलेर बोल्न नसकिरहेको बताए । उनले भने, '१५/२० वटा डोजर रातदिन चलिरहेका छन् । बनको सँधभन्दा माथिसम्मखो स्रिने काम भएको छ । ठाउँ ठाउँमा स-सानो पहिरो गएको छ । यो वर्षामा ठूलो पहिरो गयो भने बस्तीसम्म पुग्छ ।'

## हुम्लामा पहिरो : २ घरमा क्षति, १८ परिवारलाई सुरक्षित स्थानमा सारियो

जेष्ठ ४, २०८२

कृष्णप्रसाद गौतम

सुर्खेत — हुम्लाको नाम्खा गाउँपालिका-६ तिलगाउँमा पहिरो गएपछि २ घरमा क्षति भएको छ भने १८ परिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।

बिहीबार राति ११ बजेतिर लेदोसहितको पहिरो आएको प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले बताए । उनका अनुसार भौगोलिक विकटताका कारण सुरक्षाकर्मीको टोली पुग्न समस्या भएपछि ढिलो गरी घटना सार्वजनिक भएको हो ।

'गाउँमाथि एउटा ताल रहेको गुगल म्यापमा देखियो, त्यही ताल फुटेर गाउँमा क्षति पुगेको आशंका छ, त्यसको पुष्ट्याइएको लागि ५ जना स्थानीयलाई पठाएका छौं, तर टोली अझैसम्म नपुगेकाले केही भन्न सकिने अवस्था छैन,' उनले भने, 'क्षतिको




विवरण पनि अझै आएको छैन ।' उनका अनुसार समुद्र सतहदेखि झण्डै ५ हजार ४ सय मिटरको उचाइमा उक्त ताल छ । अहिले घटनास्थलमा जिल्ला प्रहरी प्रमुखसहित सुरक्षाकर्मीको टोली पुगेको छ ।

प्रमुख जिल्ला अधिकारी पाण्डेयका अनुसार १८ घर उच्च जोखिममा परेपछि ३२ जनालाई खुला चौरमा सारिएको छ । तिलगाउँमा ५० घरधुरीमध्ये १८ घरधुरी बसोबास गर्दै आएका छन् । पहिरोले तिल्चुङ खोलाका ५ वटा काठे पुल बगाएको नाम्खा–६ का वडाध्यक्ष पाल्जोर तामाङले बताए । उनका अनुसार सुरक्षाकर्मीको टोली गाउँमा पुगेकाले क्षतिको विवरण संकलन भइरहेको छ ।

## हिमताल फुटेर तिलगाउँमा पहिरो, बस्ती उच्च जोखिममा

जेष्ठ ४, २०८२

डीबी बुढा



जुम्ला – हुम्लाको नाम्खा गाउँपालिका-६ स्थित थाक्रामा रहेका दुइवटा हिमताल फुटेर बाढी आउँदा तिलगाउँ उच्च जोखिममा छ । वडाध्यक्ष पाल्जोर तामाङले हिमताल फुट्दा लेदोसहितको पहिरो गाउँ आसपास आइपुगेको बताए । 'अहिले पनि लेदो बगिरहेको छ,' वडाध्यक्ष तामाङले भने,'जोखिम कायमै छ । स्थानीय त्रासिद छन् ।'

'हिमताल जेठ १ गते नै फुटेको हो,' उनले भने, 'सुरूमा के हो भन्ने बारेमा अन्योल नै थियो । तर ९ घण्टाको पैदल हिँडेर थाक्रा पुग्दा हिमताल फुटेको थाहा भयो ।'

आइतबार पाँच जनाको टोली हिमताल फुटेको स्थानमा पुगेको छ । वडाध्यक्ष तामाङले भने, 'त्यहाँ दुइवटा हिमताल फुटेको देखियो । त्यसपछि लेदो बगेको रहेछ ।' अहिले तिलगाउँका १९ घरका परिवार गाउँभन्दा टाढाको स्थानमा त्रिपालमा बसेका छन् । त्रिपालमा ३३ जना बसेका छन् । घरधुरी १९ हो तर अवस्था निकै जोखिम छ ।

घटनालगत्तै बाढीको कारण पत्ता लगाउन हिँडेको सुरक्षाकर्मीको टोलीबीच बाटोबाटै फर्किएको थियो । अग्लो ठाउँमा रहेको र त्यहाँ पुग्नका लागि विभिन्न स्वास्थ्य समस्या देखिने भएकोले टोली फर्किन बाध्य भएको प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले जानकारी दिए ।

'स्थानीय पाँच जनाको टोली त्यहाँ पुगेको छ । उनीहरूले देखेको आधारमा रणनीति बनाउनुपर्ने देखिन्छ,' उनले भने ।

# तिलगाउँ पहिरो : त्रासले त्रिपालको बास

जेष्ठ ५, २०८२

डीबी बुढा

जुम्ला – गाउँ आसपासमा लेदोसहितको पहिरो जान थालेपछि पाँच दिनदेखि हुम्ला नाम्खा गाउँपालिका-६ तिलगाउँका स्थानीय विस्थापित बनेका छन् । केही विद्यालयमा आश्रय लिएर बसिरहेका छन् भने केही चौरमा त्रिपाल टाँगेर बसिरहेका छन् । अहिले पनि लेदो झरिरहेकोले उनीहरु गाउँ फर्कन सकेका छैनन् ।

स्थानीयले तत्काल लेदोसहितको पहिरो कताबाट कसरी आएको हो, फेरि आउँछ-आउँदैन भनेर ढुक्क हुन नसकेपछि गाउँ नफर्किने अडान राखेका छन् ।

हुम्लाका प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले पहिरोको विस्तृत अध्ययन नहुँदासम्म नागरिकलाई गाउँ फर्काउन नसकिने बताए । उनले भने, 'प्रारम्भिक अध्ययन अनुसार हिमताल पुगेर लेदोसहितको पहिरो खसेको भन्ने जानकारीमा आएको छ तर खानी तथा भूगर्भविद्को टोली आएर अध्ययन नगर्दासम्म भन्न सकिने अवस्था छैन ।'



बाढी गएको बारेमा गृह मन्त्रालय, विपद् व्यवस्थापन शाखा, खानी तथा भूगर्भ विभागसँग निरन्तर समन्वय भइरहेको बताए । ' खानी तथा भूगर्भविद्ले ईसिमोडलाई अध्ययन गर्न भनिसकेको सुन्नमा आएको छ तर आधिकारिक खबर आइपुगेको छैन,' उनले भने ।

गाउँ नै जोखिममा परेपछि ३२ जनालाई खुला चौरमा त्रिपालमा राखिएको छ । २१ जना महिला ९ जना पुरूष र २ जना बालक छन् । गाउँमा ५० घर रहेकोमा १८ घरपरिवार मात्रै बसोबास गरिरहेका छन् ।

पहिरोले मानवीय क्षति त भएन तर गाउँमा जोखिम देखिएकोले समस्या भएको छ । सदरमुकाम सिमिकोट देखि ११ घन्टाको पैदल दुरीमा पर्छ । सहजैस्र्यमा आउजाउ गर्न कठिन छ ।

'के कारणले पहिरो आयो ? फेरि पनि पहिरो आएर गाउँ नै बगाउने हो कि भन्ने त्रास कायमै छ,' प्रमुख जिल्ला अधिकारी पाण्डेयले भने, 'केन्द्रबाट विज्ञ टोली आएर अब केही हुँदैन । सुरक्षितसँग बस्न सक्नु हुन्छ भन्ने स्थिति नआउँदासम्म घर फर्काउन सकिने अवस्था छैन ।'

अहिले त घरहरू सुरक्षित छैनन् भन्ने नै छ । हिमतालसम्म पुगेका स्थानीयले ताल बनेर भरिएको सबै पानी झरिसकेको जनाएका छन् । तिलगाउँ ३ हजार ८ सय मिटर उचाइमा छ । पहिरो आएको भनिएको स्थान ५ हजार ३ सय मिटर उचाइमा छ । धेरै माथिबाट पहिरो आएकोले जोखिम पनि धेरै छ ।

पहिरोले १५ किलोवाटको जलविद्युत् भवन, मेसिन र कुलोमा सामान्य क्षति पुगेको स्थानीयले बताएका छन् । वडाध्यक्ष तामाङले पहिरोले ४ सय रोपनीमा सिँचाइ गर्ने कुलो र खानेपानीसमेत बगाएको बताए । तिल्चुङ खोलामा रहेका पाँच वटा काठे पुल बगाएको छ ।

वडाध्यक्ष पाल्जोर लामाले तत्काल पहिरो पिडितको उद्धार गर्न माग गरेका छन् । उनले पहिरोको अध्ययन गरेर ढुक्कसँग गाउँमै बस्ने अवस्था सिर्जना गर्न सरकारसँग आग्रह गरेका छन् ।

## साँगामा सुक्खा पहिरो खस्दा मजदुर घाइते

जेष्ठ ११, २०८२
रासस
काठमाडौँ – अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-साँगा खण्डमा सुक्खा पहिलो खस्दा आज एक मजदुर घाइते भएका छन् ।

सूर्यविनायक नगरपालिका-१० साँगाको झोलुङ्गे पुलमुनि सुक्खा पहिरो खस्दा सडक विस्तारको काम गरिरहेका मजदुर पुरिएर घाइते भएका हुन् । बर्दियाको बारबर्दिया नगरपालिका-५ घर भई हाल सूर्यविनायक-९ पलाँसे बस्दै आएका ५२ वर्षीय तुलाराम थारु घाइते भएका जिल्ला प्रहरी परिसर भक्तपुरले जानकारी दिएको छ । घाइतेको तत्कालै उद्धार गरी उपचारका लागि सूर्यविनायक नगर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

भक्तपुरको जगाती-साँगा खण्ड र साँगा-धुलिखेल खण्डमा भइरहेको सडक विस्तारका क्रममा पहिरो झर्ने समस्या देखिएको छ । सडक निर्माणमा ढिलाइ हुँदा यात्रीले जोखिमपूर्ण यात्रा गर्दै आएका छन् ।

## सीमा क्षेत्रको खकुन्डोलमा पहिरो : दुई बोलेरो र घरमा क्षति

जेष्ठ १३, २०८२
अनिश तिवारी
सिन्धुपाल्चोक – जिल्लाको भोटेकोसी गाउँपालिकाबाट चीन जोड्ने उत्तरी नाका तातोपानी नाकाको खकुन्डोलमा पहिरोले पुरिँदा दुई बोलेरोसहित केही घरमा क्षति पुगेको छ ।



इलाका प्रहरी कोदारीका प्रहरी निरीक्षक जगतबहादुर राईका अनुसार मंगलबार माथिल्लो भेगबाट खसेको सुख्खा पहिरोले भोटेकोसी-४ मा पार्किङ गरेका दुई बोलेरोसँगै केही घरमा क्षति पुगेको हो ।

भोटेकोसी गापा-१ का गंगाबहादुर नेवारको बा १८ च ८६१७ नम्बरको बोलेरो पूर्णरुपमा ध्वस्त भएको प्रहरी निरीक्षक राईले बताएका छन् । 'पार्किङ गरेको एक बोलेरो पूर्णरुपमा क्षतिग्रस्त भएको छ भने अर्को बा ०३० च ७८७४ नम्बरको बोलेरोमा आंशिक मात्र क्षति पुगेको छ,' उनले भने ।

पहिरोमा ठूला चट्टान झर्दा यहाँका स्थानीय साङ्बो शेर्पा र पाल्देन शेर्पाको घरभित्र ढुंगा पुगेर क्षति पुगेको प्रहरीले जनाएको छ ।

बर्खाअघि बाह्रबिसे-तातोपानी २६ किलोमिटर सडकमा यहाँ पहिरो खस्न थालेपछि प्रहरीले सतर्कता अपनाएर आउजाउ गर्न कडाइ गरेको प्रहरी निरीक्षक राईले बताए । 'दुई घरमा सामान्य क्षति पुगेको छ, मानवीय क्षति भने छैन,' उनले भने ।









प्रकाशन मितिः आषाढ २०८२